

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष ३० अंक २३३ २७ असोज २०७९ बिहीबार कार्तिक कृष्णपक्ष चतुर्थी नेपाल संवत् ११४२ राष्ट्रिय संस्करण KANTIPUR, Nepali National Daily, Thursday, October 13, 2022 पृष्ठ १२ १० रुपैयाँ

सुदखोरभन्दा चर्का लघुवित्त

चुनाव मुखमा दलका नेता-कार्यकर्ता जिल्ला र गाउँमा घरदैलोमा,
लघुवित्त संस्थाबाट पीडित भने न्याय माग्दै काठमाडौंमा

विपन्नको उत्थान गर्न खोलिएका लघुवित्त जसरी पनि धेरै मुनाफा आर्जन गर्ने प्रतिस्पर्धामा

●●●

७७ वटै जिल्लामा लघुवित्त कारोबार, करिब ३३ लाख ३१ हजार ऋणीमध्ये ९७ प्रतिशत महिला

●●●

गत वर्ष चैतसम्ममा ४ खर्ब ४९ अर्ब रुपैयाँ कर्जा प्रवाह, १ खर्ब ५० अर्ब रुपैयाँ बचत



विभिन्न जिल्लाबाट आएर काठमाडौंको माइतीघरमा प्रदर्शन गर्दै लघुवित्तपीडित । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

यज्ञ बञ्जाडे (काठमाडौं), **विप्लव महर्जन** (सल्यान), **गगनशिला खड्का** (गुल्मी), **माधव अर्याल** (पाल्पा)

ग्रामीण भेगमा विपन्न र सीमान्तकृत वर्गमा वित्तीय पहुँच विस्तार गर्दै आयआर्जन वृद्धि गर्ने मुख्य उद्देश्यबाट लघुवित्त वित्तीय संस्था विचलित हुँदा उनीहरूविरुद्ध चर्का स्वर उठ्न थालेका छन् । चुनावका मुखमा राजनीतिक दल र तिनका नेता-कार्यकर्ता जिल्ला र गाउँतिर केन्द्रित भइरहँदा लघुवित्त पीडित भने विभिन्न मागसहित 'लघुवित्तीय संस्थाविरुद्धको संघर्ष समिति' का नाममा काठमाडौंमा जम्मा भएर प्रदर्शन गर्न थालेका छन् ।

सल्यानको दार्मा गाउँपालिकास्थित भल्चौरकी सीता कामीले कृषि व्यवसाय तथा घुम्ती पसल गर्न लघुवित्तबाट ऋण लिएकी थिइन्, तर जम्मा ३ लाख ५० हजार ऋण लिन उनले यो क्षेत्रमा सञ्चालित किसान, मिर्मिरे, स्वदेशी, चौतारी, लक्ष्मी, चेतनालगायत लघुवित्तमा तमसुक गरेकी थिइन् । साँवामा मात्र होइन, १८ प्रतिशतको ब्याज पनि तिर्न नसकेपछि उनले लघुवित्तको धम्की र श्रीमान्को कुटाइ खानुपरेको छ ।

शारदा नगरपालिका-२ जोगदेखोलाकी विन्दु विकले घरेलु उद्योग सञ्चालन गर्न चार वर्षअघि विजय, लक्ष्मी र नेपाल लघुवित्तबाट १८ प्रतिशत ब्याजदरमै तीन लाख ऋण लिएकी थिइन् । काम फुकाउन भन्दै उनले यो रकम छिमेकी महिलालाई दिएकी थिइन् । उनले छिमेकीबाट यो रकम फिर्ता पाउन सकेकी छैनन्, लघुवित्तको चर्को ब्याज तिर्न गाह्रो भएको छ । श्रीमान्बाट सहयोगभन्दा दुर्व्यवहार सहनुपरेको छ ।

सामाजिक उत्थानका नाममा खुलेका लघुवित्तले गरिब र निमुखालाई बिनाधितो ऋण दिन्छन्, सामान्य फाराम भरेको भरमा ऋण पनि पाइन्छ । एकातिर ब्याजदर महँगो छ भने अर्कोतिर गाउँमा उद्यम व्यवसाय सफल हुने सम्भावना कम छ । लघुवित्तले ऋण दिँदा महिलालाई प्राथमिकता दिन्छन् तर समयमा चुक्ता गर्न नसक्दा महिलाहरू सामाजिक तथा शारीरिक दुर्व्यवहारबाट पीडित भएका छन् । कतिपय त मानसिक रोगको चपेटामा परेका छन् ।

पाल्पाका लघुवित्त पीडितहरूले आफूहरू अन्यायमा परेको गुनासो गर्दै लघुवित्त संस्थाबाट भएको ज्यादती, डरधम्की रोक्न निवेदन दिएका छन् । तानसेन नगरपालिका, रिब्दीकोट र तिनाउ गाउँपालिकाका पीडित महिलाले त्यस्तो निवेदन दिएका हुन् । मेरो माइको फाइनान्सविरुद्ध उनीहरूले जिल्ला प्रशासनमा उजुरी दिएका हुन् ।

लघुवित्त संस्थाबाट चार जना विस्थापित भइसकेको र २२ जनाले पीडित भएको निवेदन दिएका छन् । जिल्ला प्रशासन कार्यालयमा बुझाएको निवेदनमा तानसेन नगरपालिका-८ की हमिता दर्जी, भिमा दिशुवा, तिलकुमारी दिशुवा र रिब्दीकोट गाउँपालिका-६ की जिता राना विस्थापित भइसकेका छन् । लघुवित्त संस्थाले अत्यधिक ब्याज असुल्ने, ऋण तिर्न नसक्दा विभिन्न गालीगलौज, धम्की दिने गरेपछि उनीहरू विस्थापित भएको बसुन्धरा कार्कीले बताइन् । 'घरमा चाबी लगाइदिनेदेखि लिएर अपशब्दसमेत बोलेर धम्की दिने गरेका छन्,' उनले भनिन् ।

तिनाउ गाउँपालिकाको डुम्रे, मस्याम र तानसेन नगरपालिका-८, डुम्रेका बासिन्दाले न्यायका लागि उजुरी दिएको बताएका छन् । कर्मचारीले थर्काउने, धम्काउने, गालीगलौज गर्ने गरेको पीडित महिलाहरूले बताएका छन् । 'विभिन्न प्रलोभन र आश्वासन दिएर समूह बनाएर सुरुमा ऋण दिन्छन्,' पीडित बसुन्धराले भनिन्, 'पछि ऋण तिर्न नसकेपछि महिलाका गरगहना लग्ने, मोबाइल लगिदिने जस्ता कार्य भइरहेको छ ।'

लघुवित्तहरू ऋणीको हितलाई बेवास्ता गर्दै जसरी भए पनि धेरै मुनाफा आर्जन गर्ने ध्याउन्नमा लागेकाले यस्तो अवस्था आएको र सम्बन्धित निकायले समयमै सम्बोधन नगरे त्यसले उग्र रूप लिन सक्ने जानकारहरू बताउँछन् । अहिले राजधानीमा जम्मा भएका पीडितहरूले लघुवित्त वित्तीय संस्थाको लाइसेन्स खारेजीदेखि सामूहिक रूपमा ऋण मिनाहासम्मको माग राखेका छन् ।

लघुवित्त वित्तीय संस्थाका बेथिति सम्बन्धमा नियामक निकाय राष्ट्र बैंक पनि जानकार छ । सोहीअनुसार अधिकतम ब्याजदर र सेवा शुल्कमा सीमा तोकिएको, नगद लाभांश वितरणमा कडाइलगायत व्यवस्था गरिएको राष्ट्र बैंकको दावी छ । यद्यपि लघुवित्तका समस्या ज्युँका त्युँ रहेको पीडितहरूको गुनासो छ । लघुवित्तका बेथिति कायमै रहनुमा नियामक निकाय राष्ट्र बैंक, सम्बन्धित संस्था र ऋणी सबैको कमजोरी रहेको विज्ञहरू बताउँछन् ।

'राष्ट्र बैंकले प्रभावकारी नियमन गर्न सकेन, संस्थाहरूले आफ्नो मात्र हित हेरे र ऋणीले आफ्नो क्षमता नहेरी पाएको जति पैसा लिए,' राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षत्रीले भने, 'त्यसको परिणाम पछिल्ला वर्षहरूमा देखिन थालेको छ । कतिपय ऋणीहरू ऋण तिर्न नसक्ने अवस्थामा पुगेका छन् । केही स्थानमा ऋण तिर्न नसकेरै आत्महत्या भएका घटना पनि सुनिन थालेका छन् ।'

लघुवित्तहरू आफ्नो उद्देश्यविपरीत नाफामुखी हुँदा कमाइ धेरै हुने गरेको र यसको असर ती कम्पनीको सेयर मूल्यमा पनि देखिन थालेको उनको तर्क छ । **बाँकी पृष्ठ ११**

३ सय ७६ उम्मेदवार फिर्ता

कारबाहीको डरले पछि हटे केही बागी

कलेन्द्र सेजुवाल र मकर श्रेष्ठ (काठमाडौं)

प्रतिनिधिसभा र प्रदेशसभामा उम्मेदवारी दिएका ३ सय ७६ जनाले उम्मेदवारी फिर्ता लिएका छन् । प्रतिनिधिसभामा उम्मेदवारी दिएका १ सय १९ र प्रदेशसभातर्फ २ सय ५७ जनाले उम्मेदवारी फिर्ता लिएका हुन् ।

प्रतिनिधिसभामा २ हजार ५ सय ३१ जनाले उम्मेदवारी दिएकामा फिर्तापछि अब २ हजार ४ सय १२ उम्मेदवार कायम भएको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम पौडेलले बताए । यसमा २ हजार १ सय ८७ पुरुष र २ सय २५ महिला छन् । त्यस्तै, प्रदेशमा अब ३ हजार २ सय २४ उम्मेदवार कायम भएका छन् । यसमध्ये पुरुष २ हजार ९ सय ४३, महिला २ सय ८० जना र तेस्रो लिंगी १ जना छन् । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन चिह्नसमेत प्रदान गरेकाले बिहीबारदेखि उम्मेदवारले मौन अवधि सुरु नहुँदासम्म प्रचार गर्न पाउनेछन् ।

प्रदेशसभाका ५ वटा क्षेत्रमा भने दुई जना उम्मेदवारबीच मात्रै प्रतिस्पर्धा हुने भएको छ । आयोगका अनुसार मुस्ताङ-१ (१) मा दुई जना मात्रै उम्मेदवार छन् । यहाँ एमालेका ५३ वर्षीय इन्द्र धारा डादु बिष्ट र कांग्रेसका ३३ वर्षीय नम्डु गुरुङबीच प्रतिस्पर्धा हुने भएको छ । त्यस्तै बागलुङ-२ (१) मा कांग्रेसका ४३ वर्षीय जितबहादुर शेरचन र स्वतन्त्र उम्मेदवारी दिएका ४२ वर्षीय प्रकाश घर्ती मगरबीच प्रतिस्पर्धा हुनेछ । दुई जना मात्रै प्रतिस्पर्धा हुने अर्को क्षेत्र हो- अछाम १ (१) । जहाँ कांग्रेसका ५७ वर्षीय मेखराज खड्का र एमालेका ६२ वर्षीय देवबहादुर कुँवर भिडदै छन् । अछाम २ (१) पनि २ जना मात्रै प्रतिस्पर्धी छन् । यहाँ एमालेका ५१ वर्षीय भीमबहादुर बिष्ट र माओवादी केन्द्रका ४२ वर्षीय अक्कलबहादुर रावलबीच आम्नेसाम्ने हुने भएको छ ।


प्रतिनिधिसभामा सबैभन्दा कम उम्मेदवार हुम्ला १ मा ३ जना छन् । मनाङमा पनि तीन जना मात्रै छन् । मुस्ताङमा ४ जना, अछाम-२ मा ५ जना उम्मेदवार छन् । गण्डकी प्रदेशसभा सदस्यमा मनाङ-१ (२) बाट दीपक मनाङे (राजीव गुरुङ) निर्विरोध निर्वाचित भइसकेका छन् । प्रदेशमा सबैभन्दा बढी रौतहट-१ (१) मा ३० जनाले उम्मेदवारी दिएका छन् । प्रतिनिधिसभामा भने सबैभन्दा कम ३ जनासम्म उम्मेदवारबीच प्रतिस्पर्धा हुने भएको छ ।

मनाङ र हुम्लामा तीन जना मात्रै उम्मेदवार छन् । मुस्ताङमा चार जना उम्मेदवार छन् । हुम्लामा सत्ता गठबन्धनबाट माओवादीका छिरिङ डम्डुल लामा (भोटे), एमालेका दल रावल र राप्रपाका तेजबहादुर रावलबीच प्रतिस्पर्धा हुने भएको छ । मनाङमा एमालेका पाल्देन छोपाङ गुरुङ, कांग्रेसका टेकबहादुर गुरुङ र राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्य गुरुङबीच घम्साघम्सी हुने भएको छ ।

उम्मेदवारी फिर्ता लिएपछिको विवरण केलाउँदा काठमाडौं-१ मा सबैभन्दा बढी ३२ जना छन् । यसमा २२ जना पुरुष र १० जना महिला छन् । काठमाडौं-४ र मोरङ-३ मा ३१ जना उम्मेदवार छन् । काठमाडौं-७ मा २९ उम्मेदवार रहेका छन् ।

सत्ता गठबन्धनमा रुकुम पश्चिम, रुकुमपूर्व र रोल्पामा मित्रवत् प्रतिस्पर्धा गर्ने 'भद्र सहमति' भएपछि कांग्रेसले रुकुम पश्चिमका प्रतिनिधिसभा र प्रदेशसभाका तीनवटै क्षेत्रमा उम्मेदवार उठाएको थियो । पार्टी सभापति शेरबहादुर देउवाको हस्ताक्षर भएको पत्रसहित रुकुम पश्चिममा प्रतिनिधिसभामा केन्द्रीय सदस्य मानबहादुर नेपाली र प्रदेशसभा १ मा प्रदेश महामन्त्री कृष्णबहादुर रोकाया तथा प्रदेशसभा २ मा जिल्ला सभापति प्रेमप्रकाश वलीले उम्मेदवारी दर्ता गरेका थिए । तर कांग्रेसको उम्मेदवारी ४ दिन पनि टिकेन । पार्टीको निर्देशनमा तीनै जनाले उम्मेदवारी फिर्ता लिएका छन् ।

रुकुम पश्चिममा अर्थमन्त्री एवं माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्मा गठबन्धनका तर्फबाट प्रतिनिधिसभा उम्मेदवार छन् । त्यहाँका दुईवटै प्रदेशसभा क्षेत्र पनि माओवादी केन्द्रले पाएको छ । **बाँकी पृष्ठ ११**




प्रतिनिधिसभा

- उम्मेदवारी फिर्ता **११९**
- कायम उम्मेदवार **१४१२**
  (**महिला २२५, पुरुष २१८७**)

प्रदेशसभा

- उम्मेदवारी फिर्ता **२५७**
- कायम उम्मेदवार **३२२४**
  (**महिला २८०, पुरुष २९४३, तेस्रो लिंगी १**)



शतकछेउ पनि राजनीतिमा सक्रिय महाथिर

सक्रिय राजनीति त्यागेको घोषणा गरेका महाथिरले सन् २०१८ मा पुनः गठबन्धनको नेतृत्व लिएपछि विश्व राजनीतिको चर्चामा आए, त्यतिबेला ९३ वर्ष पुगेका मोहम्मद गठबन्धनको विजयसँगै तेस्रो पटक प्रधानमन्त्री बनेका थिए, उनी प्रधानमन्त्री बन्ने विश्वकै सबैभन्दा बढी उमेरका राजनीतिज्ञ हुन्



ब्लूमबर्ग

बुद्धिसागर मरासिनी (काठमाडौं)

मलेसियामा २४ वर्ष शासन गरेका पूर्वप्रधानमन्त्री महाथिर मोहम्मदले सन् १९९९ को नोभेम्बरमा ११ मा संसद् विघटन गरेर १८ दिनपछि चुनाव गराएका थिए। मनसुन याममा चुनाव गराएका तिनै महाथिरले आगामी दुई महिनाभित्र चुनाव गराउने मलेसियाली प्रधानमन्त्री इस्माइल साब्रीको निर्णयको भने कडा आलोचना गरेका छन्। मनसुन सक्रिय रहेको समयमा चुनाव गराउने काम 'खराब चाल' भएको उनको भनाइ छ।

सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै मोहम्मदले सन् १९९९ को मनसुनमा चुनाव गराउने आफ्नो निर्णयको बचाउमा उत्रिएका छन्। 'त्यति बेला जलवायु परिवर्तनको असर त्यति खराब थिएन तर अहिले भीषण बाढीको समस्या छ। डरलाग्दो हावाहुरी र आँधीबेहरी छ,' उनले भने, 'यो निकै फरक छ।'

साब्रीले सोमबार संसद् विघटन गरी दुई महिनाभित्र मध्यावधि चुनाव गर्ने घोषणा गरेका हुन्। महाथिरले भने आगामी संसदीय चुनावमा भने प्रतिस्पर्धा गर्ने घोषणा गरेका छन्। आफू मलेसियाको मुख्य पर्यटकीय क्षेत्र लंकावीबाट चुनावी मैदानमा उत्रने उनले मंगलबार बताएका हुन्। ९७ वर्षीय महाथिरले आफू तेस्रो कार्यकालका लागि प्रधानमन्त्री बन्ने वा नबन्ने भन्नेचाहिँ प्रस्ट भइसकेको छैन।

महाथिरले संलग्न गठबन्धन गेराकन तनह एयर (जीटीए) ले भने हालसम्म प्रधानमन्त्रीको उम्मेदवार तय गरिसकेको छैन। 'हामी (गठबन्धन) ले निर्णय गरिसकेका छौं। लंकावीमा हाम्रो उम्मेदवार डाक्टर महाथिर मोहम्मद हुन् तर भविष्यको प्रधानमन्त्रीको रुपमा होइन, तर विधायकका रूपमा' मंगलबार उनले सञ्चारकर्मीहरूसँग भने। 'हामीले भविष्यमा को प्रधानमन्त्री बन्ने भन्ने विषयमा भने निर्णय गरिसकेका छैनौं,' उनले भनेका छन्। कोरोना भाइरस संक्रमणको उपचार गराएर अस्पतालबाट डिस्चार्ज भएका महाथिर दुई पटक मलेसियाको प्रधानमन्त्री भइसकेका छन्। सन् १९८१ को जुलाईमा पहिलोपटक प्रधानमन्त्री बनेका उनले सन् २००३ सम्म लगातार २२ वर्ष मलेसियामा शासन गरेका थिए।

सक्रिय राजनीति त्यागेको घोषणा गरेका महाथिरले सन् २०१८ मा पुनः पाकातान हारापन (पीएच) गठबन्धनको नेतृत्व लिएपछि भने विश्व राजनीतिको चर्चामा आएका थिए। त्यतिबेला ९३ वर्ष पुगेका मोहम्मद गठबन्धनको विजयसँगै तेस्रोपटक प्रधानमन्त्री बनेका थिए। उनी प्रधानमन्त्री बन्ने विश्वकै सबैभन्दा बढी उमेरका राजनीतिज्ञ हुन्। चुनावी परिणामसँगै मलेसियामा ६० वर्षमा पहिलोपटक युनाइटेड मलायाज नेशनल अर्गनाइजेशन (यूएमएनओ) सत्ताबाट बाहिरिएको थियो। उक्त चुनावलाई आधुनिक मलेसियाली राजनीतिमा एउटा 'टर्निङ पोइन्ट' का रुपमा मानिन्छ।

आफ्नो सुधारवादी गठबन्धन दुई वर्ष पनि नपुग्दै भत्किएपछि महाथिरले सन् २०२० मा पेजुआङ पार्टी गठन गरी विभिन्न साना दलको नयाँ गठबन्धन निर्माण गरेका हुन्। अभूतपूर्व राजनीतिक र आर्थिक अस्थिरतासँगैको अनिश्चितापछि सन् २०२० को मार्चमा नयाँ प्रधानमन्त्रीका रूपमा मुहिइद्दिन यासिनले पदभार ग्रहण गरे। उनले सन् २०१६ मा सत्तामा रहेको यूएमएनओबाट निस्कासित यासिनले महाथिर र अन्वर इब्राहिमजस्ता चर्चित नेतासँग मिलेर पीएच नामक बहुजातीय गठबन्धन बनाएका थिए। भ्रष्टाचारविरुद्धको आक्रोशलाई प्रमुख मुद्दाका रूपमा अघि सारेको गठबन्धनले यूएमएनओको नेतृत्वको बारिसान नासिओनाल (बीएन) गठबन्धनलाई पराजित गरको थियो।

निर्वाचनका लागि बनाइएको पाकातान गठबन्धनमा विभिन्न पार्टी थिए। मलेसियाली जनताले पुराना पार्टीलाई बेवास्ता गरी नयाँ गठबन्धनलाई समर्थन गर्नुमा पूर्वप्रधानमन्त्री महाथिरको भूमिका महत्त्वपूर्ण रहेको बताइन्छ। त्यसका साथै वर्षौंदेखि भ्रष्टाचार र शक्तिको दुरुपयोगविरुद्ध अभियान सञ्चालन गर्दै आएका नागरिक समाज र सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि पाकातानलाई समर्थन गरेका थिए।

महाथिर त्यतिबेला तत्कालीन प्रधानमन्त्री नजिब रजाक र उनकी पत्नी रोज्माह मान्सोरलाई चोरको संज्ञा दिँदै चुनावी अभियानमा होमिएका थिए। तर, सन् २०१८ को मतदानका दिनसम्म पनि बारिसानलाई हराउन सकिन्छ भन्नेमा उनीहरूबीच शंका थियो।

चुनावी अभियानका क्रममा पीएच गठबन्धनले जनजीविकाका सवाल, बढ्दो महँगी र अलोकप्रिय बिक्री करजस्ता विषयलाई बुलन्द रूपमा उठाएका थिए। जसका कारण मलेसियाली जनता पीएच र बारिसन गठबन्धन र पीएएस नामक इस्लामिक पार्टीको समर्थनमा विभाजित भए। पछि सन् २०२० मा मुहिइद्दिनकाले ३० भन्दा बढी सांसदसँग मिलेर सरकार ढाले र आफ्नो पुरानो पार्टीसँग गठबन्धन गरे। महाथिर र अन्वरबीच करिब तीन दशकअघिदेखि तिक्ततापूर्ण सम्बन्धका कारण पाकातान हारापन गठबन्धन लामो समय टिक्न नसकेको हो। उनी कुनै बेला महाथिरका घोषित उत्तराधिकारी थिए। तर महाथिरका कारण आफू ५ वर्षका लागि जेलजीवन बिताउन बाध्य एको अन्वरले आरोप लगाउँदै आएका थिए।

तर, दुई नेताबीचको तिक्तता अन्त्य भएसँगै चुनावी मैदानमा होमिए र चुनावी अभियानको नेतृत्व गरेका महाथिर प्रधानमन्त्री बन्नेमा सहमत भए। दुई नेताबीचको सहमतिअनुसार महाथिरले दुई वर्षपछि अन्वरलाई प्रधानमन्त्रीको पद हस्तान्तरण गर्नुपर्ने थियो। तर त्यसको स्पष्ट मिति नतोकिएका कारण विवाद उत्पन्न भयो। त्यसका साथै उनीहरूबीच आर्थिकलगायतका मुद्दामा समेत विमति उत्पन्न भएको थियो। अन्वरले आफ्ना समर्थकसँग गठबन्धनविरुद्ध 'कू' भएको तर त्यसमा मोहम्मदको हात नरहेको बताएका थिए। त्यसका साथै, मलेसियाका संवैधानिक राजा अब्दुल्लाले पनि सरकार गिराउन भूमिका खेलेको दावी गरिएको थियो। मलेशियाका सुल्तानहरूसँग महाथिरको पटकपटक द्वन्द्व भएको थियो। खासगरी सन् १९८३ र सन् १९९३ मा उनले राजाको अधिकार निर्धारण गर्नेगरी संवैधानिक परिवर्तनका लागि वकालत गरेका कारण उनीहरू चिढिएका थिए।

यसैका कारण राजाले मुहिइद्दिनसँग नयाँ सरकार गठन गर्न आवश्यक सांसद संख्या रहेको भन्दै प्रधानमन्त्री बनाएका थिए। मलेसियाको इतिहासमै सबैभन्दा छोटो समय १७ महिना प्रधानमन्त्री बनेका मुहिइद्दिनले संसद्मा बहुमत गुमाएपछि सन् २०२१ को अगस्टमा राजीनामा दिएका थिए।

आफ्नो छत्रछायामा राजनीतिमा हुर्केका पूर्वप्रधानमन्त्री रजाक १-एमडीबी कोषको रकम हिनामिनामा मुछिएका कारण आफूले पुनः देशका नेतृत्व लिनुपरेको मोहम्मद बताउँछन्। आगामी चुनावमार्फत सत्तामा पुगेको खण्डमा यूएमएनओले रजाकलाई माफी दिने उनको भनाइ छ। उक्त दलले जनतालाई ठूलो रकम बाँडेर चुनावमा विजयी हुने खेलमा रहेको महाथिरको दावी छ। यूएमएनओका अध्यक्ष अहमद जाहिद हमिदीमाथि पनि विभिन्न आर्थिक अपचलनसँग सम्बन्धित एक दर्जन मुद्दा चलिरहेका छन्। भ्रष्टाचार मुद्दामा दुई वर्षअघि दोषी ठहर रजाकलाई १२ वर्षका लागि गत अगस्टमा जेल चलान गरिएको हो। संघीय अदालतमा उनले दिएको पुनरवेदन अस्वीकृत भएसँगै उनी जेल जान बाध्य भएका हुन्।

मलेसियाको एक अदालतले रजाकलाई सन् २०२० को जुलाईमा सम्पत्ति शुद्धीकरण, शक्तिको दुरुपयोग र भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको थियो। उनले १-एमडीबीको पूर्वइकाइ एसआरसी इन्टरनेसनलबाट अवैध रूपमा ९४ लाख अमेरिकी डलर आफ्नो व्यक्तिगत खातामा सारेको फैसला गर्दै १२ वर्षको जेल सजाय सुनाएको थियो। रजाक जेल चलान भएको करिब एक सातामा उनकी पत्नी रोज्माह मान्सोरलाई पनि मलेसियाली अदालतले सम्पत्ति शुद्धीकरण र कर छलीको आरोपमा १० वर्षको जेल सजाय सुनाएको थियो। 'वर्तमान सरकार भ्रष्टाचार नियन्त्रण गर्न केन्द्रित नै छैन। भ्रष्टाचारीलाई उन्मुक्ति दिइरहेको छ। वास्तवमा, यो सरकार नै भ्रष्ट छ,' महाथिरले भन्दै आएका छन्।


भ्रष्टाचारसँगै मुद्रास्फीति र बेरोजगारीको समस्याका कारण आफू पुनः चुनावी मैदानमा होमिन बाध्य भएको महाथिरको भनाइ छ। 'त्यसकारण मलेसियाले राजनीतिमा होइन, मुद्रास्फीति र यसको अर्थतन्त्रमा केन्द्रित हुनुपर्छ,' उनले भनेका छन्। सन् १९२५ को जुलाई १० मा जन्मिएका महाथिरले सिंगापुरको किङ एडवार्ड कलेजबाट एमबीबीएस गरेको हुन्। त्यसलगत्तै केही समय सरकारी सेवामा बिताएका मोहम्मद सन् १९६४ मा पहिलो पटक संघीय सांसद बनेका हुन्। सन् १९८१ को जुलाई १६ मा ५६ वर्षको उमेरमा उनी पहिलोपटक प्रधानमन्त्री बने। महाथिरको प्रधानमन्त्री कालमा मलेसियाले आर्थिक विकासका लागि आवश्यक पर्ने स्थायित्व पायो। उनले विदेशी लगानी भित्र्याए, करका दर सुधार गरे, व्यापार शुल्क घटाए र दर्जनौं राज्य नियन्त्रित उद्योगको निजीकरण गरे।

सन् १९५७ मा स्वतन्त्र भएदेखि नै मलेसियामा जातीय राजनीति हावी छ। देशमा मलेहरूको जनसंख्या आधाभन्दा बढी छ। सबैभन्दा ठूलो संख्यामा रहेका अल्पसंख्यकमा भने ब्रिटिस औपनिवेशिक शासनका बेला मलेसिया आएका चिनियाँहरू पर्छन्। सन् १९६९ मा भएका जातीय दंगाका कारण सरकारले मलेहरूको पक्षमा नीति बनाएको थियो। त्यसयता यूएमएनओले आफूलाई मलेको पक्षधर पार्टीका रूपमा परिभाषित गऱ्यो। सन् १९८० को दशकदेखि १९९० को दशकसम्म २२ वर्षे शासनमा महाथिरले मलेहरूप्रति उदार परियोजना अघि सारेका थिए। त्यसका साथै, उनले मलेसियाको जातीय विभाजनमा कमी ल्याए। उनको कार्यकालमा ल्याइएको आर्थिक नीतिले सर्वसाधारणको सफलताका साथै देशको आर्थिक वृद्धि र गरिबी निवारणमा निकै सहयोग पुग्यो। तर १९९० को दशकको अन्त्यतिर मलेसियाली अर्थतन्त्रमा मन्दी आएसँगै तत्कालीन उपप्रधान तथा अर्थमन्त्री अन्वर इब्राहिम र महाथिरको सम्बधमा दरार उत्पन्न भयो।

खुला बजार नीति र अन्तर्राष्ट्रिय लगानीलाई इब्राहिमले गरेको समर्थन पश्चिमा देशप्रति मोहम्मदको अविश्वासको विपरीत देखियो। सन् १९९८ मा पदबाट बर्खास्त भएका इब्राहिम पक्राउ परेपछि सरकारविरोधी प्रदर्शन भए। सुधारको नाममा गरिएको विरोधमा संलग्न प्रदर्शनकारीले महाथिरको राजीनामा माग गरे पनि उनले इब्राहिमका समर्थकमाथि दमन गरे।

सन् २००१ को सेप्टेम्बरमा अमेरिकाको ट्वीन टावरमा गरिएको आक्रमणपछि महाथिरले विश्वव्यापी युद्ध र आतंकवादविरुद्धको युद्धलाई समर्थन गरे। तर, सन् २००३ मा अमेरिकाले इराकमा गरेको अतिक्रमणको खुलेर विरोध गरे। अन्तर्राष्ट्रिय मुद्दामा विवादास्पद छवि बनाएका उनले पश्चिमा देशको बारम्बार आलोचना गर्दै आएका छन्। सन् २००३ को अक्टोबर ३१ मा राजनीति त्यागेका उनी ५ वर्षअघिदेखि पुनः सक्रिय बनेका हुन्। *(एजेन्सीहरूको सहयोगमा)*

सन् १९५७ मा स्वतन्त्र भएदेखि नै मलेसियामा जातीय राजनीति हाबी छ, देशमा मलेहरूको जनसंख्या आधाभन्दा बढी छ, सबैभन्दा ठूलो संख्यामा रहेका अल्पसंख्यकमा भने ब्रिटिस औपनिवेशिक शासनका बेला मलेसिया आएका चिनियाँहरू पर्छन्



रोयटर्स

वर्गीकृत डिस्प्ले

निर्माणको लागि सम्पर्क
घर/भवन निर्माण,रंगरोगन, वाटरप्रुफिङ्ग, प्लम्बिङ्ग, वायरिङ्ग, ट्रस निर्माण, बगैंचा निर्माणको लागि सम्पर्क
अल ओभर कन्स्ट्रक्सन प्रा.लि
चावहिल, काठमाडौं
सम्पर्क: ०१-४४८०७८६
९८५११५४४३२, ९८५११५४४३४

जग्गा विक्रीमा
बसुन्धारास्थित बि.पी. स्मृति हस्पिटल अगाडिको एक रोपनी तथा टोखामा पनि जग्गा विक्रीमा
सम्पर्क
९८४१०५०६१९

जग्गा बिक्रिमा
भैंसेपाटी, साँगा,काभ्रेमा
१०० आना
9803000292

वर्गीकृत डिस्प्ले
श्याम स्वेत: रू. ३000/-*
स्पट कलर: रू. ३५00/-*
मल्टि कलर: रू. ५000/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

राप्रपालाई रिझाउँदै ओली

यस पटक एमाले नेता-कार्यकर्ता मात्र होइन, स्वयं ओली पनि आफ्नो निर्वाचन क्षेत्रलाई 'सहज' मान्न तयार देखिँदैनन्

अर्जुन राजवंशी (बिर्तामोड)


एमाले अध्यक्ष केपी शर्मा ओली मनोनयन दर्ता गर्न आइतबार मध्याह्न दमक नगरपालिका परिसरमा रहेको निर्वाचन अधिकृतको कार्यालयभित्र प्रवेश गर्दा हल खचाखच थियो । बीचको कुर्सीमा ओली बसे । बायाँतर्फ झापा ५ (२) का उम्मेदवार होमबहादुर थापा बसे, दायाँतर्फको कुर्सीमा अधिवक्ता नारायण भट्टराई बसेका थिए ।

निर्वाचन कर्मचारी ओलीको मनोनयन दर्ताको काम गर्दै थिए । ओली दायाँबायाँ हेर्दै अचानक बोले, 'मेयरसाप खोइ ? मेयरसापलाई बोलाऊ ।' त्यसपछि नजिकैका एमाले नेता-कार्यकर्तातिर 'राम दाइ, राम दाइ' भन्दै दमकका मेयर राम थापाको खोजी गरे । भीडमा अलमलिएका नगरप्रमुख राम थापा तत्काल ओलीनजिक पुगेर 'अध्यक्षज्यू, म यहीं छु' भनेर हाजिरी जनाए । थापालाई हेर्दै ओलीले मुसुक्क हाँस्दै आफूसँगैको कुर्सीमा बस्न आग्रह गरे तर नगरप्रमुख थापा कुर्सीमा बसेनन् । उनले झापा ५ (१) का एमाले उम्मेदवार हिक्मत कार्कीलाई बस्न दिए ।

नगरप्रमुख थापा राप्रपाका प्रदेश १ अध्यक्षसमेत हुन् । पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीले मनोनयन दर्ता गरेको निर्वाचन क्षेत्र झापा ५ हो । उक्त क्षेत्रबाट ओलीले २०४८ यता निरन्तर चुनाव लड्दै आएका छन् । २०६४ मा बाहेक सबै चुनाव जितेका छन् । एमालेका लागि झापामा चुनाव जित्न सजिलो क्षेत्रका रूपमा समेत हेरिन्छ क्षेत्र ५ लाई । राष्ट्रिय राजनीतिमा लगातार उचाइ भर्दै गएका ओली उम्मेदवार भएपछि एमालेलाई उक्त क्षेत्र थप सहज बन्दै गएको हो ।

यस पटक भने एमाले नेता-कार्यकर्ता मात्र होइन, स्वयं ओली पनि आफ्नो निर्वाचन क्षेत्रलाई 'सहज' मान्न तयार देखिँदैनन् । ६ महिनाअघिको स्थानीय चुनावको नतिजाबाट उनी झस्किएका छन् । उनलाई नेता-कार्यकर्ताको मात्र भर लाग्न छोडेको छ । स्थानीय चुनावपछि ओली लगातार आफ्नो निर्वाचन क्षेत्रमा आइरहेका छन् ।

एमालेले झापामा राप्रपासँग चुनावी तालमेल गरेको छ । तालमेलअनुसार ५ नम्बरमा राप्रपाका उम्मेदवार छैनन् । गठबन्धनबाट कांग्रेसका खगेन्द्र अधिकारी उम्मेदवार छन् । अधिकारी २०७४ को चुनावमा ओलीसँग पराजित भएका थिए । अघिल्लो पटक वाम गठबन्धनका कमान्डरसमेत रहेका ओलीलाई चुनाव जिताउन राप्रपाले पनि सहयोग गरेको थियो । त्यसबेला कांग्रेस एक्लै चुनाव



एमाले अध्यक्ष केपी ओली आइतबार मनोनयन दर्ता गर्ने क्रममा दमक नगरप्रमुख राम थापासँग । *तस्बिर : अर्जुन/कान्तिपुर*

लडेको थियो । मंसिर ४ को चुनाव जित्न मुलुककै ठूलो पार्टीको अध्यक्ष तथा दुई पटक प्रधानमन्त्रीसमेत भइसकेका ओलीलाई राप्रपाका कार्यकर्ताको मत आवश्यक देखिन्छ । त्यसका लागि एमालेका स्थानीय, जिल्लास्तरीय नेतासँगै ओलीले पनि राप्रपाका हरेक गतिविधिलाई ध्यान दिएका छन्, राप्रपाका नेता-कार्यकर्तासँग निरन्तर सम्पर्कमा छन् ।

प्रधानमन्त्री भइसकेका र पुनः प्रधानमन्त्री हुने जान्दाजान्दै पनि २०७४ को चुनावमा ओलीलाई दक्षिणी भेगबाट निराशाजनक मत प्राप्त भएको थियो । गौरादह दक्षिण र गौरीगन्जका मतदान केन्द्रमा खसेकोमध्ये आधाभन्दा पनि कम मतमात्र ओलीले पाएका थिए । उक्त क्षेत्रबाट ओलीलाई यसपल्ट पनि खासै सुधारको अपेक्षा छैन । त्यसकारण पनि ओलीलाई यस पटक राप्रपाको सहयोग अनिवार्य छ । तर, दमकको राप्रपा धर्मसंकटमा छ । तालमेल भए पनि खुलेर ओलीका लागि भोट माग्न हिँड्न सकेको छैन ।

६ महिनाअघि स्थानीय चुनावमा राप्रपाले सत्ता गठबन्धनको सहयोगमा दमकको नगरप्रमुख जितेको थियो । नगरप्रमुख दिँदै गर्दा गठबन्धनका नेताले राप्रपाका प्रदेश अध्यक्ष थापालाई मंसिरको चुनावसम्म सघाउनुपर्छ भन्दै 'कसम' खुवाएका थिए । थापाले कसम बिर्सिएका छैनन् ।

प्रमुख-उपप्रमुख नभए पनि दमक नगरपालिकामा बहुमत एमालेको छ । बहुमत भएकै कारण एमालेले असारमा नगरपालिकाको बजेट पारित गर्ने क्रममा अड्को थाप्यो । एमालेको अवरोधका कारण थापाले असार मसान्तमा बजेट पारित गर्न सकेनन् । करिब महिना दिनको उल्झनपछि नगरपालिकाको बजेट त पारित भयो तर थापा र एमालेको सम्बन्ध सुध्रन सकेन ।

तीन दशक एकछत्र नेतृत्व गरेको दमक नगरपालिकाको प्रमुख-उपप्रमुख गुमाएपछि एमाले दबावमा छ । दमकको प्रमुखमा राप्रपाका थापा र उपप्रमुखमा कांग्रेसकी रेगिना प्रसाईं निर्वाचित भएका छन् । क्षेत्रभित्रको कमल र गौरीगन्ज गाउँपालिकाको प्रमुख पनि कांग्रेसले जितेको छ । चारवटा पालिका रहेको झापा ५ मा गौरादह नगरपालिकामा मात्र एमालेको नेतृत्व छ ।

तालमेलको सहमतिअनुसार मंसिर ४ मा राप्रपाका कार्यकर्ताले इमानदारिता देखाउने बताउँछन् एमाले जिल्ला अध्यक्ष दीपक कार्की । 'चुनावी तालमेलको सहमति केन्द्रबाट भएको होइन, हामीले स्थानीय जिल्ला तहमै गरेका हौं, त्यसैले राप्रपाले अध्यक्ष ओलीलाई भोट दिँदैन कि भनेर शंका गर्नुपर्दैन,' उनले भने ।

मनाङबाट गण्डकीमा मनाङे निर्विरोध

आश गुरुङ (लमजुङ)

हिमाली जिल्ला मनाङबाट राजीव गुरुङ (दीपक मनाङे) प्रदेशसभा सदस्यमा निर्विरोध भएका छन् । उनी २०७४ मा पनि निर्वाचित भएर अहिले गण्डकी सरकारमा युवा तथा खेलकुदमन्त्री छन् । गुरुङविरुद्ध उठ्न एमाले-कांग्रेसले आनाकानी मात्रै गरेनन्, स्वतन्त्र उठेका उम्मेदवारलाई पनि एमालेले झिक्न लगाएर उनलाई निर्विरोध बनाइदियो ।

उनको निर्वाचन क्षेत्र प्रदेश २ मा स्वतन्त्र उठेका दोर्जे लामा गुरुङले बुधबार आफ्नो उम्मेदवारी फिर्ता लिएसँगै गुरुङ मात्रै उम्मेदवार भएपछि निर्विरोध भएका हुन् । दोर्जेले बुधबार १० बजेपछि कार्यालयमा आएर आफ्नो उम्मेदवारी फिर्ताका लागि निवेदन दिएको मुख्य निर्वाचन अधिकृत उत्तम सिलवालले बताए । उनका अनुसार दोर्जेले आफ्नो उम्मेदवारी फिर्ता लिएपछि राजीव गुरुङको एकल उम्मेदवारी रहेको र कसैको दाबीविरोध पनि नपरेकाले निर्विरोध भएका हुन् । 'उहाँ निर्विरोध निर्वाचित हुनुभयो । प्रक्रियागत रूपमा प्रमाणपत्र दिन मात्रै बाँकी भो,' उनले भने ।

दोर्जे लामा गुरुङले प्रदेश २ का लागि स्वतन्त्र उम्मेदवारी छाडेर राजीव गुरुङलाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएर मनाङेलाई सहयोग गर्ने घोषणा बुधबार सामाजिक सञ्जालमार्फत गरेका थिए । राजीवले मनाङ प्रदेशसभा-२ मा एमालेको समर्थनमा स्वतन्त्र उम्मेदवार बनेको बताए । उनले २०७४ मा एमालेकै समर्थनमा जितेको र अहिले पनि समर्थनमै उम्मेदवारी दिएको बताएका छन् ।

आफूहरूले दोर्जेलाई उम्मेदवारी फिर्ता गर्न लगाएको एमाले मनाङका सचिव एवं मनाङ-१ का उम्मेदवार राजनबहादुर गुरुङले बताए । 'हाम्रो पहलमा राजीव र दोर्जेबीच छलफल भयो । हामीले फिर्ता लिएर राजीवलाई निर्विरोध गर्न अनुरोध गऱ्यौं । दोर्जेले स्वीकार गर्नुभयो,' उनले भने ।





जहाँ हुँदै छ रोचक प्रतिस्पर्धा

वाग्मतीमा सत्ता गठबन्धनबाट कांग्रेसले १८, माओवादीले १२ र एकीकृत समाजवादीले ४ क्षेत्रबाट उम्मेदवारी दिएका छन्, यीमध्ये कतिपय निर्वाचन क्षेत्रमा पुराना र चर्चित अनुहारबीच कडा प्रतिस्पर्धा हुँदै छ भने स्वतन्त्र उम्मेदवार पनि चुनौती बनेका छन्

प्रकाश धौलाकोटी (काठमाडौं)

वाग्मती प्रदेशका १३ जिल्लामा ३३ निर्वाचन क्षेत्र छन् तर भक्तपुर-१ बाहेक सबैजसो क्षेत्रमा सत्ता गठबन्धन र एमालेबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ। गत निर्वाचनमा वाम गठबन्धन हुँदा एमाले र माओवादीले यहाँ ८० प्रतिशत सिट जितेका थिए। यसपटक कांग्रेस र माओवादीले गठबन्धन गरेका कारण परिणाम कांग्रेसको पक्षमा उल्टिने देखिन्छ।

०७४ मा एमालेले २०, माओवादीले ७, कांग्रेसले ५ र नेपाल मजदुर किसान पार्टीले १ निर्वाचन क्षेत्रमा जितेका थिए। यसपटक कांग्रेस, माओवादी र एकीकृत समाजवादी गठबन्धनबाट वाग्मतीमा कांग्रेसले १८, माओवादीले १२ र नेकपा एसले ४ क्षेत्रबाट उम्मेदवारी दिएका छन्। काठमाडौं-१० मा कांग्रेस र माओवादी केन्द्र दुवैले उम्मेदवारी दिएका छन्। यी मध्ये कतिपय निर्वाचन क्षेत्रमा पुराना र चर्चित अनुहारबीच कडा प्रतिस्पर्धा हुँदै छ।

काठमाडौं-४ मा गगन भर्सेस राजन

स्थानीय निर्वाचनमा काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवार बालेन्द्र शाहले जितेपछि काठमाडौंका सबैजसो निर्वाचन क्षेत्रमा ठूला दलका उम्मेदवार त्रसित छन्। काठमाडौं-४ मा त सबैभन्दा धेरै १७ जना स्वतन्त्र उम्मेदवार छन्। तर, यहाँ ठूलै आश्चर्य नभए गगन थापा र राजन भट्टराईबीच नै मुख्य प्रतिस्पर्धा हुने देखिन्छ। कांग्रेस महामन्त्री थापा सत्ता गठबन्धनका उम्मेदवार हुन् भने भट्टराई एमालेका। ०६२/६३ को आन्दोलनबाट राष्ट्रिय राजनीतिमा उदाएका थापाको लोकप्रियताका कारण यो क्षेत्रमा सबैको चासो छ। पहिलो संविधानसभामा समानुपातिकबाट सांसद बनेका थापा प्रत्यक्षतर्फ यहाँ तेस्रोपटक चुनाव लड्दै छन्। उनले ०७० को संविधानसभा सदस्य निर्वाचनमा एमालेका निर्मल कुइँकेल र माओवादीका नन्दबहादुर पुनलाई हराएका थिए।

०७४ मा वाम गठबन्धन भयो, एमालेले थापासँग भिड्न युवामाझ लोकप्रिय तथा परराष्ट्र मामिलाविज्ञ नेता भट्टराईलाई उम्मेदवार बनायो। तैपनि भट्टराईले थापालाई जित्न सकेनन्। ०७४ मा थापाले भट्टराईलाई ३ हजार ४ सय १८ मतले हराएका थिए। थापाले २१ हजार ५ सय ५८ मत ल्याउँदा भट्टराईले १८ हजार १ सय ४० र विवेकशील साझाकी सुबुना बस्नेतले ३ हजार ४० मत ल्याएकी थिइन्। थापा र भट्टराई अहिले दोस्रोपटक आमने-सामने भएका हुन्।

स्थानीय निर्वाचनको परिणाम हेर्दा काठमाडौं-४ मा ०७४ र अहिले पनि एमाले पहिलो दल हो। थापानिकट नेताहरू यसपटक एमाले विभाजित भएको र माओवादीसमेत समर्थनमा रहेकाले जित झन् सहज भएको दावी गर्छन्। चुनाव हारेपछि क्षेत्रमै खटिएका भट्टराईले पनि आफू पहिलेभन्दा बलियो बनेको दाबी गरे। भट्टराईले क्षेत्रको विकासलाई एजेन्डा बनाएका छन् भने थापाले क्षेत्रको विकाससँगै आफू अब सांसद मात्रै नभएर पार्टी र मुलुकको कार्यकारी भूमिकामा पुग्ने दौडमा रहेको घोषणा गरेका छन्। थापाले आफूलाई भावी प्रधानमन्त्रीको उम्मेदवारका रूपमा प्रस्तुत गरेर मतदाताको ध्यान खिचेका छन्।

काठमाडौं-५ मा नयाँ र पुराना

मतदाताले राजनीतिमा युवा अनुहार माग गरिरहेका बेला काठमाडौं-५ मा भने युवा र बूढा नेताबीच प्रतिस्पर्धा छ। त्यसमाथि गठबन्धनका उम्मेदवारका लागि स्वतन्त्र र युवा उम्मेदवार चुनौती बनेका छन्। गत निर्वाचनमा यहाँ नेकपा एमालेका ईश्वर पोखरेलले जितेका थिए। त्यसबेला वाम गठबन्धनबाट उनले २३ हजार २९ मत प्राप्त गरी विजयी हुँदा नेपाली कांग्रेसका नेता प्रकाशशरण महतले १३ हजार १६९ मत प्राप्त गरेका थिए।



एमालेले यसपटक पनि फेरि ६९ वर्षीय पोखरेललाई उम्मेदवार बनाएको छ। कांग्रेसले भने पहिले चुनाव हारेका महतलाई समानुपातिकमा राखेर ४६ वर्षीय नेता प्रदीप पौडेललाई उम्मेदवार बनाएको छ। यसपटक माओवादी र एकीकृत समाजवादी पनि कांग्रेससँगै साथ छन्। यहाँ २६ वर्षे रञ्जु दर्शना र विद्यार्थी नेता हेमराज थापासमेत स्वतन्त्र उम्मेदवार छन्। पोखरेल र पौडेल दुवैका लागि पाँच वर्षअघि काठमाडौंको मेयरमा २३ हजार मत पाएकी दर्शनाको उम्मेदवारी चुनौती बनेको छ। पटक-पटक सांसद भइसकेका पोखरेल मन्त्री र उपप्रधानमन्त्रीसमेत भइसकेका छन् भने पौडेल प्रतिनिधिसभा सदस्यका लागि पहिलोपटक चुनाव लड्न लागेका हुन्। नेविसंघका पूर्वअध्यक्ष पौडेल तनहुँका हुन्। उनी यसअघि पनि तनहुँ-२ बाट प्रतिनिधिसभा सदस्यका लागि आकांक्षी थिए। तर, वरिष्ठ नेता रामचन्द्र पौडेल, नेविसंघका पूर्वअध्यक्ष गोविन्द भट्टराई र नेता शंकर भण्डारीले समेत त्यहींबाट टिकटका लागि प्रतिस्पर्धा गर्दा पौडेल ओझेलमा परेका थिए। ०७४ मा तनहुँ-२ बाट प्रदेशसभा (१) मा उम्मेदवार बनेका पौडेललाई वाम गठबन्धनकी आशा कोइरालाले ५ मतले पराजित गरेकी थिइन्। पोखरेल अहिले एमालेको वरिष्ठ उपाध्यक्ष छन्। पौडेल कांग्रेसको १४ औं महाधिवेशनमा महामन्त्रीमा पराजित नेता हुन्।

भक्तपुर-२ मा बस्नेतलाई थापाको चुनौती

भक्तपुर-२ मा एमाले नेता महेश बस्नेतलाई कांग्रेस जिल्ला सभापति दुर्लभ थापा चुनौती बनेका छन्। युवा संघको राजनीतिबाट चर्चा कमाएका बस्नेतले ०७४ मा वाम गठबन्धन र कांग्रेसको उम्मेदवारी चयनको लाभ उठाएर दोब्बर मतले चुनाव जितेका थिए। त्यसअघि २०७० को चुनावमा कांग्रेसका रामेश्वर ढुंगेलसँग पराजित भए पनि केपी ओलीको पहलमा सुशील कोइराला सरकारका पालामा उद्योगमन्त्री बनाइएपछि बस्नेतको छवि उकासिएको थियो।

भक्तपुर नारायणमान बिजुक्छे नेतृत्वको नेपाल मजदुर किसान पार्टीको प्रभाव क्षेत्र हो। यो क्षेत्रमा ०६४ मा उनकै पार्टीबाट सुनिल प्रजापतिले जितेका थिए। तर, ०७० मा भने कांग्रेसका रामेश्वरप्रसाद ढुंगेलले जिते, एमालेबाट पहिलोपल्ट टिकट पाएका बस्नेत पराजित भए। ०७४ मा भने कांग्रेसले पूर्वसभामुख दमननाथ ढुंगेलालाई उम्मेदवार बनायो। उनी पाहुना उम्मेदवार भएकाले भक्तपुर कांग्रेसमा असन्तुष्टि पैदा भयो। त्यही कारण युवा नेता बस्नेतले ढुंगानालाई दोब्बर मतान्तरले पराजित गरेका थिए। कांग्रेस र माओवादी केन्द्र मिलेपछि बस्नेतका लागि थापा चुनौती बनेका छन्। यो क्षेत्रमा सूर्यविनायक नगरपालिका र मध्यपुर्थिमि नगरपालिका छन्। सूर्यविनायकमा एमालेले जितेको छ भने मध्यपुर्थिमिमा कांग्रेस र माओवादीको गठबन्धनले जितेको छ।

मकवानपुर-१ मा व्यक्तिगत मत बढाउने प्रतिस्पर्धा

मकवानपुर-१ मा सत्ता गठबन्धनबाट कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना', एमाले र राप्रपा नेपाल गठबन्धनबाट राप्रपा नेपालका अध्यक्ष कमल थापाले उम्मेदवारी दिएका हुन्। राप्रपाबाट दीपकबहादुर सिंहको पनि उम्मेदवारी परेको छ।

०७४ मा यहाँ वाम गठबन्धनका कृष्णप्रसाद दाहालले ४० हजार ६ सय ३१ मतसहित चुनाव जितेका थिए। त्यसबेला कांग्रेससँग तालमेल गरेका कमल थापाले ३४ हजार ६ सय ५८ मत पाए। तर, यसपटक भने यहाँ एमालेको उम्मेदवार नै छैनन्। गत निर्वाचनमा कांग्रेसको समर्थन लिएका थापाले यसपटक एमालेको समर्थन मात्रै जुटाएका छैनन्, चुनाव चिह्न सूर्य नै रोजेका छन्। कांग्रेसकी उपाध्याय भने एमाले विभाजित भएको र माओवादीको साथसमेत आफूलाई भएकाले जित सहज हुनेमा आशावादी छिन्। उपाध्याय ०७४ को निर्वाचनमा मकवानपुर-२ बाट पराजित थिइन्।

थापाले ०४८ पछि दोस्रो संविधानसभाबाहेक सबै चुनाव लडेका छन्, तर एकपटक मात्रै जितेका छन्। उपाध्यायले पनि ०४८ देखि नै चुनाव लडिन्, चुनाव उनलाई खासै फापेको छैन। ०४८ मा विरोध खतिवडासँग पराजित भएकी उनी ०५१ र ०७४ मा पनि खतिवडासँगै पराजित भइन्। ०६४ र ०७० मा उपाध्याय समानुपातिकबाट सांसद बनिन्।

चितवन-१ मा पूर्वअर्थमन्त्री र अर्थशास्त्रीबीच भिडन्त

पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डे र अर्थशास्त्री विश्वराज पौडेलको उम्मेदवारीले चितवन-१ को प्रतिस्पर्धा रोचक बनेको छ। ०७० र ०७४ मा निरन्तर चिवतन-१ बाट चुनाव जितेका पाण्डेविरुद्ध यसपटक कांग्रेसले अर्थशास्त्री पौडेललाई उभ्याएको हो। ०७४ मा वाम गठबन्धन हुँदा पाण्डेले कांग्रेसका राजेन्द्र बुर्लाकोटीलाई करिब १५ हजार मतले जितेका थिए। यसपटक माओवादीसँग कांग्रेसले गठबन्धन गरेको छ। त्यसमाथि कांग्रेसले पनि अर्थशास्त्री पौडेललाई नै भावी अर्थमन्त्रीको रूपमा चर्चा गर्दै उम्मेदवार बनाएपछि पाण्डेलाई जित निकाल्न मुस्किल हुने देखिएको छ। पौडेल राष्ट्रिय योजना आयोगको उपाध्यक्षबाट राजीनामा दिएर चुनावी मैदानमा उत्रिएका हुन्।

पाण्डे ०५४ देखि ०६० सम्म राष्ट्रियसभा सदस्य थिए। ०६४ मा उनी समानुपातिकबाट सांसद भए। ०६६ मा माधवकुमार नेपाल प्रधानमन्त्री हुँदा उनले अर्थमन्त्रीको जिम्मेवारी पाएका थिए। यहाँ कांग्रेसले ०७४ मा पराजित बुर्लाकोटीसहित अर्थशास्त्री पौडेल र अर्का अर्थशास्त्री स्वर्णिम वाग्लेको समेत नाम सिफारिस गरेको थियो। तर, प्रधानमन्त्रीपत्नी आरजु राणाको दबावमा पौडेलले टिकट पाएको चर्चा छ।

धादिङ-१ मा मुख्यमन्त्रीलाई त्रिपाठीको चुनौती

एमालेमा हुँदा लामो समय राजनीतिक सहकार्य गरेका दुई नेता भिड्दै छन्, धादिङ-१ मा। यहाँ सत्ता गठबन्धनबाट वाग्मतीका मुख्यमन्त्री राजेन्द्र पाण्डे उम्मेदवार छन् भने विपक्षी गठबन्धनबाट नेकपा एमालेले भूमिप्रसाद त्रिपाठीलाई नै दोहोऱ्याएको छ। त्रिपाठी ०७४ मा पनि प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए। उनले ४९ हजार १ सय २१ मत पाउँदा कांग्रेसका विश्व अर्यालले २१ हजार ९६८ मत पाएका थिए। प्रदेशसभा सदस्यमा निर्वाचित पाण्डेले २७ हजार ३ सय ३२ मत पाएका थिए भने कांग्रेसका मधुकुमार श्रेष्ठले १३ हजार ६ सय ८५ मत ल्याएका थिए।

पाँच वर्षअघि सँगै भोट मागेका पाण्डे र त्रिपाठी अहिले प्रतिस्पर्धी बनेका छन्। पाण्डेले धादिङबाट ०४८ पछिका सबै चुनाव लडेका छन्। उनले ०४८, ०५१ र ०५६ मा धादिङ-३ बाट चुनाव जितेका थिए। ०६४ मा भने उनलाई माओवादीका शालिकराम जम्मकट्टेलले पराजित गरे, ०७० मा पाण्डेले शालिकरामसँग त्यसको बदला लिए।

यो क्षेत्रमा कांग्रेसको उम्मेदवार हुने छैनन्। पाण्डे कांग्रेस र माओवादी केन्द्रको समेत बलियो साथ लिएर ०७० को जित दोहोऱ्याउने कोसिसमा छन्। त्रिपाठी भने एमाले छोडेर हिँडेका पाण्डेविरुद्धको जनमत तयार गरेर जित दोहोऱ्याउने दाउमा छन्।

यस कम्पनीका पूर्व कर्मचारी श्री पुष्पा कार्कीसँग कम्पनीसँग सम्बन्धित कुनै पनि कारोबार नगर्ने/नगराउने सम्बन्धि सूचना

प्रकाशित मिति : २०७९/०६/२७

यस **सूर्या लाईफ इन्स्योरेन्स क. लि.** को साबिक धरान शाखामा कार्यरत श्री **पुष्पा कार्की** मिति २०७९/०१/११ गते देखि लागु हुने गरी यस कम्पनीको कर्मचारीको हैसियतमा नरहनु भएको र निजको यस कम्पनीमा कुनै पनि तवरमा आवद्धता नरहेकोले कम्पनीका सम्पूर्ण अभिकर्ता, बीमित तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निज श्री **पुष्पा कार्की**सँग कम्पनीसँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्न नगराउन सम्बन्धित सबैलाई सूचित गरिएको छ।

साथै यस कम्पनीका सम्पूर्ण बीमित तथा अभिकर्ताहरुलाई कम्पनीसँग सम्बन्धित कुनै आर्थिक कारोबार गर्दा तत्कालै कम्पनीबाट जारी हुने आधिकारीक रसिद लिनु हुन समेत यसै सूचना मार्फत सूचित गरिएको छ। यस सूचनाको बर्खिलाप हुने गरी कोही कसैले आर्थिक तथा अन्य कारोबार गरेमा कम्पनी जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

Surya Life INSURANCE

सूर्या लाईफ इन्स्योरेन्स क. लि.

प्रधान कार्यालय: सानो गौचरन, काठमाडौं

फोन नं. : ०१४५२३७४३

यस कम्पनीका पूर्व कर्मचारी श्री प्रफुल श्रेष्ठसँग कम्पनीसँग सम्बन्धित कुनै पनि कारोबार नगर्ने/नगराउने सम्बन्धि सूचना

प्रकाशित मिति २०७९/०६/२७

यस **सूर्या लाईफ इन्स्योरेन्स क. लि.** को साबिक कुश्मा शाखामा कार्यरत श्री **प्रफुल श्रेष्ठ** मिति २०७९/०१/०२ गते देखि लागु हुने गरी यस कम्पनीको कर्मचारीको हैसियतमा नरहनु भएको र निजको यस कम्पनीमा कुनै पनि तवरमा आवद्धता नरहेकोले कम्पनीका सम्पूर्ण अभिकर्ता, बीमित तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निज श्री **प्रफुल श्रेष्ठ**सँग कम्पनीसँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्न/नगराउन सम्बन्धित सबैलाई सूचित गरिएको छ।

साथै यस कम्पनीका सम्पूर्ण बीमित तथा अभिकर्ताहरुलाई कम्पनीसँग सम्बन्धित कुनै आर्थिक कारोबार गर्दा तत्कालै कम्पनीबाट जारी हुने आधिकारीक रसिद लिनु हुन समेत यसै सूचना मार्फत सूचित गरिएको छ। यस सूचनाको बर्खिलाप हुने गरी कोही कसैले आर्थिक तथा अन्य कारोबार गरेमा कम्पनी जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

Surya Life INSURANCE

सूर्या लाईफ इन्स्योरेन्स क. लि.

प्रधान कार्यालय: सानो गौचरन, काठमाडौं

फोन नं. : ०१४५२३७४३

Pokhara University
Faculty of Science and Technology

CENTRAL ENTRANCE EXAMINATION-2022
CALL FOR APPLICATION (Revised)

(First Date of Publication: 2079/5/19)

The Faculty of Science and Technology has been receiving online applications [both fee-paying and scholarship category] for **Master Level Admissions** in different programs for the year 2022. The last date of application submission has been extended to the date **2079/07/19.**

* For more information regarding eligibility criteria, quota distribution, entrance curriculum. Entrance guideline, application fees and Pokhara University scholarship rules please visit the website: **https://pu.edu.np/academics/faculties/fst/admission-notice.**
* Candidates are requested to deposit application fee in accounts of Faculty of Science & Technology PU of Kamana Sewa Bikas Bank Ltd **A/c No. 01713400026667000007.** Online Payments is available
* **For further information: Dean's Office Tel: +977-61504075, 9856035237, 9846260227**

Raleigh International Nepal

NOTICE FOR SALE OF VEHICLE

Raleigh International Nepal having a country office in Khumaltar-15, Lalitpur Nepal invites sealed bids for sale of vehicles mentioned below on "as is where is" basis.

SN	Vehicle Brand	Registration Number	Model
1	Toyota Fortuner Jeep - KUN51R-NKMSYX	BA 14 CHA 6429	2015
2	Tata Storme - Safari Storme VX LET 4×4	BA 15 CHA 2477	2016
3	Tata Storme - Safari Storme VX LET 4×4	BA 15 CHA 5450	2016
4	Hyundai Creta - 1.6 DSL SX + AT	BA 14 CHA7046	2015

Bid form will be available to the interested bidders upon submission of a request letter along with copy of citizenship and contact details at the address below as per following schedules including Saturday and Sunday. Raleigh International Nepal reserves the right to accept or reject any or all offers without assigning any reasons whatsoever.

Schedules:

Date of Bid Form Collection : 14 October 2022 to 18 October 2022 between 11:00 AM to 3:00 PM
Date of Vehicle Inspection : 17 October 2022 to 18 October 2022 between 11:00 AM to 3:00 PM
Date of Bid Form Submission : 19 October 2022 by 5:00 PM
Date of Bid Opening : 20 October 2022 at 11:00 AM

Bid form, vehicle inspection and additional information will be available at the following address.

Raleigh International Nepal
Country Office, Lalitpur-15, Khumaltar
Contact number: +977-01-5541254, +977-9808963025

वर्गीकृत विज्ञापन

घर जग्गा

ललितपुरमा घरजग्गा खरिदबिक्रीको लागि, 9851071590

भैसेपाटी सानो खोकनामा ३.५ आना जग्गा बिक्रीमा ९८१४८८४७५३

लपु भैसेपाटीमा नयांघर करिब ६-आना रु.४-करोड ५०-लाख, 9808180116

बौद्ध भोलडांडा न्युबंगला बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८

हाउसिङ्ग प्रोजेक्टमा ठूलोलगानीकर्ता तुरुन्तैचाहियो 9802315101

दक्षिणकाली बाँसबारी ८-आना घडेरी, धुलिखेल काभ्रे १५-रोपनी प्रतिरोपनी ५-लाख, 9851088899

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364 midaspropertydealer5@gmail.com

दहचोकमा प्रतिआना १०-लाखको दरले १७-आना जग्गा बिक्रीमा, 9851183369, 9861175400

बिशालनगर प्राइमलोकेसनको 0-14-2-0 कपन मिलनचोकनेर 0-6-0-0 9851027364

कोहलपुरमा २.२५-करोडको घर तथा १-करोड ४०-लाखमा २९-धुरजग्गा बिक्रीमा, 9851183369, 9861175400

जावलाखेलमा ०-९-३-२ जग्गा 9849449673, 9841287677

कलंकी दुर्गाकोलोनी नजिकै दुईआकर्षक बंगला-बिक्रीमा 9849003626

नुवाकोट हाइवेमा ६-०-८-०रोपनीको ५,००,०००।- ९८४३४४२३६१

घरजग्गा, बंगलो खरीद बिक्रीगर्न, 9813339738

नयांबानेश्वरमा ०-४-२-० आधुनीक बंगलो, 9843670264

गौरीघाटचोकको १रोपनीकर्मसियल जग्गाबिक्रीमा प्रतिआना ७५लाख 9851087273

भक्तपुर भाटभटेनी नजिक ०-६-०-० व्यावसायिक जग्गा 9849449673, 9841287677

बुढानिलकण्ठमा 0-10-2-0 जग्गा बिक्रिमा 9841011316

टोखा चण्डेश्वरीमा 0-4-2-0 जग्गा बिक्रिमा 9841011316

बाँसबारी काठमाडौंमा 0-6-2-0 मावनेको बंगला बिक्रिमा 9841011316

गोलढुंगामा 0-4-0-0 मावनेको साढेदुई तल्लाको नयाँघर बिक्रिमा 9841011316

गोकर्ण नयाँपाटीमा 0-4-0-0 जग्गा बिक्रिमा 9841011316

सवारी साधन

2013 फोर्सको कार्गो भ्यान बिक्रीमा, Rs.8,00,000/-, 9810202077

Fresh Ashok-leyland Dost 18-lot cargo van on sale 9841208255

सम्पर्क

बैक Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०९०४५२९८

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

Bank Deposite धितोफुकुवा गर्नपरेमा 9851161202

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

ठूलो कन्सल्टेन्सीलाई पार्टनर चाहियो ९७६२३४०५५१

विदेशमा लामो समय काम गरेर फर्केपछि नेपालमा नै नाफामुलक व्यवसाय शुरुगर्न चाहेमा हामी तपाइलाई परामर्श र सहयोग गर्छौं,सम्पर्क: MPC, 9841124415, 014419781

विविध बिक्रीमा

काठमाडौं सामाखुसीमा चलिरहेको Education Consultancy, Teachers Bank विषेशछुटमा तु.बिक्रीमा ९८५१०५३९९७

चलेको ममपसल तुबिक्रीमा सोह्रखुट्टेचोक 9841323465

बागबजार एरियामा चलिरहेको न्यूजपोर्टल बिक्रिमा 9802356922

अफिसमा प्रयोग भएका फर्निचर सरल मूल्यमा ९८११८५५९६६

निर्माण सफाई

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलमंगाल, ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङ्की 9840540700

सेफ्टीट्यांकी सफाई गाडीमा १५,००/- ९८४३७६८७३७

सेफ्टीट्यांकी सफाई ठुलोगाडीमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई 9841212244, 9841488132, 015182401

भाडामा

बत्तीसपुतली मेनरोडमा अफिसलाई फ्ल्याट 9841601845

नक्सास थिरबमसडकमा रहेको १०६६वर्गफिटको फ्ल्याट अफिसकोलागी लिन इच्छुक व्यक्ति तथा संस्थाले दररेट सहितको शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले सातदिनभित्र पेशगर्न आव्हान गरिन्छ भाडा दिने/नदिने सर्वाधिकार संस्थामा निहित हुनेछ 01-4514235, 9841379412

काठमाडौंमा घर, फ्ल्याट लिनुदिनु 9846578599

मध्यबानेश्वरमा अफिसियल फ्ल्याट खाली 9841659007

चाहियो

Captain, Witress, Accountant, Dishwasher, Guard, Momo Cook, Cleaner 9851154259

बिदेशकोलागी इण्डियन बेकरी, कन्टीनेन्टलकुक चाहियो ९७४९४११३४५

भ.पु. सिभिल गार्डहरू चाहियो, 9803090961

Allrounder Cook -30K, Cook Helper 12-18K, Canten Cook 20K Location Lahan Siraha Contact: 9861393111, 9816331539

बानेश्वर क्यान्टिनमा कामगर्ने कुक, हेल्पर चाहियो, 9851144882

अलराउन्डर कुक, तन्दुरी कुक, जोरपाटी, 9841822568

कुक, लेडिज हेल्पर मसाल्ची, ९८१२९०६०२१

महिला कामदार चाहियो, खानेबस्ने सुविधा, ८०००, 9841566839

मित्रपार्कचोकैमा अफिसस्टाफ २२,५०० खाजाभाडापर्ति 01-4587878, 9810116530

English टाइपिङ्ग गर्नेमान्छे 20,500/– 9880592883, 014583414

क्यान्टिनलाई कुक, हेल्पर चाहियो पार्ट टाईम फुल टाईम, 9869091264

क्याफेको लागी कामदार तु.आवश्यक्ता कुक- १, वेटर- १, हेल्पर (अलराउण्डर)- १, कलंकी, 9818443779

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823005384

अनुभवी कुक हेल्पर वेटर मसाल्ची 9808166650 9841669436

क्याफेमा कुक हेलपर चाहियो खाना छ बस्ने छैन तलब, १०,०००/-, 9801055667

म:म मिस्त्री, हेल्पर चाहियो ९७४५२ ९६५६८, ९८०३२०९५०४

बानेश्वर स्कुलमा Helper चाहियो, 9851337258

लगनखेल म:म सेन्टरमा कामदारको आवश्यकता तलब १२,०००/- खानेबस्ने ९८०१८४१९२७, ९८०३३२०७५५

म्यानेजर १, कुक २, हेल्पर २, वेटर ३, 9823007548

बानेश्वर, कालीमाटीस्थित रेष्टुरेण्टलाई सम्पुर्ण कर्मचारीहरूको सेटचाहियो ९८५९१०८७७४४

राजधानी मिठाई पसलको लागी मिठाई मिस्त्री, कुक, वेटर चाहियो ९८५१०६५६०५, ९८४१८४५७७७

मममिस्त्री- १५,०००।- वेटर-१०,०००।- माछापोखरी 9841323465

अनुभवी कुक र वेटर पुतलीसडक ४५९७९५८

वेटर मसाल्ची १५,००० कुक ९८४१८५८५८५

घरायसी कामगर्ने महिला कामदार चाहियो ९८४१७१७१९६

क्यान्टिनको लागि कुक -५, वेटर -५ हाउसकिपिङ्ग -५ ९८०३२४२४२९

तु. आवश्यकता कुक, हेल्पर ९८५११३४७७८

कोटेश्वर अफिसलाई २१-कर्मचारी 9745306990, 9818056350

चक्रपथ कस्मेटिकमा १४-कर्मचारी 18,500/- खानेबस्ने व्यवस्था SEE/+2 9851228468, 9823865516

कस्मेटिकमा खानबस्नसहित कर्मचारी 16,500/- 9818061645

लेडिज स्पाथेरापिष्ट चाहियो ०१४५६८९४१, ९८०३०४५०१८ बौद्ध

जडिबुटीमा रेष्टुरेन्टलाई कुक-२, वेटर/वेट्रेस-४, डिसवासर-१ ९८४९२७६०४२

रेष्टुरेन्टमा कुक, वेटर, मसाल्ची 9861509877, 9851203987

सामाखुशी स्पामा लेडिज स्टाफ चाहियो ९८१८७६७४०४

रेस्टुरेन्टकोलागि वेटर, मसाल्ची आवश्यकता 9851132506, 9841507525

स्टुडियोको लागी रेकर्डिष्ट चाहियो, 9851046922

भारतको गुजरात, अहम्दाबाद, भरुज, दैहेजको प्रतिष्ठित, औद्योगिक क्षेत्रभित्र सिभिल सेक्युरिटीगार्डहरूको अर्जेन्ट आश्यकता तलब -27,000-32000/- सम्पर्क:- 014916689, 9811108255

अफिसमा कामगर्ने लेडिज, मासपसलमा कामगर्ने कर्मचारी चाहियो मुलपानीवासीलाई प्रथमिकता 9861690959

टिचिङ अगाडी कुक चाहीयो 9803670327

डिस्को,क्लबमा बोन्सर, महिला डान्सर, महिला होस्टेज, महिला रिसेप्सनीष्ट, सेक्युरिटिगार्ड, 9808238246

अलराउण्डर कुक-२ जना, वेटर-२ जना, बौद्धगेट अगाडि रुडबाड किचेन, 9843755937

पोल्टीफर्ममा दुईजोडी कामदार बस्नेसुविधा तलबजोडिको-२३,०००।-, 9851057404

Trainer instructor Receptionist Marketing, 9749411345

म:म: मिस्त्री १७,०००।- कुक-२०,०००।-, वेटर-१७,०००।-०१५३२०४९२

घरायसी कामगर्ने महिलाहरू चाहियो १५,०००।- 9818852178

तन्दुरीकोलागि किचन कुक, वेटर, हेल्पर, डिसवासर ९८४३७१९२०५

न्युरोडस्थित सहकारीलाई काठमान्डौ मनपा सहित १०ओटै नगरपालिकाको लागी स्मार्टलेडिज अपरेसन मेनेजरहरू चाहियो तलब २५,००० स्थानियलाई प्राथमिक्ता ९८४१२३२३९७

कुक, हेल्पर, हाउसकिपिङ्ग चाहियो खानाबस्नको सुविधाछ ९८४३२४२३११

फास्टफुड कुक, तन्दुरी-कुक मैतिदेवी 9849145602

चलिरहेको डेरी उद्योगकोलागि पार्टनरको आवश्यकता ९८१०३३२८२९

अलराउण्डर कुक, वेटर, मसाल्ची, बस्ने सुविधा, 9869028713

मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9851056662

भर्ना

प्राईभेट SEE,+2 ग्यारेन्टी किताब-भर्ना नि:शुल्क, 9860579477

BA/ MBA/ BBA/ B.Com/M.Com/BSW & MSW City Foundation Koteshwor, 9841206019

उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५९१४७८१०

बिहावारी

देशविदेशमा बस्ने उत्कृष्ट भविष्य भएका नेपालीहरूका लागि उपयुक्त बरबधु चाहिएमा सम्पर्क 9842981178 www.nrnmatch.com


प्रतिष्ठित ब्राह्मण परिवारको सम्बन्धविच्छेद समस्याबिहिन बालविशेषज्ञ डाक्टरकोलागि ४५वर्षमुनिको वधुचाहियो बच्चापनि स्वीकार्यहुनेछ Whatsapp +९१९९२४७९३७४९

शाक्य/वज्राचार्यमा २५देखि ३८वर्ष डाक्टर/इन्जिनियर, बैंकर्स स्वदेश-विदेश बरबधुमा सम्पर्क, 9865552528

‘कमजोर’ बन्दै मधेसकेन्द्रित दल

पाँच वर्षअघि तालमेल गरेर प्रदेश सरकार नै बनाएका मधेसकेन्द्रित दल यस पटक बेग्लाबेग्लै गठबन्धनबाट चुनावी मैदानमा

भूषण यादव (वीरगन्ज)



मधेसकेन्द्रित दल तत्कालीन संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी (राजपा) ले गठबन्धन गरेर २०७४ सालको चुनावमा प्रतिनिधिसभाका १९ सिटमा जित हात पारेका थिए। फोरमका ९ र राजपाका १० जना विजयी भएका थिए। मधेस प्रदेशमा फोरमले २९ र राजपाले २५ सिट जितेर संयुक्त सरकार नै बनाए। मुख्यमन्त्री फोरमले र सभामुख राजपाले लिए। त्यसयताको पाँच वर्षको उथलपुथलका बीच जुटफुटमा गुज्रँदै ती दुई दल अहिले जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का रूपमा छन् र दुवै दल दुई कित्तामा पुगेका छन्।

जसपा एमालेसँग तालमेल गरेर चुनावमा होमिएको छ। एमालेले जसपालाई प्रतिनिधिसभातर्फ १७ सिटमा सघाउँदै छ जसमध्ये १४ वटा मधेस प्रदेशमा पर्छन्। मधेस प्रदेशसभाका ३२ सिटमा पनि जसपाले एमालेको सहयोग पाउँदै छ। जसपा सत्ता गठबन्धनबाट बाहिरिएलगत्तै लोसपा प्रवेश गरेको छ। लोसपालाई सत्तारूढ गठबन्धनले मधेसमा प्रतिनिधिसभातर्फ ७ र प्रदेशसभामा १६ सिट दिएको छ। डेढ दशकअघिको मधेस आन्दोलनको जगमा उदाएका जसपा र लोसपा आगामी निर्वाचनमा प्रतिनिधिसभातर्फका चार क्षेत्रमा आमनेसामने हुँदै छन्। सप्तरी-२, महोत्तरी-३, सर्लाही-१ र पर्सा-१ मा जसपा र लोसपाका उम्मेदवारबीच प्रतिस्पर्धा हुँदै छ। मधेस प्रदेशसभातर्फ सप्तरी-२ (१), सिरहा-४ (२), महोत्तरी- ३ (१) र २ (१), सर्लाही-१ (१) र २ (२), बारा-४ (२) मा दुवै दलका उम्मेदवारबीच मुख्य प्रतिस्पर्धा हुनेछ।

वीरगन्ज निवासी राजनीतिक विश्लेषक विनोद गुप्ता अघिल्लो निर्वाचनमा संघीय संसदमा १० र प्रदेशमा २५ सिट जितेको महन्थ ठाकुर नेतृत्वको पार्टीले अहिले संघीय संसदमा ७ र प्रदेशसभामा १६ वटा सिटमा मात्र उम्मेदवारी दिनुले उक्त दलको स्थिति खस्किएको संकेत गर्ने बताउँछन्। ‘आफ्नै कामकारवाहीले खस्किँदै गएका मधेसकेन्द्रित दल अहिले अस्तित्व जोगाउन लागिपरेका छन्,’ उनले भने, ‘महन्थ ठाकुरजस्तो नेताले नेतृत्व गरेको पार्टीले अघिल्लो निर्वाचनमा जितेको भन्दा आधा सिटमा उम्मेदवारी दिनुपर्ने अवस्था आएको छ।’

ठाकुरराम बहुमुखी क्याम्पसका उपप्राध्यापक वीरेन्द्रप्रसाद साह ‘एकले अर्कालाई देखाइदिने’ प्रवृत्तिका कारण मधेसकेन्द्रित दलहरूका सामु अहिले साख जोगाउनुपर्ने चुनौती आइपरेको टिप्पणी गर्छन्। ‘जसरी पनि सत्तामा पुग्ने र अर्कोलाई देखाइदिने प्रवृत्तिका कारण मधेसकेन्द्रित दलहरू आफैं सिद्धिने अवस्थामा आइपुगेका छन्,’ उनले भने। मधेसकेन्द्रित दल आफ्नो अडान कायम राख्न नसक्दा कमजोर बन्दै गएको साह बताउँछन्। ‘केपी ओलीले दुई पटक संसद् विघटन गर्दा समर्थन जनाएको लोसपा अहिले कांग्रेस नेतृत्वको सत्तारूढ गठबन्धनमा छ,’ उनले भने, ‘अर्को दल जसपा एमालेसँग गठबन्धन गरी चुनावमा होमिएको छ।’

साह कांग्रेस, एमाले र माओवादीले मधेसकेन्द्रित दलहरूलाई उपयोग मात्र गरिरहेको बताउँछन्। ‘अपन शासन अपन प्रशासन, स्वायत्तता लगायतका माग कसरी पूरा गराउने भन्ने स्पष्ट मार्गचित्र पनि मधेसकेन्द्रित दलहरूले दिन सकेनन्,’ उनले भने, ‘आफ्नो अडानमा कायन नरहने र एकअर्काविरुद्ध इगोको राजनीति प्रवृत्तिका कारण अहिले दुवै दल आफ्नो प्रभाव क्षेत्रमै कमजोर बनेका हुन्।’

मधेसकेन्द्रित दलमा झन्डै २ दशक रहेर राजनीति गरेका पर्साका शिव पटेल दुवै मधेसकेन्द्रित दलमा सत्ता स्वार्थका कारण सैद्धान्तिक विचलन आएको बताउँछन्। तत्कालीन राजपाका महासचिवसमेत रहिसकेका पटेल फोरम र राजपा एकीकरण भई जनता समाजवादी पार्टी निर्माण हुँदा केन्द्रिय सदस्य थिए। सरकारमा जानकै लागि पार्टी विभाजन गरेका कारण मधेसकेन्द्रित दलहरूलाई मतदातामाझ जान कांग्रेस र एमालेजस्ता पुराना दलको सहारा चाहिएको उनको बुझाइ छ। ‘चुनाव जितेर संसदमा पुगेपछि आन्दोलनको एजेन्डा कसरी स्थापित गराउने भन्दा पनि सत्तामा कसरी पुग्ने ध्याउन्नमा मात्र लागे,’ हाल एमालेको मधेस प्रदेस समिति सदस्य रहेका पटेलले भने, ‘दुवै दलसँग जनता माझ जान कुनै मुद्दासमेत छैन।’

२०६३ सालमा जारी भएको अन्तरिम संविधानप्रति असन्तुष्टि राखेर तत्कालीन मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवले थालेको आन्दोलनको रापतापमा मधेसमा नयाँ शक्तिको उदय भएको थियो। संघीयता, समावेशिता, ‘अपन शासन अपन प्रशासन’, पहिचानको मुद्दा उठाइएको आन्दोलनले मधेसी जनता आकर्षित गरेको थियो। पहिलो मधेस आन्दोलनकै क्रममा महन्थ ठाकुरको नेतृत्वमा मधेसमा अर्को दल तराई मधेस लोकतान्त्रिक पार्टी भएको थियो। कांग्रेसको केन्द्रीय कोषाध्यक्ष पद त्यागेर ठाकुरले नयाँ दल गठन गरेका थिए। ०६४ मा भएको पहिलो संविधानसभा निर्वाचनमा फोरमले ५४ र तमलोपाले २१ सिट जितेका थिए।

दोस्रो संविधान सभा निर्वाचनसम्म पुग्दा सत्ता स्वार्थका कारण टुटफुट भएर मधेसकेन्द्रित दल १६ वटा भएका थिए। त्यसबेला मधेसकेन्द्रित दलले जम्मा १२ सिट जिते। ०७२ मा संविधान जारी हुने बेला असन्तुष्टि राखेर मधेसकेन्द्रित दल फेरि आन्दोलित भएका थिए। साढे ४ महिना अघोषित नाकाबन्दी र ६ महिना लामो आन्दोलनपछि ०७४ मा भएको आम निर्वाचनमा फोरम र राजपाले गठबन्धन गरेका थिए। ‘चुनावी नतिजापछि मधेसको मुद्दामा जुन भूमिका फोरम र राजपाले गर्नुपर्ने थियो, त्यो देखिएन,’ राजपाका तत्कालीन महासचिव पटेल भन्छन्, ‘सत्ताको भागबन्डाकै विषयले पार्टी फोडे।’

जनकपुर निवासी राजनीतिक विश्लेषक रोशन जनकपुरीले मधेश केन्द्रीत दल अहिले एजेन्डाविहीन भएको बताउँछन्। उनका अनुसार गणतन्त्र स्थापनापछि माओवादीको जसरी उभार आएको थियो, त्यसरी नै आत्म निर्णयको अधिकार, स्वायत्तता, समावेशिता लगायतको मुद्दाले मधेसकेन्द्रित दल उदाएका थिए। ‘मधेस विद्रोहपछि कसले हाम्रो नेतृत्व गर्छ भनेर मधेसी जनताले सोचिरहेको बेला केही नेता अवसर छोपेर स्थापित भएका थिए,’ जनकपुरी भन्छन्, ‘एजेन्डा स्थापित गराउनेभन्दा पनि मौका छोप्ने अवसरवादी नेता देखिएका कारण जनता अन्योलमा छन्।’ मधेसकेन्द्रित दल अन्य पार्टी जस्तै बनेको उनको बुझाइ छ। ‘कहिले देउवासँग मिल्छन्, त कहिले ओली ठीक भन्छन्,’ उनले भने, ‘ठूला दलले जसपा र लोसपालाई सरकार बनाउन मात्र प्रयोग गर्छन्।’

मुद्दामा मेल, निर्वाचनमा बेमेल



महिन्द्र राय यादव



राजेन्द्र महतो

ओमप्रकाश ठाकुर (सर्लाही)

महिन्द्र राय यादव एमालेबाट मधेसको राजनीतिमा आएका नेता हुन् भने राजेन्द्र महतो मधेसकै मुद्दाबाट स्थापित भएका हुन्। दुवै नेतामा मधेसका मुद्दामा कुनै फरक मत देखिँदैन। राजनीतिक हिसाबकितावमा उनीहरू कहिले एउटै पार्टीको छातामुनि पुग्छन् त कहिले फरक-फरक दलमा हुन्छन्। तर हरेकजसो निर्वाचनमा उनीहरू आमनेसामने मात्रै हुँदैनन्, आरोपप्रत्यारोपकै तहमा उत्रिन्छन्। सर्लाहीका नेताहरू यादव र महतोलाई आपसका चिरपरिचित मित्र र शत्रुका रूपमा चिन्छन्।

डेढ दशकअघि यादव र महतो तराई मधेस लोकतान्त्रिक पार्टीमा थिए। २०६४ सालको संविधानसभा निर्वाचनमा महतो प्रत्यक्षबाट र यादव समानुपातिकबाट निर्वाचित भए। पछि फरक-फरक पार्टी गठन गरेर उनीहरू २०७० को दोस्रो संविधान सभाको निर्वाचनमा होमिए। यादव तराई मधेस सद्भावना पार्टीबाट र महतो नेपाल सद्भावना पार्टीबाट सर्लाहीको एउटै चुनाव क्षेत्रमा उठे। यादव महतोलाई २ हजार ५ सय मतले पछाडि पार्दै विजयी भए।

मधेसको अधिकारको सवालमा गठन भएको लोकतान्त्रिक मधेसी मोर्चामा महतो र यादवले एकजुट भएर तराई-मधेस तताएका थिए। मधेसी मोर्चाले गठन गरेको राजपा हुँदै लोकतान्त्रिक समाजवादी पार्टीमा पनि फेरि यी दुवै नेता एक ठाउँमा उभिए। पार्टी विभाजनपछि यादव बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीमा लागे भने महतो लोकतान्त्रिक समाजवादी पार्टीमा। यादव अहिले माओवादी केन्द्रको चिह्न लिएर चुनावी मैदानमा छन्। झट्ट हेर्दा यादव र महतो दुवै एउटै चुनावी गठबन्धनमा छन्। केन्द्रमा माओवादी र कांग्रेससहितको गठबन्धनमा लोसपा भए पनि महतोको हकमा लागू भएन।

पहिलेदेखि लड्दै आएको क्षेत्रमा यादवको बलियो पकड देखेपछि महतो ०७४ को प्रतिनिधिसभा निर्वाचनमा धनुषाबाट उठेका थिए र निर्वाचित पनि भए। आसन्न निर्वाचनमा धनुषा सुरक्षित नहुने देखेपछि महतो फेरि पुरानै क्षेत्र फर्कंदा फेरि सर्लाही-२ मा यादवसँग आमनेसामने भएका छन्। नेता यादवले केन्द्रको निर्णयअनुसार आफू गठबन्धनको उम्मेदवार रहेको जनाउँदै महतोलाई मत नदिन आह्वान गरिरहेका छन्। ‘गठबन्धनको औपचारिक उम्मेदवार म नै हो, मतदाताको मन जित्ने प्रयास गरिरहेको छु,’ उनले भने।

मधेसका मुद्दा र विकास आफ्नो मुख्य प्राथमिकता रहेको महतोको भनाइ छ। ‘यो क्षेत्र विकास निर्माणमा एकदमै कमजोर छ। नागरिक हकअधिकारबाट पनि बञ्चित छ। यस क्षेत्रको उत्थानका लागि मैले उम्मेदवारी दिएको हो,’ महतोले भने, ‘महिन्द्रजीसँग मेरो मित्रवत् प्रतिस्पर्धा हुन्छ।’

स्थानीय तहको निर्वाचनमा सर्लाही-२ का पालिकामा सत्ता गठबन्धनले ३४ हजार ५ सय ७८ मत पाएका थिए भने लोसपाका पक्षमा १२ हजार ३ सय ७१ मत खसेको थियो। एमालेले ७ हजार ६ सय ७९ र जनता समाजवादी पार्टीले १९ हजार ६ सय ४२ मत प्राप्त गरेका थिए।

HONDA छ
साथ साथ

HONDA



सम्पादकीय

सरकार र व्यवसायी यात्रुको जीवनप्रति जिम्मेवार बनून्

हरेक वर्ष ठूला चाडबाडको आसपास सार्वजनिक सवारी दुर्घटनाको अप्रिय खबर सुन्नु नेपालीको नियतिजस्तै बनेको छ। यसपालि पनि असोज २० गते नारायणगढबाट वीरगन्जतर्फ गइरहेको बस अमलेखगन्जमा दुर्घटना हुँदा १८ जनाको मृत्यु भयो, २९ जना घाइते भए। यसको तीन दिनपछि, काठमाडौं आउँदै गरेको बस रामेछापमा दुर्घटनामा पऱ्यो, १३ यात्रु घाइते भए। सवारी दुर्घटनाका अन्य छिटपुट घटनाहरू पनि भइरहे। यस्ता घटनाको जिम्मेवारी भने कसैले पनि लिनुपरेको छैन, जिम्मेवारी लिने चलन पनि छैन। घटनास्थलमा पुगेका प्रहरीको प्रारम्भिक अवलोकनले अमलेखगन्जमा ब्रेक फेल भएको र रामेछापमा घुम्ती काट्न नसकेर दुर्घटना भएको निष्कर्ष निकालेको छ। यस्तो निचोडको अन्तर्यमा सार्वजनिक यातायत प्रणालीप्रति सरकारको निरन्तरको उपेक्षा छ भन्ने वास्तविकता लुकेको छ।

नेपालको सडक सदैव जोखिमपूर्ण छ। नेपाल प्रहरीसँग उपलब्ध तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०७८-७९ मा देशभरि सवारी दुर्घटनामा परेर २ हजार २ सय १८ जनाको मृत्यु भएको छ भने ३ सय ८ जना अंगभंग भएका छन्। २०७४ सालदेखि हालसम्मको क्षतिलाई एक ठाउँमा राख्ने हो भने स्थिति झनै भयावह देखिन्छ, यस अवधिमा १० हजार ३ सय ८७ जनाको सवारी दुर्घटनामा मृत्यु भएको छ भने १ हजार १ सय ४४ जना अंगभंग भएका छन्। सार्वजनिक र निजी सवारी दुर्घटनाका छुट्टाछुट्टै तथ्यांक उपलब्ध नभए पनि, समग्र यातायात प्रणालीको दयनीय अवस्थालाई यसले उजागर गरेको छ। निजी सवारी दुर्घटना संख्यामा बढी देखिए पनि सार्वजनिक सवारी दुर्घटनामा मानवीय क्षति बढी हुने गर्छ। तसर्थ उल्लिखित तथ्यांकमा सार्वजनिक सवारी दुर्घटनाको क्षतिको हिस्सा नै बढी छ।

यातायात प्रणालीको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको यात्रुलाई सुरक्षित किसिमले गन्तव्यमा पुऱ्याउनु हो, यसको अर्थ उनीहरूको जीवन जोगाउनु हो। तर दुर्घटनाकै कारण यति ठूलो मात्रामा मृत्यु भइरहँदा पनि सरकारले यो पक्षलाई बेवास्ता गर्दै आइरहेको छ। पछिल्लो दशक सडक विस्तारमा सरकारले जति लगानी गरेको छ, त्यसको तुलनामा यातायात प्रणाली, अझ सार्वजनिक यातायात सेवालाई सुरक्षित तुल्याउन भने नगण्य प्रयास मात्र भएको छ। प्रतिफलस्वरूप सार्वजनिक यातायात प्रणाली नेपालीको असामयिक मृत्युको एउटा कारक बनिरहेको छ।

सार्वजनिक सवारी दुर्घटनाको छानबिन प्रहरीको अवलोकनमै सीमित हुनुले यस्तो घटना र मृतकका आफन्तप्रति सरकार कुन हदसम्म असंवेदनशील छ भन्ने देखाउँछ। विडम्बना, वर्षौंदेखि सरकार यतिमै सीमित छ। यस्तो अवलोकनका आधारमा चालकको लापरबाही, सवारी बिग्रनु र जोखिमपूर्ण सडक सवारी दुर्घटनाका मुख्य तीन कारक हुन् भन्ने निष्कर्ष निकालिन्छ। सरसर्ती हेर्दा यी कारक हुन् पनि। तर, मुख्य समस्या अन्तै छ। नेपालको सार्वजनिक यातायात प्रणाली लामो समयदेखि यातायात व्यवसायीहरूको प्रतिनिधित्व गर्ने संघ-संगठनहरूको दृष्टिकोणबाटै चलिरहेको छ।

नेपालको सार्वजनिक यातायात निजी क्षेत्रले नै डोऱ्याइरहेको छ भन्दा हुन्छ। र, तिनको प्राथमिकता यात्रुको सुरक्षाभन्दा पनि कसरी नाफा कमाउने भन्ने हुन्छ। आपसी विश्वासमै सवारीचालक राखिएका हुन्छन्; तिनको क्षमतावृद्धि, सुविधा, आम्दानीको निश्चिन्तता लगायत पक्षमा व्यवसायीको चासो कमै हुने गर्छ। चालकहरूलाई सही तालिमको व्यवस्था पनि हुन्न। कतिलाई त सुरक्षित यातायातको तौरतरिकाबारे जानकारी पनि हुन्न। एकातिर तीव्र गतिमा गाडी हुइँक्याइन्छ, अर्कातिर धेरैभन्दा धेरै यात्रु कोचेर मुनाफा कमाउनु नै व्यवसायीको लक्ष्य हुने गर्छ। सवारीसाधन र सडकको अवस्थाजस्ता पक्ष नाफाका अगाडि गौण बनिदिन्छन्। यस्तोमा व्यवसायीहरूलाई यात्रुको सुरक्षाका लागि गर्नुपर्ने आधारभूत काम र तिनको भूमिकाबारे सरकारले दिशानिर्देश गर्नुपर्ने हो, जुन अहिले भइरहेको छैन।

सरकारी संरचनामा पनि यातायात व्यवसायीहरू नै हावी भएका छन्। नियम-कानुन तिनकै फाइदालाई केन्द्रमा राखी बनाइएका छन्। वार्षिक रूपमा केही रकम राजस्व तिरेपछि, आम्दानी-खर्चको हिसाब कुनै सरकारी निकायमा देखाउनु-बुझाउनु पर्दैन। सार्वजनिक यातायात प्रणालीलाई सुरक्षित बनाउन सरकारले यो व्यवसायलाई थितिबद्ध तुल्याउनुपर्छ। मुनाफाको केही हिस्सा चालकको सुरक्षा र सवारीसाधनको मर्मत-सम्भारमा खर्च गर्नैपर्ने बाध्यात्मक व्यवस्था गर्नुपर्छ। यस्ता विषयमा ध्यान नदिई ट्राफिक नियमनलाई मात्र प्रभावकारी बनाइरहँदा घटनामा कमी नआउने पुष्टि भैसकेको छ। यसपालि दसैंमा पनि सातै प्रदेशका राजधानीमा चालकको अवस्था र सवारी अनुगमनलाई कसिलो पारिएको थियो तर अप्रिय घटना आउने क्रम रोकिएन। त्यसैले व्यवसायीहरूलाई यात्रुको जीवनप्रति जिम्मेवार बनाउन चाहिने नीतिगत सुधारको प्रबन्ध गर्नु आवश्यक छ।

सहनुको पनि सीमा हुन्छ

शीर्ष भनिने नेताहरूमा स्वाभिमान रत्तीभर छैन। जहाँ गए पनि आक्रोशित जनताका मुखबाट यी नेताहरूको बद्‌ख्वाइँ सुन्नुपर्छ। नेतृत्व स्वाभिमानी, निष्कपट र गतिलो भए पो समाज अगाडि बढ्छ !



किशोर नेपाल



संघीय गणतन्त्र नेपालको संविधान जारी भएपछि दोस्रो चुनाव हुन लागेको छ, देशमा। २०७२ सालमा भूकम्पले दह्रो धक्का नदिएको भए नेताहरू संविधान लेख्न तयार हुने थिएनन्। २०६२-६३ सालको परिवर्तनपछि भएको संविधानसभाको निर्वाचनमार्फत नेपाली जनताले निश्चित समयमा संघीय गणतन्त्र नेपालका लागि गतिशील संविधान लेख्ने आदेश दिएका थिए। तर, सत्तामोहमा अल्झिएका नेताहरू स्वयं नै परिवर्तनप्रति असहज भइदिए। त्यति बेला जनताले नेपाली कांग्रेस र नेकपा माओवादीबीच मेलमिलापको खोजी गरेका थिए। तर, माओवादी पार्टीका 'सर्वोच्च नेता' पुष्पकमल दाहाल 'प्रचण्ड' ले आफ्नो पार्टीभित्रको कांग्रेसविरोधी तत्त्वलाई निरस्त गर्न सकेनन् वा चाहेनन्। कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको गणतान्त्रिक नेपालको पहिलो राष्ट्रपति हुने महत्त्वाकांक्षा जगजाहेर थियो। उनको यो महत्त्वाकांक्षा अस्वाभाविक पनि थिएन होला। माओवादीसँग बृहत् शान्ति सम्झौतापछि कोइरालाको राजनीतिक कद हलक्क बढेर सबैभन्दा अग्लिएको थियो। तत्कालीन समयमा कोइराला र प्रचण्डले नेपाली राजनीतिमा अन्तर्निहित विध्वंसात्मक प्रवृत्ति तोड्न खोजेका भए सम्भवतः देशको कथा सुखद हुन सक्ने थियो।

यति बेला संघीय गणतन्त्र नेपाल दोस्रो आवधिक चुनावको पूर्वसन्ध्यामा छ। चुनावको मुखमा नेपाली समाज निकै विचलित देखिएको छ। सहरबजारमा 'उनीहरूले सकेनन्, हामीले सक्छौं' भन्ने खालका नारा लाग्न थालेका छन्। यो अस्वाभाविक होइन। चुनावका बेला हिजोका सबै खराब र आउने सबै असल भन्ने भुलभुलैयाको सृजना जसले जति धेरै गर्न सक्यो, त्यो त्यति नै ठूलो नेता हुन्छ। यो संसारभरिकै नियम हो। नेपाली राजनीतिमा चाहिँ यो प्रवृत्ति अलिकति फरक खालको छ। देशमा को नेता हो र को जोकर ? त्यो छुट्याउन निकै कठिन छ।

आगामी चुनावको सन्दर्भले नेपाली समाजमा रहेका 'हुने' र 'नहुने' दुवै वर्गबीचको व्यापक असन्तुष्टिलाई उजागर गरिदिएको छ। आजसम्म कांग्रेस, एमाले र माओवादी लगायतका राजनीतिक दलहरूले बजाउने गरेका आर्थिक विकासका धुनहरू लगातार, एकनासले आर्थिक विनाशका शोकधुनमा परिवर्तित भएका छन्। राजनीतिक प्रणालीको नेतृत्व तहमा बसेका व्यक्तिहरूले सामान्य जनताको विश्वास गुमाएका छन्। यो सत्य हो, नेपाली राजनीतिमा भएको सबभन्दा पछिल्लो परिवर्तनले नेपाली जनताको स्वाभिमान उँचो बनाएको छ। तर, राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तन हुन नसकेकाले त्यो उचाइमा पुगेको स्वाभिमान अर्थहीन हुन थालेको छ। अहिलेको अवस्थाले कतै हामीले महान् भन्दै आएको परिवर्तनको निस्सारता साबित हुने त होइन ? यो आशंका बढेको छ। जनतामा पलाउनुपर्ने आत्मविश्वासको ठाउँमा हीनभावनाको सोत्तर लागेको छ। खेल मैदानमा रहेका अधिकांश राजनीतिक नेताहरू आकण्ठ भ्रष्टाचारमा डुबेका छन्। आफूलाई लोकतान्त्रिक समाजवादको अनुयायी भन्ने कांग्रेसका होऊन्, अथवा आफूलाई कार्ल मार्क्स र माओ त्सेतुङका 'गतिशील' अनुयायी भन्ने कम्युनिस्ट विचारका माओवादी, एमाले, जनमोर्चा, अनुदारवादी, अतिवादी, राजावादी जोसुकै होऊन्, अनावश्यक रूपमा देश विकासको बखान गरिरहेका छन्। तर, यथार्थ यही हो कि देशको अर्थतन्त्रले एक दाम पनि कमाउन सकेको छैन। जनता छटपटिएका छन्। समाज बिथोलिएको छ।

'कसैले तपाईं भनोस् कि नभनोस्, आफैं मपाईं' को भावमा आत्मरतिमा अलमलिएका छन्, संविधान बनाउने नेताहरू। संविधानका यी कथित निर्माताहरूले अहिलेको संविधानलाई 'संसारकै सर्वोत्कृष्ट' भने पनि यो पूर्णताको दस्तावेज होइन। यो संविधानले 'मत नदिने' जनताको नैसर्गिक अधिकारलाई अस्वीकृत गरेको छ। त्यति मात्र नभएर भारतका तत्कालीन विदेशसचिव (हाल विदेशमन्त्री) जयशंकर प्रसाद आफैं काठमाडौं आएर दिएको दबाबलाई समेत नजरअन्दाज गरेर लेखिएकाले यो संविधान महान् हो भन्ने नेताहरूको भनाइ रहँदै आएको छ। जयशंकरले बोकेर ल्याएका लिखित कार्यसूचीहरू संविधानमा समावेश नगरिएकै कारण यो संविधान महान् हुने होइन। यस्तो संविधान आर्थिक विकासको रत्तीभर समझ नभएका राजनीतिक नेताहरूले बनाउन सक्छन्। दलहरूले संविधान बनेपछि यसलाई जनअनुमोदनका लागि जनताबीचमा छलफलका लागि लैजाने वचनबद्धता प्रकट गरेका थिए। तर, त्यो वचनबद्धता पूरा भएन। दलका 'शीर्ष' भनिने नेताहरूको सामूहिक कब्जामा पर्‍यो संविधान। बडो तामझामका साथ बर्सौंनि दिवस मनाउनका लागि मात्र उपयोगी दस्तावेज !

यो संविधानका आधारमा खडा गरिएको निर्वाचन आयोगको नेतृत्वले निष्पक्ष चुनाव गराउन सक्छ भन्ने आधार नै छैन। प्रमुख चुनाव आयुक्त दलविशेषसँग टाँसिएका छन्। उनी र उनको टिमले चुनावलाई दलीय स्वार्थसँग जोडेका छन्। यो सन्दर्भलाई थोरै शब्दमा उच्चारण गर्दा पनि यो कुरा भन्नैपर्छ– निर्वाचन आयोगको नेतृत्व स्वयंकै विश्वासपात्रता छैन। आयोगको नेतृत्व तहमा रहेका मानिसहरू बुझ्याँचाजस्ता छन्। राजनीतिक दलका तर्फबाट उम्मेदवार बनेको व्यक्तिले चुनाव प्रचारमा लगाउने खर्चको सिलिङ र सीमा दुवै अतिरञ्जित हिसाबले बढाइएको छ। यति त निर्धक्क भन्न सकिन्छ– हिजोको दिनमा र हिजोको व्यवस्थामा जस्तै आजको संघीय गणतन्त्रको समयमा पनि देशका साधन र स्रोतमाथि मुट्ठीभर मानिसको नियन्त्रण छ। जनतालाई फकाएर, तर्साएर, लोभ्याएर होस्, जसरी पनि, चुनाव जितेर शासनको पटांगिनीमा आएको नेताले देश विकासको ढ्यांग्रो ठटाउनु अस्वाभाविक होइन। अहिलेसम्म विकासको बित्पाते सपना बाँड्ने चलन यथावत् छ भने मान्नुपर्छ, हाम्रो विचार प्रक्रिया सपाट छ।

हाम्रो राष्ट्रिय अस्तित्व नराम्रोसँग संकटमा भासिन थालेको छ। अर्थतन्त्र साह्रै साँघुरिएको छ। नेता वर्ग र कर्मचारी तन्त्रले राजनीतिक विश्वसनीयता गुमाइसकेका छन्। हाम्रा जेजति पनि आर्थिक उपलब्धि बताइएका छन्, ती विरोधाभासपूर्ण छन्।

यस्तो किन भइरहेको छ त नेपालमा ? यो दोष हाम्रो जन्मभूमिको पवित्र माटाको हो कि यति सुन्दर धरतीमा जन्मिएका हामी जनताको निर्बुद्धिको परिणाम हो ? अहिलेसम्म यो गोलार्द्धका हाम्रा अग्रज विद्वान्हरू कसैले पनि आफ्नो विचार प्रकट गरेका छैनन्। बरु हामीले एउटै कुरा पटकपटक दोहोऱ्याउने गरेका छौं। हालै श्रीलंका टाट पल्टिएर त्यहाँको सत्तासीन वर्ग भागाभाग गरेको घटनापछि हामी आत्तिएका थियौं। पाकिस्तानमा राजनीतिक संकट चुलिँदै गएपछि हामी अतालिएका थियौं। समयको यही क्रममा अफगानिस्तानमा निर्णायक विद्रोह भएपछि हामी हेरेका हेर्‍यै भयौं। 'असफल राष्ट्रहरूको मर्मत गर्ने कालिगड' का रूपमा चिनिएका अफगानिस्तानका राष्ट्रपति प्रोफेसर असरफ घानीलाई तालिवानले सत्ता मात्र होइन, देशै छाड्न बाध्य तुल्यायो। प्रोफेसर घानी अफगानिस्तानबाट पलायन भए। अहिले उनी हराएका छन्। कहाँ छन् ? पत्तो छैन। देशबाटै निकालिएपछि मानिसको पहिचान र अस्तित्व मेटिन्छ। समयक्रममा संसारका धेरै नेता पलायन भएका छन्, धेरै राष्ट्रहरूको नाम र निसान मेटिएको छ।

यो हामी नेपाली जनताको सौभाग्य नै हो, हामीले अहिलेसम्म कसैसँग पनि हाम्रो राष्ट्रिय अस्तित्वको सम्झौता गर्नुपरेको छैन। यसको अर्थ, हाम्रो आन्तरिक राजनीतिका चञ्चल बिम्बहरू भत्किँदैनन् भन्ने होइन। हाम्रो राष्ट्रिय अस्तित्व नराम्रोसँग संकटमा भासिन थालेको छ। हाम्रो अर्थतन्त्र साह्रै साँघुरिएको छ। हाम्रा नेता वर्ग र कर्मचारी तन्त्रले राजनीतिक विश्वसनीयता गुमाइसकेका छन्। हाम्रा जेजति पनि आर्थिक उपलब्धि बताइएका छन्, ती विरोधाभासपूर्ण छन्। हामी अहिले विद्युत् व्यापारको रमितामा रमाएका छौं। तर, आउँदो हिउँदमा यो व्यापारमा पनि ठूलो घाटाको सुरुआत हुने पक्कापक्की छ। कतिपय विद्युत् आयोजना पूरा हुने वातावरण सरकार आफैंले जानीजानी बनाएको छैन। सरकार चलाउनेहरूले आयोजनाहरूबाट पर्याप्त 'उपरी' खर्च असुल नगरेसम्म तीमध्ये कुनै पनि पूरा नहुने दीर्घरोग लागेको छ देशलाई।

संघीय गणतन्त्रका नेताहरूले राज्य व्यवस्थामा आमूल परिवर्तनपछि पनि देशलाई आधारभूत परिवर्तनको बाटामा हिँडाउन सकेनन्। समाजप्रति उदासीन रहेका नेताका सल्लाहकारले उनीहरूलाई गलत बाटामा डोऱ्याए। नेपाललाई विश्ववजारीकरण र उदार आर्थिक नीतिसँग जोड्ने काम राजा वीरेन्द्रको पालामा अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले गरेका थिए। विश्व बैंकको 'स्ट्रक्चरल एडजस्टमेन्ट प्रोग्राम' को कार्यान्वयनपछि नेपाली अर्थतन्त्रमा सुधारको आशा गरिएको थियो। पञ्चायतकालमा निर्दल र बहुदलबीच भएको जनमतसंग्रहपछि कार्पेट र गार्मेन्ट उद्योगको मेला लाग्यो। तर, राजधानीकेन्द्रित ती उद्योगको जरो गाडिएन। आर्थिक सुधारको त्यो आशा त्यत्तिकै कचल्टियो।

२०४६ सालको ऐतिहासिक राष्ट्रिय जनआन्दोलनपछि सन्त नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकारको गठन भयो। भट्टराई मन्त्रिपरिषद्‌मा अर्थमन्त्री बने डा. देवेन्द्रराज पाण्डे। उनले आर्थिक सुधारका वैकल्पिक कार्यक्रम सुरु गरे। तर, प्रधानमन्त्री भट्टराईलाई चुनावमा पराजित तुल्याइयो। अन्तरिम समयको समाप्तिपछि सुधारका बाटाहरूमा तगारा लागे। अन्तर्राष्ट्रिय संस्थाका जागिरे रहेका डा. रामशरण महतलाई कांग्रेसले आफ्ना मूर्धन्य अर्थविद् र नेताका रूपमा स्थापित गऱ्यो। डा. महतले विश्व बैंकको प्रेस्क्रिप्सन लागू गरे। यसअघिका चुनावहरूमा र यो चुनावमा समेत पार्टीहरूले ठोस आर्थिक कार्यसूची ल्याएका छैनन्।

कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष ओलीलाई छाडिदिऔं। यिनीहरू २०४६ सालदेखिका रैथाने हुन्। यिनीहरू विकासविरोधी तत्त्वका मतियार हुन्। तर, 'देश र समाजको मुहार बदल्न हिँडेको' दावी गर्दै आएका माओवादी अध्यक्ष प्रचण्डमा समेत कुनै चेत देखिएन। शीर्ष भनिने यी नेताहरूमा स्वाभिमान रत्तीभर छैन। जहाँ गए पनि आक्रोशित जनताका मुखबाट यी नेताहरूको बद्‌ख्वाइँ सुन्नुपर्छ। नेतृत्व स्वाभिमानी, निष्कपट र गतिलो भए पो समाज अगाडि बढ्छ !

धन्य हो, नेपाली जनता सहनशील छन् ! यो सहनशीलताको पनि सीमा छ। यति हो कि आउँदो मंसिर ४ ले मात्रै परिवर्तनको ढोका हवात्त खोल्न सक्दैन। ढोका ढकढक्याइरहनुपर्छ। आग्लो त खुल्नैपर्छ। आग्लो खुलेन भने जनताको धैर्यको बाँध फुट्छ। त्यसपछि को कता हुन्छन्, को कता पर्छन्, कसले भन्न सक्छ !

सम्पादकलाई चिठी

सुन्दर राजधानीको चाहना

आफ्नो देश, आफ्नो राजधानी सफा, सुघर र सुन्दर होस् भनेर नचाहने को होला ? तर चाहेर मात्र केही हुँदैन। त्यसका लागि काम गर्नेलाई सकारात्मक वातावरण बनाइदिनुपर्छ। विदेश सयर गरेर आउने अधिकांश नेपालीले काठमाडौंमा टेक्नेबित्तिकै मुख खुम्चाउँदै नेताहरूका कारण आजसम्म राजधानीको मुहार नफेरिएको टिप्पणी गर्थे। उनीहरू यस्तो कुरूप सहर र 'सिस्टम' नभएको देशमा आफ्ना छोराछोरी बस्न नपरे पनि हुन्थ्यो भनेर कामना गर्थे। के सधैंभरि हाम्रा सहरहरू कुरूप र फोहोरको डुंगुरमै बसिराख्नुपर्ने हो ? होइन भने काम गर्न आएका बालेन शाहजस्तालाई काम गर्ने वातावरण बनाइदेऊ। उनीहरूको राम्रो कामको प्रशंसा गरौं। गल्ती भए त्यसलाई सपार्न सकारात्मक सुझाव दिऊँ। खुट्टा तान्ने काम नगरौं। अन्यथा हाम्रो राजधानी सहर कहिल्यै बन्दैन। हाम्रा सहरहरू सधैं कुरूप नै हुने, 'सिस्टम' सधैं फितलो नै रहिरहने हो भने भावी पुस्ता विदेश पलायन हुन झन् बढी लालायित हुन्छन्। भावी पुस्तालाई हेरेर भए पनि सुन्दर राजधानी बनाउने प्रयासमा कसैले भाँजो नहालौं। राजधानी कुरूप हुनुमा हामी पनि दोषी छौं। मनपरी फोहोर बाटामा फाल्ने, पार्किङ बनाउँछु भनेर घरको नक्सा पास गर्ने तर त्यहाँ पसल राख्ने काम हामीले नै गरेका हौं। यस्तो काम गर्ने अनि आफैं ठूलो स्वरमा 'राजधानी कुरूप भयो' भनेर कराउने पनि गर्छौं। यस्तो दोहोरो चरित्र देखाएसम्म न राजधानी सुन्दर हुन्छ न त यसको मुहार नै फेरिन्छ।

– गोपाल देवकोटा, *काठमाडौं*

जनमतको अनादर

मुद्दा खेपिरहेका र फरार व्यक्तिले चुनावमा भाग लिन नपाउने स्पष्ट कानुनी व्यवस्था नहुँदा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पनि भष्टाचार र जघन्य अपराधमा संलग्न कतिपय आरोपित उम्मेदवार बनेका छन्। कानुनले फौजदारी अभियोग लागेर प्रहरी हिरासतमा रहेका व्यक्तिलाई सांसद बनाउने कल्पना गरेको छैन। भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचार आरोपमा मुद्दा मात्रै दर्ता भएमा पनि आरोपित व्यक्ति स्वतः निलम्बनमा पर्ने प्रस्ट पारेको छ। यस्तो व्यवस्था हुँदाहुँदै अहिले व्यक्तिहरू कानुनका ससाना छिद्र समातेर उम्मेदवारी दिइरहेका छन्। जुन पछि असहज परिस्थितिमा पुग्ने निश्चित छ। यस्तो व्यहोराका जनप्रतिनिधि कहिल्यै संसद् नपुगेका अनगिन्ती उदाहरण छन्। फेरि पनि यस्ता व्यक्तिहरूलाई किन टिकट दिँदै छन् दलका नेताहरू, यो सरासर जनमतको अनादर होइन र ? अतः यो पटक समय ढल्किसकेको छ। दलका नेताहरूले कति सही गरे, कति गलत आउँदो निर्वाचनमा आम नागरिकले जाँचिहाल्नेछन्। तर पटकपटक लोकतन्त्रमा जनमतको अपहेलना हुनु शुभसंकेत पक्कै होइन। यसतर्फ राजनीतिक दलहरू अब चनाखो हुनु अत्यन्तै जरुरी छ। आजको युगमा पनि अपराधी मनोवृत्तिका मानिस कुनै पनि अर्थमा जनप्रतिनिधि बन्नु हुँदैन। जनताका पहरेदार उनीहरू कुनै पनि अवस्थामा हुन सक्तैनन्। यदि यस्ता व्यक्ति जनप्रतिनिधिका रूपमा रूपान्तरित भए आम नागरिक फेरि प्रताडित बन्ने निश्चित छ।

– रामकृष्ण बराल, *जोरपाटी-५, काठमाडौं*

मतदाताको पनि परीक्षा

आगामी संसदीय चुनावका लागि नेता तयार भए पनि नागरिक अझै अलमलमै छन्। उम्मेदवारको सूची हेर्दै छन्। वर्षौंदेखि देश र जनहितमा केही काम नगरेका वा गर्न सक्ने हैसियत नभएकाहरूमध्येबाटै एकलाई रोज्नुपरेकाले नागरिक चिन्तित छन्। पुराना र परीक्षण भइसकेका नेताहरूलाई देश र जनहितप्रति बिलकुलै चासो छैन। तिनलाई आफ्नै चिन्ता छ। केवल आफ्नो गुट र स्वार्थको रक्षाका लागि अहोरात्र खटिएका छन्। जनचाहनाको कदर गरेको देखिन्न। कैयौं विकासका कामहरू अलपत्र पारिएकामा ठेकेदारलाई दोषी देखाउने प्रचलन छ। तर, त्यस्ता ठेकेदारलाई सहयोग गर्ने तिनै नेताहरूले हो। दुवै पक्षका मिलेमतोमा नै देशको यस्तो हविगत भएको जगजाहेरै छ। सच्चा नागरिक हुनुको दायित्व बोध गर्दै, आगामी चुनावमा यस्ता नेताहरूलाई नागरिकले फाल्नुपर्छ। आफ्नो र देशको भविष्यलाई उज्ज्वल बनाउन सक्नेहरूलाई नै शासनको बागडोर सुम्पनुपर्छ। याद राखौं– देशको भविष्य, आफ्नै हातमा छ।

– गजेन तामाङ, *पोकली-७, ओखलढुंगा*

खाद्य कम्पनीमा बेथिति

'झुटा बिल भर्पाई गर्ने कर्मचारीलाई कामु डीजीएम' समाचार पढेर साह्रै दुःख लाग्यो। समाचारमा रकम अपचलन गरेको, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पहुँच देखाएर तानाशाही प्रवृत्ति देखाउने व्यक्ति नियमविपरीत वर्षौंदेखि खाद्य व्यवस्था कम्पनीको प्रमुखको जिम्मेवारी सुम्पिएको जानकारी पाइयो। २०६९ सालमै आन्तरिक लेखा परीक्षण र सञ्चालक समिति बैठकले कारबाही गर्ने निर्णय सुनाएको व्यक्तिले यस्तो जिम्मेवारी पाउनुले खाद्य कम्पनीमा हदैसम्मको बेथिति मौलाएको देखिन्छ। यस्ता व्यक्तिलाई कारबाही त परे जाओस्, उल्टै बढुवा नै गरियो।



मुलुकका दुर्गम जिल्लावासीले राष्ट्रिय पर्वमा पनि नुनको झोलसँग उसिना चामलको भात खान पाएका छैनन्। चामल, दाल, चिनीजस्ता अत्यावश्यक खाद्य सामग्रीको आपूर्ति हुन सकेको छैन। दुर्गम क्षेत्रमा यस्ता वस्तुको व्यवस्थापन गर्न सहायक महाप्रबन्धक जिम्मेवार पद हो। सानो तहबाट उच्च पदको अनुभव बटुलेको कर्मचारी बढी प्रोत्साहित भएर मुलुकका सबै आवश्यकीय स्थानमा खाद्य सामग्री आपूर्ति, नियमानुसार कार्य सम्पादन गर्नुपर्नेमा कनिष्ट भएर पनि पहुँचका भरमा कार्यकारी पदाधिकारी हत्याएका व्यक्तिले आफूले प्राप्त गरेको पद, अधिकार, कर्तव्य एवम् जिम्मेवारी बिर्सेर यसरी आफूखुसी मनपरी निर्णय गर्ने, झुटा बिल भर्पाई बनाई अनियमित काम गर्ने, कार्यालयको सम्पत्ति बिक्री गर्ने, सहायक कर्मचारीसँग मिलेमतो गरी भ्रष्टाचार गर्ने, तानाशाहलाई ऐन नियम विपरीत केका आधारमा कायममुकायम कम्पनी प्रमुखको जिम्मेवारी दिइयो ? दुर्गम जिल्लामा चामल, नुन आपूर्ति हुन सकेको छैन, तर खुलेआम अनियमित र भ्रष्टाचार गर्नेलाई कारबाहीको साटो उल्टै बढुवा गर्न सञ्चालक समिति तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले भ्रष्टाचारमा लिप्त व्यक्तिलाई प्रश्रय र संरक्षण दिने सहसचिवलाई कारबाही गर्न सक्छ कि सक्दैन ? मुलुकलाई सुशासनको प्रत्याभूति दिनुपर्ने सरकार कहाँ छ, के गर्दै छ ?

– गंगाराज अर्याल, *पाली, अर्घाखाँची*

'९९ वर्षीय उम्मेदवार' समाचारमा facebook.com/eKantipur बाट लिइएका टिप्पणी :

आत्मविश्वासी टीकादत्त पोखरेललाई हृदयदेखि नै समर्थन, विजयको शुभकामना।
– भुवन पौडेल

●●●

बाजेको इच्छाशक्तिलाई मान्नुपर्छ।
– पासाङ जिम्बा

●●●

बुबाको राजनीति गर्ने इच्छाशक्ति अझै रहिरहनु खुसीको कुरा हो। सफलताको अग्रिम शुभकामनासाथै सुस्वास्थ्य एवम् दीर्घायुको कामना।
– मदनकुमार श्रेष्ठ

●●●

दृढ इच्छाशक्ति भयो भने संसारको कुनै पनि तागतले छेक्न सक्दैन भन्ने ज्वलन्त उदाहरण हुनुभएको छ, अब चुनाव हो हार-जित हुन्छ नै तर हामी आउने पिँढीलाई राम्रो सन्देश दिनुभएको छ। जितको शुभकामना !
– रविन बस्नेत

●●●

बुबाको जोसलाई सलाम ! तर भोटचाहिँ कति आउला भन्ने उत्सुकता बढ्यो।
– राजु दोचा राई

लेखका लागि : article@kmg.com.np
प्रतिक्रियाका लागि : letter@kmg.com.np
(लेख-रचना पठाउँदा सम्पर्क नम्बर अनिवार्य उल्लेख गर्नुहोला)

संविधानवाद र चुनावी संस्कृति



डेटलाइन तराई

चन्द्रकिशोर



संविधानमा शक्तिको वैधानिक मार्ग अभिरेखांकित हुन्छ भने राजनीतिक अभ्यासले शक्तिको बाँडफाँट, सन्तुलन, नियन्त्रण र विकेन्द्रीकरणलाई आकार दिन्छ । कुनै समाजको भविष्यलाई नजरमा राखेर संविधानको उपयुक्त व्याख्या गर्दा भुइँतहका तनावहरूले निकास पाउँछन् । जहाँका राजनीतिकर्मीले यस्तो गर्दैनन्, तिनीहरूले जार्ज बर्नार्ड शाको यस उक्तिलाई सही साबित गर्छन्, 'हामी इतिहासबाट यही सिक्छौं कि हामीले इतिहासबाट केही सिकेनौं ।' इतिहासका बारेमा भनिएको यस कथनलाई नेपालमा संविधान निर्माणको इतिहासको आलोकमा भन्न सकिन्छ– विगतका संविधानहरू किन टिक्न सकेनन्, किन अल्पायुमै संविधानहरू कालकवलित भइरहे भनेर हामीले मीमांसा गरेनौं ।

लोकतन्त्र उत्तरदायित्वपूर्ण व्यवस्था भएकाले यसले दलहरूको स्वेच्छाचारितालाई नकार्छ । संवैधानिक सर्वोच्चता र संवैधानिक प्रक्रियालाई जीवित बनाइराख्न स्वतन्त्र निर्वाचनको महत्त्व त हुन्छ नै, त्योभन्दा पनि निर्वाचनमार्फत संविधानले खोजेको यात्राको मार्गप्रशस्त भयो कि भएन भन्नेचाहिँ प्राथमिक पक्ष हो । नयाँ आम निर्वाचन गर्नु भनेको वर्तमान र भविष्यको आचरण तथा व्यवहारलाई नियमित र व्यवस्थित गर्न खोज्नु हो । निर्वाचनमार्फत राजनीतिक अभ्यासले जनअनुमोदन पाउँछ, मतादेश अनुसार शासनादेश पाएका दलहरूले कार्यसम्पादन गर्न निर्दिष्ट गोरेटो पाउँछन् । संविधानको मर्मलाई अतिक्रमित नगर्नसमेत त्यो मतादेशले बन्देज लगाएको हुन्छ ।

संविधानले राज्यतन्त्र समावेशी हुने परिकल्पना गरेको छ । प्रतिनिधित्वको विविधता र तीबाट ध्वनित हुने विचार, ज्ञान र अनुभवमा जुन विपुलता र सक्रियता उजागर हुन्छ, त्यसप्रति नेपाली लोकतन्त्रले गर्व गर्न सक्छ । प्रतिनिधित्वको यही विविधता नै हाम्रो राष्ट्रिय एकताको आधुनिक सूत्र हो । यो विविधतालाई कत्तिको स्वीकार, सम्मान, सक्रिय हुने अवसर दिइन्छ, हाम्रो एकता त्यसमै निर्भर हुन्छ । हाम्रो संविधानले प्रतिनिधित्वको एकरूपतालाई अस्वीकार गरेको छ । सार्थक समावेशी प्रतिनिधित्व नेपाली समाज अनुकूल अवधारणा हो । संविधानको प्रस्तावनामै 'हामी सार्वभौम सत्तासम्पन्न नेपाली जनता' लेखिएको छ र त्यसको विस्तार गर्दै अगाडि उल्लेख छ– 'बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त ।' यस पटकको निर्वाचनले यी विशेषतालाई आत्मसात् गरी प्रतिनिधिसभा र प्रदेशसभालाई विविधताबीचको एकताको साझा मञ्च बनाउने संकल्प पूरा गर्छ कि गर्दैन ? जवाफ निराशाजनक छ ।

दलहरूभित्र नेतृत्वको आलोचना गर्ने, प्रश्न उठाउने परम्परा संकुचनमा परेको छ । दलहरू वा तिनका नेतामाथि औंला उठाउनुलाई लोकतन्त्रविरोधी हर्कत भन्न थालिएको छ । दलभित्र प्रश्न उठाउनेहरूलाई प्रत्याशी हुनबाट रोकेर दण्डित गरिएको छ । दलको आन्तरिक लोकतन्त्रका लागि तर्क र तथ्ययुक्त आलोचना एउटा अनिवार्य पक्ष मानिन्छ तर नेपालमा यो पक्षलाई नै किनारामा पारिएको छ । यतिखेर दलपतिहरूले आफ्नै कार्यकर्ताहरूबाट प्रश्नको अधिकार खोसेका छन् । यसको दुष्प्रभाव टिकट वितरणमा देखियो । दलहरूले संविधानको अन्तर्यबाट टाढा गएर प्रत्याशी खडा गरेका छन् । यतिखेर सबैभन्दा ठूलो र अभूतपूर्व संकट के हो भने, निर्वाचनको उपयोग संविधानको आत्मालाई विखण्डित गर्नका लागि गरिँदै छ ।

दलहरूको बलमिच्याइँ बढ्दो छ । यस पालि जुन असमावेशी र असन्तुलित तवरले टिकट वितरण भयो, त्यसले वर्तमानको प्रतिनिधित्वको आधार निर्माण गर्दै भविष्यको राज्य चरित्रलाई मार्गनिर्देश गर्छ । प्रतिनिधित्वमा कुनै एउटै समुदायको वर्चस्व हुनु भनेको लोकतन्त्रलाई पक्षाघात हुनु हो । निर्वाचनले जनसाधारणको महिमा र गरिमालाई केन्द्रमा ल्याउनुपर्ने हो, सीमान्तीकृत र किनारीकृतहरूलाई मुखर हुने अवसर दिनुपर्ने हो । तर, टिकट वितरण लोकतान्त्रिक तवरले नहुनुले दलहरूमा डाडुपन्यु हातमा भएका सीमित नेताहरूको अधिनायकवाद स्थापित भएको दर्साएको छ । अत्यधिक खुला, अधिक ग्रहणशील, अधिक विविधता बोकेका, अधिक सृजनशील एवं सिद्धान्तनिष्ठ समर्पित कार्यकर्ताहरूबीचबाट उम्मेदवार खडा गरिनुपर्ने थियो । तर, त्यसो नहुँदा कमसलहरूबाटै छनोट गर्नुपर्ने विकल्पहीनताको अवस्थामा मतदातालाई पारिएको छ । आज समावेशीका नाममा 'आलंकारिक समावेशी' एउटा वैध र सबैले प्रयोग गर्ने राजनीतिक औजार भएको छ । निर्वाचन फगत शासकीय प्रतिनिधि छान्ने प्रक्रिया नभएर समाजभित्र द्वन्द्व व्यवस्थापनको बाटो हो । विविधतायुक्त एवं सन्तुलित प्रतिनिधित्वले राजनीतिक स्थिरता दिन सक्छ । तसर्थ दलहरूले आआफ्ना प्रत्याशीको छनोट कसरी र कस्तो गऱ्यो ? त्यसले राष्ट्रको सामाजिक-राजनीतिक जीवनलाई सुदूरसम्म प्रभाव पार्छ ।

यतिचाहिँ जिब्रो नचपाई भन्न सकिन्छ– विद्यमान हाँक र हौसलालाई स्वीकार गरेर समावेशी प्रतिनिधित्वको मर्मलाई आकार दिने प्रशस्त सम्भावनालाई चुनावी गठबन्धनहरूले तुहाइदिएका छन् ।

वर्तमान राजनीतिक पार्टीहरू मौजुदा व्यवस्थाको विकल्प बन्नमा अक्षम छन् । तिनीहरू मूल रोगसँग जुध्न तयार छैनन् । अहिलेको आवश्यकता भनेको वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक समस्यालाई समाधान गरी राज्यको अग्रगामी पुनःसंरचना गर्नु हो; राज्यको केन्द्रीकृत ढाँचाको अन्त्य गरी सहभागितामूलक संघीय शासन प्रणालीलाई प्रभावकारी बनाउनु हो । तर, यसको प्राथमिक पक्ष प्रतिनिधित्व गर्ने अवसर कसले पाइरहेको छ ? निर्वाचनको उद्देश्य प्रतिनिधित्वको निर्धारण हो । शासितहरू वा सेवा प्राप्त गर्नेहरूको सहमतिमा मात्र शासन सञ्चालन गर्ने परिपाटी हुन सके मात्र निर्वाचन शासनको वैद्यता पुष्टि गर्ने आधार मानिन्छ । तर प्रतिनिधित्वको छनोट पहिले दलहरूले गर्ने र पछि मतदाताले तीमध्येलाई रोज्ने प्रावधानले गर्दा मतदाताहरूका लागि विकल्प थोरै छन् ।

यस पटक दलहरूले निर्वाचनपूर्व नै गठबन्धन गरेका छन् । सत्ता र प्रतिपक्ष अर्थात् नेपाली कांग्रेस र एमालेका नेतृत्वमा अलगअलग गठबन्धन छन् । चुनावपूर्व नै गठबन्धन गरिनुका केकस्ता सीमाहरू छन्, त्यो विवेच्य विषय त हुँदै हो, तर यतिचाहिँ जिब्रो नचपाई भन्न सकिन्छ– विद्यमान हाँक र हौसलालाई स्वीकार गरेर समावेशी प्रतिनिधित्वको मर्मलाई आकार दिने प्रशस्त सम्भावनालाई चुनावी गठबन्धनहरूले तुहाइदिएका छन् । मधेशको सधैंको गुनासो रहँदै आएको छ– जहिले पनि पहाडी उम्मेदवार मधेशबाट लड्दा स्थानीय मतदाताहरूले त्यसलाई सहज रूपमा लिने र जिताएर पठाउने पनि गरेका छन्, तर पहाड-हिमालमा त्यस्तो उदारता पाउन अद्यापि सकिएको छैन । त्यसै गरी, आफूहरूलाई प्रत्यक्षमा टिकट नदिइएको दलित र महिलाहरूको गुनासो छ । गठबन्धनको राजनीतिले यस्ता गुनासाहरूलाई सधैंका लागि बन्द गर्न आधुनिक प्रतिनिधिमूलक आधार खडा गर्न सक्थ्यो । नेताहरूलाई कुनै अमुक निर्वाचन केन्द्रको बन्दी नबनाई संघीय संसद्का लागि कतैबाट उठाउन सकिन्थ्यो । यो वा त्यो गठबन्धनले दलित वा महिलालाई प्रत्यक्षतर्फ मौका दिन सक्थे । कुनै एउटा दललाई यो गर्न गाह्रो थियो होला, तर मिलीजुली चुनाव लड्दा पारम्परिक मानसमा हस्तक्षेप गर्न सकिन्थ्यो ।

निर्वाचनले राष्ट्र जोड्ने काम गर्न सक्थ्यो तर यसमा दलहरू चुके । उम्मेदवारहरूका चेहरा र स्थान छनोटमा अग्रगामी दृष्टि पुग्न नसकेको निर्वाचनले लोकतन्त्रलाई कमजोर बनाउँछ र मुलुकलाई द्वन्द्वको अवस्थामा फर्काउँछ ।

मधेश आन्दोलनसँग जोडिएका राजनीतिक दलहरूले प्रतिनिधित्वका कोणबाट मधेशी दलितहरूलाई न्याय दिन सकेनन् । नयाँ होउन् वा पुराना, सबै राजनीतिक दलमा प्रतिनिधित्वलाई लिएर केही सबलमा साझा सोच पाइन्छ– दलित र महिलालाई प्रत्यक्षमा हतपती लडाउन चाहँदैनन् । समानुपातिक प्रणालीको आवरणमा लाभ लिएका पात्रहरूका कारण यो प्रणालीमाथि नै प्रश्न उठाउनेहरू बढ्दै छन् । तर ठन्डा दिमागले सोच्दा समस्या प्रणालीमा होइन, दलहरूले छनोटको अघोषित मापदण्ड आत्मसात् नगर्नुमा छ । दलहरूले समावेशी-समानुपातिक आरक्षणका नाममा तीन 'अ' (आफन्त, आर्थिक हैसियतवाला र आलंकारिक प्रतिनिधित्व चाहने) लाई राजनीतिक आरोहणको मौका दिए ।

आलंकारिक प्रतिनिधित्व चाहनेहरू आफूले प्रतिनिधित्वको मौका पाएको वर्गका वास्तविक एजेन्डाप्रति प्रतिबद्ध त रहँदैनन् नै, बरु त्यसविरुद्ध टिप्पणी गर्ने र दलपतिको चाहनाप्रति अन्धभक्ति देखाउने गर्छन् । आफ्नै दलले परिवर्तनका एजेन्डालाई तिरोहित बनाउँदा वा संविधानको मर्ममाथि प्रहार गर्दा उनीहरू मौन बस्छन् । एकातिर समानुपातिक प्रणालीको प्रयोग भइरहेको छ, अर्कातिर समावेशी प्रतिनिधित्वका अवसरहरू खुम्च्याइँदै लगिएको छ । तर समावेशी कोटामा पुगेका अधिकांश व्यक्ति दलभित्र शिर निहुराएर बसेका छन् । समावेशी कोटामा प्रतिनिधित्वको अवसर पाएकाहरू दलका दास होइनन् । आखिर वञ्चितिमा परेकाहरूलाई प्रत्यक्षतर्फ किन उठाइँदैन ? अनुभवसिद्ध जवाफ छ– जहाँ समावेशी कोटाबाट आएकाहरू दलपतिप्रति अनुगृहीत हुन्छन्, त्यहीँ प्रत्यक्ष निर्वाचित हुनेहरूमा तुलनात्मक रूपमा आत्मविश्वास बढी हुन्छ । हुनुपर्ने त समानुपातिक होस् वा प्रत्यक्ष, आफ्ना एजेन्डाहरूप्रति दृढसंकल्प पात्रहरू हो ।

उपर्युक्त सवालहरू शून्यमा उठेका होइनन् । संविधान कार्यान्वयनका लागि भनिएको पछिल्लो चुनावदेखि नै प्रतिनिधित्व छनोटका अनुभवहरू बडो पीडादायक छन् । विगतका चुनावहरूमा भएका अपारदर्शी छनोटहरूको शृंखलाका कारण हाम्रो राजनीतिको यस्तो हविगत भएको हो । हुन त दलहरू चुनावी मुडमा रहेका बेला यस्ता कुराहरू उठाउनु भनेको बिलौना गर्नुसरह हुन्छ तर महाभारतमा महर्षि वेदव्यासले भनेका छन्– 'न च कश्चित् शृणोति मे' (कसैले सुनेन भन्दैमा बोल्न छाड्न हुन्न) ।

पहिले वडा साक्षर बनाऔं



मधु राई

विराटनगर महानगरपालिकाका वडाहरूमा निरक्षरहरू कति छन्, यकिन तथ्यांक वडा कार्यालयहरूमै भेटिन्न । केही दिनअघि अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसर पारेर प्रदेश १ लाई साक्षर प्रदेश घोषणा गरिएको समाचार आयो । साक्षर प्रदेश घोषणा भएअनुसार १५ देखि ६० वर्ष उमेर समूहका ९६ प्रतिशत साक्षर भएको सामाजिक विकास मन्त्रालयको तथ्यांकमा उल्लेख छ । कतिपय दुर्गम जिल्लाका तुलनामा सुगम भनेर चिनिएका सुनसरी र मोरङकै साक्षरता दर कम भएको वास्तविकता बाहिरिएको छ । मोरङको साक्षरता ९६.५ प्रतिशत रहेको जनाइएको छ ।

जनप्रतिनिधिलगायत सरोकारवालाले शिक्षालाई विकाससँग जोडेर कमै हेर्ने गरेका छन् । यसैको दुष्परिणाम भन्नुपर्छ– महानगरवासी या वडाबासी कति साक्षर छन् भन्ने हेक्का न महानगरलाई छ न त वडा कार्यालयहरूलाई । राजनीतिक दलहरूलाई समेत आफ्ना मतदाताहरू कति साक्षर छन् भन्ने थाहा छैन । उनीहरूले चुनावताका बाहेक मतदातालाई सम्झने गरेका छैनन् पनि । अझ भनौं, दलहरूमा मतदाताहरू निरक्षर हुँदासम्म मात्रै आफूलाई मतदान गर्छन् भन्ने बुझाइ पनि हुन सक्छ, र त उनीहरू साक्षरता सम्बन्धी मुद्दालाई गौण ठान्छन् ।

वास्तवमा साक्षरता दर कम भएकै कारण पनि चुनावमा बदर मतको संख्या बढी हुने गरेको छ । उदाहरणका लागि, गत स्थानीय तह चुनावमा विराटनगर महानगरपालिकाकै कतिपय वडामा बदर मतको संख्या धेरै भएकाले यसको प्रत्यक्ष असर मतपरिणाममा देखियो । तैपनि बदर मत संख्या बढी भएका वडाहरूमा साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता दलहरूले आजसम्म महसुस गरेका छैनन् । चुनावमा पराजय भोग्नेहरू मात्र होइन, करोडौं खर्चेर चुनाव जित्नेहरूमा पनि आफ्ना निरक्षर मतदातालाई साक्षर बनाउनुपर्ने चेत देखिएको छैन ।

आगामी मंसिर ४ गते संघ र प्रदेशको चुनावमा पनि बदरमतको संख्या बढ्ने निश्चितप्रायः छ । किनभने स्थानीय तहको चुनाव परिणामबाट पाठ सिक्न या सुधार गर्नभन्दा पनि दलहरू अहिले चुनावी रणनीति बनाउन व्यस्त छन् । उनीहरूका ती रणनीतिक योजना अन्तर्गत निरक्षर मतदाता पर्दैनन् । यति बेला रंगीबिरंगी घोषणापत्र लिएर घरदैलो पुग्ने तानाबाना बुनिरहेका दलहरूले साक्षरता महत्त्व बुझ्न सक्नुपर्छ ।

कुनै पनि समाज वा देशको विकास मापन गर्ने सूचक भनेको त्यहाँका जनताको साक्षरता दर पनि हो । जनता साक्षर नभई विकास-निर्माणको पूर्वाधार तयार गर्न सकिँदैन भन्ने मानक विकसित मुलुकहरूले स्थापित गरेका छन् । सन् १९५९ मा ली क्वान युले प्रधानमन्त्रीको पद सम्हालेपछि आधुनिक सिंगापुर बनाउन आफ्नो शासनकालको सुरुआती चरणमा निरक्षर जनतालाई साक्षर बनाउन देशव्यापी रूपमा 'इच वान टिच वान' भन्ने साक्षरता कार्यक्रम सञ्चालन गरेका थिए । जस अन्तर्गत हरेक पेसा-व्यवसाय अपनाएका शिक्षितहरूले एक जना निरक्षरलाई साक्षर बनाउनुपर्ने नियम बनाएका थिए । यसरी उक्त कार्यक्रम अन्तर्गत साक्षर बनेकालाई उनीहरूको रुचि अनुसारको तालिम दिन सरकारी संयन्त्रहरू परिचालन गरेर लीले रोजगार पनि दिलाए । यस्ता तालिमप्राप्त जनशक्तिलाई देशविकासमा लाग्न अभिप्रेरित गरे । यस अर्थमा आधुनिक सिंगापुर बनाउने श्रेय लीलाई मात्र हैन, त्यहाँका जनतालाई पनि जान्छ ।

यसरी साक्षर र शिक्षित जनतालाई देश विकासमा सहयात्री बनाउन लीले गरेको प्रयास हाम्रो मुलुकका लागि पनि उत्तिकै प्रेरणादायी छ । तर अफसोस, लक्ष्य र उद्देश्यविना राजनीतिमा होमिएका हाम्रा बहुसंख्यक राजनीतिकर्मीको यथास्थितिवादी सोच र अकर्मण्यताले निरक्षर जनताको जीवनस्तर जहाँको तहीं छ । बहुसंख्यक निरक्षर मतदाता बेरोजगार हुँदा पनि पनि राजनीतिक दलहरू उनीहरूलाई स्वरोजगार बनाउन तथा रोजगारी दिन खासै चासो राख्दैनन् । यसरी साक्षर र शिक्षित जनताको सहभागितावाविना विकास-निर्माणको रथ अगाडि बनाउन सकिँदैन भन्ने गाँठी कुरा हाम्रा जनप्रतिनिधिहरूले नबुझ्दाको दुष्परिणाम जनताले मात्र हैन, देशले समेत भोगिरहेको छ ।

सरकारले निर्धारण गरेको साक्षरताको वर्तमान मापदण्डबारे पनि आम मानिस अनभिज्ञ छन् । प्रदेश १ ले जनसमक्ष ल्याएको साक्षरताका १२ सूचकले निरक्षर जनतालाई साक्षर बनाई उनीहरूको जीवनस्तर उकास्न खासै प्रयास गरेको देखिँदैन । यस्तै, कुनै निरक्षर व्यक्तिलाई साक्षर बनाउनु भनेको उसलाई लेखपढको सीप प्रदान गर्नु मात्र होइन, जीविकोपार्जनका लागि सक्षम बनाउनु पनि हो । साक्षर र शिक्षित व्यक्तिहरूका तुलनामा निरक्षरहरूका लागि शारीरिक श्रम गर्नुबाहेक जीविकोपार्जनका लागि अरू विकल्प हुँदैन । त्यसैले जनताको जीवनस्तर उकास्न पनि साक्षरता दर बढाउन जरुरी छ । यसका निम्ति साक्षरतालाई चेतना र उत्पादन प्रक्रियासँग जोड्दै जीवनोपयोगी बनाउन सक्नुपर्छ । त्यही भएर निरक्षरता उन्मूलन गर्न सरकारी संयन्त्र मात्र हैन, राजनीतिक दलहरू पनि प्रतिबद्ध हुन जरुरी छ । तीनै तहका सरकारले साक्षरताका वर्तमान सूचकहरू जनसमक्ष ल्याउन आवश्यक छ । साक्षर भएकाहरूलाई पनि उनीहरूको रुचि अनुसार तालिम र रोजगारीको विकल्प खोज्न तीनै तहले सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ । यसका निम्ति विशेष गरी सर्वप्रथम स्थानीय तहले आफ्ना वडाका सबै नागरिकलाई साक्षर बनाउन जरुरी छ । साक्षर जिल्ला र प्रदेश घोषणा गर्नुअघि साक्षर वडा र गाउँपालिका बनाउनु अपरिहार्य छ ।

'कल्ट' हैन, 'ब्रान्ड' बनून् बालेन



जीवन क्षेत्री


मे ७, २००६ । जीक्यू पत्रिकामा नेपालबारे एउटा लामो आलेख छापियो । शीर्षक थियो– 'द इनक्रेडिबल बुद्ध ब्वाई' । लेखक थिए– विख्यात आख्यानकार जोर्ज सान्डर्स । त्यो लेखका लागि नेपाल भ्रमण गर्दाताका यो देशको अवस्था बयान गर्दै उनले लेखेका छन्– दस वर्षदेखि राजतन्त्र र माओवादीबीच जारी युद्धमा दस हजारभन्दा बढीको मृत्यु भइसकेको छ । गत तीन वर्षमा राजाले यहाँको चलायमान तर अक्षम लोकतन्त्रलाई मासिदिएका छन् र सबै शक्ति आफैं लिएका छन् । मैले देश छाडेको एक हप्तापछि एकातिर उनले विपक्षी नेताहरूलाई पक्राउ गरे, अर्कातिर काठमाडौंमाथि (माओवादीको) अहिलेसम्मकै गम्भीर आक्रमण भयो ।

१६ वर्षअगाडिको त्यो समय बारामा तपस्या बसेका भनिएका रामबहादुर बमजन र नेपाली समाजको मनोविज्ञानबीचको अन्तरसम्बन्ध खुट्याउने उमेरमा म पुगिसकेको थिइनँ । तर अमेरिकाबाट आएका सान्डर्सले बाहिरिया हुनुको फाइदा उठाएर चराको जस्तो दृष्टि दिँदै नेपाली समाजबारे लेखेका थिए– देश घाइते छ, तनावग्रस्त छ, दुःखी छ र कुनै त्यस्तो आसन्न विस्फोटको अपेक्षामा आतंकित छ जसले यो भयावह गरिबी भएको देशलाई भयावह गृहयुद्ध र झन् चर्को गरिबीतिर धकेल्नेछ । काठमाडौंमा सबैलाई तपस्यारत केटोबारे थाहा छ, सबै उत्सुकतापूर्वक उसबारेका समाचार पढ्छन् र विश्वास गर्छन् कि उसले जे गर्दै छु भन्दै छ (तपस्या) त्यही गर्दै छ अनि उसप्रति शुभेच्छा प्रकट गर्छन् । यस्तो लाग्छ, उनीहरू उसलाई भित्रैबाट प्रकट भएको उद्धारक मान्छन्, जो आफूहरूलाई चौतर्फी रूपमा घेरेका पुराना समस्याहरूको समूल समाधान गर्ने नयाँ उपाय लिएर प्रकट भएको छ । राजनीतिप्रतिको आशा तुरिएका बेला उनीहरू आफूलाई बचाउने कसैको खोजीमा छन्, जेसुकै भए पनि ।

२०५२ सालमा माओवादीले सशस्त्र युद्ध सुरु गऱ्यो । २०५७ सालतिरबाट जिल्ला सदरमुकाममै सफल आक्रमण गर्न थालेको माओवादीले २०५८ सालमा सेनाको ब्यारेक हानेपछि युद्ध नयाँ र भयानक चरणमा प्रवेश गऱ्यो । देश चलाउने जिम्मा लिएका भनिएका संसद्वादी दलहरू 'शाही सेना' र माओवादी गुरिल्लाहरूको चेपुवामा परे । केही वर्षको अलमलपछि राजा ज्ञानेन्द्रले पञ्चायतकालीन सारथिहरू फर्काएर सत्ताको बागडोर सम्हाले ।

तर २०६२ सालसम्म पुग्दा न राज्य माओवादीलाई निमिट्यान्न पार्ने अवस्थामा थियो, न माओवादी बन्दुकका भरमा सत्तापलट गर्ने अवस्थामा । परिणामतः, हताहती निरन्तर उकालो लाग्दै थियो तर द्वन्द्वको निकास कसैको नजरमा थिएन । जो हिजोसम्म माओवादी दबाउन असफल भएकामा राजनीतिक दलका सरकारहरूको उछितो काढ्थे, राजाको शासनमा पनि उही असफलता दोहोरिएकामा ती निःशब्द थिए । अर्थात्, दिल्लीमा गरेको भनिएको संसद्वादी दलहरू र माओवादीबीचको बाह्रबुँदे समझदारी सतहमा नआउँदासम्म मानिसहरूले सुरुङपछिको उज्यालो कतै देखेका थिएनन् । त्यही माहोलमा उदाएका थिए– 'सानो बुद्ध' भनेर संसारभर चर्चित हुन पुगेका रामबहादुर बमजन । अनि उनको 'कल्ट' वा पन्थमा मुक्तिको बाटो देखेका थिए धेरैले ।

अहिलेको नेपाल २०६२ सालमा झैं बरबाद र अस्तव्यस्त छैन । हाम्रो लोकतन्त्र 'ट्राचाक' मै छ । स्थानीय चुनाव सकिएर संघ र प्रदेश चुनाव आउँदै छ । तर अर्कातिर मुख्य राजनीतिक पार्टीहरूको, तिनका नेताहरूको कार्य सम्पादन २०६२ सालमा भन्दा खस्केको होला, सुधेको छैन । नागरिकका अपेक्षा अकासिँदा छन् तर सत्ता र कुर्सीको 'तातो आलु' खेल्नेबाहेक मुख्य दलको शीर्ष नेतृत्वको ध्यान कतै छैन । महँगी अकासिँदो छ, रोजगार खुम्चिँदो छ । भ्रष्टाचारको धमिराले काठमाडौंको सिंहदरबारदेखि गाउँ-गाउँ र वडा-वडासम्म पुगेका सिंहदरबारहरूलाई खोको बनाएको छ । त्यसैले धेरै नागरिक क्रुद्ध छन् । राजनीतिमा अहिले सिन्डिकेट चलाइरहेका मुट्ठीभर मानिसको विकल्पमा 'जे गर्न' पनि तयार र अधीर छन् धेरै युवा । त्यसमाथि सामाजिक सञ्जालको 'भाइरल' प्रवृत्तिका कारण संस्थागत सुधारहरू गर्न र तिनको नतिजा कुर्न धैर्यको कमी छ सबैतिर । मानिसहरूलाई अपेक्षा छ तत्काल आँखैअगाडि, क्यामेरैअगाडि आउने नतिजाको । यस्तो माहोलमा 'कल्ट' वा पन्थ विकास हुने सम्भावना उच्च हुन्छ ।



काठमाडौंमा मेयर बालेनले हालै चलाएको 'डोजर न्याय' को समर्थनमा देशभर जस्तो माहोल बन्यो, त्यसले नेपालको राजनीतिमा अर्को पन्थ सुरु गर्ने त हैन ? वैकल्पिक राजनीतिको राम्रो सम्भावना बोकेर आएका बालेन अरूले समेत अनुसरण गर्न मिल्ने 'ब्रान्ड' बन्न छाडेर विधि र थितिको खैरो क्षेत्रमा उभिएर मुढेबलले शासन गर्ने अनि प्रश्न र आलोचनाभन्दा परको 'कल्ट' मा स्खलित हुने त हैनन् ? क्लब हाउसका केही कोठामा मैले बालेनको डोजर अभियानबारे यस्ता सन्देहहरू उठाएको थिएँ ।

त्यसको प्रतिवादमा साथीहरूले भने– एक, सत्ता र शक्तिसित जोडिएरै कानुन मिचेकाहरूले नरम भाषा बुझ्दैनन्, तिनलाई डोजरको गरम भाषामा सम्झाउनुको विकल्प छैन । दुई, संरचनाहरू भत्काउनुअगाडि तोकिए अनुसार पत्रिकामा ३५ दिने सूचना निकालिसकेपछि महानगरले विधि पुऱ्याएन भन्न पाइँदैन ? तीन, भावनामा बगेर काम गर्ने हो भने काठमाडौं कहिल्यै बन्दैन, त्यसैले मेयरले कानुनले दिएको अधिकार प्रयोग गर्ने हो, को रोयो वा करायो भन्ने हैन । चार, यो देशमा विधि पुऱ्याउन खोज्यो भने अदालतले काम गर्नै दिँदैन, त्यसैले मानिसहरू अदालतमा पुग्नै नपाउने गरी ड्याडुडुङ नगर्ने हो भने काम बन्दैन । पाँच, ध्वंस नगरीकन निर्माण हुँदैन ।

बालेनलाई प्रश्न र जवाफदेहीभन्दा परको 'कल्ट फिगर' बनाउँदा न उनको राजनीतिक अभियानलाई फाइदा छ, न समाजलाई नै । उनका वरिपरि बसेर जयगान गरिरहेकाहरूले जति छिटो यो कुरा बुझ्छन्, नेपाली समाज र राजनीतिमा बालेनको सान्दर्भिकता उति नै लम्बिँदै जान्छ ।

धेरैको रायचाहिँ कस्तो पनि छ भने, 'काम त बालेनले राम्रै गरेका हुन् तर केही समय दिएर कम क्षतिमा गर्न मिल्ने काममा ड्याडुडुङ पारिहाल्ने केटौले पारा भयो ।' तर यो बहसमा मेरो भयचाहिँ अलि फरक थियो जसलाई उनले टुकुचा उत्कननका बेला देखाएको रवैयाले बल पुऱ्याएको छ ।

बालेनले कुनै सानो व्यवसायीलाई (घरधनीलाई हैन) पन्ध्र मिनेटको सूचना दिएर वा सूचनै नदिई डोजरले पसल भत्काइदिए । पसलसँगै जीविका खोसिएकी महिलाले उनकै अगाडि रोइकराइ गरिन् । त्यो बेला बालेनको मनस्थिति दुई खाले हुन सक्छ । एक, गल्ती त घर बनाउनेले कानुनलाई नटेरेर गरेको हो तर बिचल्ली यी निर्दोष महिलाको भयो । यस्तो भावनासाथै उनमा झिनै भए पनि पश्चात्ताप र महिलाप्रति समानुभूति जाग्ने सम्भावना हुन्छ । दुई, उनलाई लाग्न सक्छ– अहिले म शक्तिशाली छु, यी महिला शक्तिविहीन छिन्; मेरो 'एजेन्सी' छ, यिनको छैन; यिनको सरापले मलाई केही फरक पार्दैन । यीमध्ये बालेनको कुन मनोविज्ञानले काम गरिरहेको थियो भनेर निष्कर्षमा पुग्न अझ केही समय लाग्ला तर डोजरसहित मैदानमा उत्रिँदा उनको हाउभाउ हेर्ने हो भने दुईमध्ये कुनचाहिँ मनोविज्ञान हावी छ भनी अनुमान लगाउन कठिन छैन ।

बमजन र बालेन दुई फरक पृष्ठभूमिबाट आएका र फरक अभीष्ट भएका व्यक्तिहरू हुन् । तर यदि बालेन नेपालको राजनीतिमा दिगो खालको स्वीकार्य 'ब्रान्ड' बन्नुको सट्टा प्रश्न र जवाफदेहीभन्दा परको, विधिको भन्दा भीडको मनोविज्ञानका आधारमा काम गर्ने 'कल्ट फिगर' बन्दे गए भने दुवैको स्खलनको प्रक्रिया एउटै हुनेछ ।

जब बमजन नेपाली इतिहासको अन्धकार कालखण्डमा रहस्यमयी आशा बनेर उदाए, त्यति बेलैदेखि उनीप्रति सन्देह राख्ने मानिसहरूको संख्या असाध्य झिनो थियो । जब डिस्कभरी च्यानलजस्तो प्रतिष्ठित संस्थाले 'द ब्वाई विथ डिभाइन पावर' भनेर उनीमाथि वृत्तचित्र बनायो, त्यसपछि त उनीप्रति सन्देह राख्ने धेरैले पनि उनको तपस्यामा विश्वास गर्न थाले । त्यसपछि नेपालको संक्रमणकालीन अन्योलका धेरै वर्षसम्म गुपचुपजस्तै रहेका बमजन २०७३ सालमा काठमाडौंमा भव्य 'शान्ति पूजा' गरेर चर्चामा आए । त्यति बेला उनले दाबी गरेको दैवी शक्ति कतै दिग्भ्रम वा डिल्युजन त हैन भनेर चिरफार गर्नबाट नेपालको मिडिया चुक्यो । नागरिकहरू पूजाको तामझाममै रनभुल्ल परे । तर पछि २०७५ सालमा भएको गम्भीर खोज पत्रकारितापछि थाहा भयो, बमजनको तपस्या र प्रवचनको खोलमुनि हत्या भएका र बेपत्ता पारिएका निर्दोष मानिसहरूको भयावह कथा लुकेको थियो ।

गएको स्थानीय चुनावले दिएको म्यान्डेट र जिम्मेवारीका हिसाबले कसै गरे पनि बमजनसित बालेनको तुलना हुँदैन । तर उनको देवत्वकरण गर्ने र प्रश्नहरूलाई निषेध गर्ने आम मनोविज्ञान अहिले समाजमा जसरी हावी हुँदै छ, 'कल्ट' निर्माणतिर स्खलित हुँदै जाने साझा राजमार्ग भने त्यसरी नै बन्ने हो । त्यसले नेपालको राजनीतिमा राम्रो सम्भावना बोकेका बालेनलाई 'कल्ट फिगर' मा स्खलित मात्रै गर्दैन, समाजको न्यायतिरको यात्रालाई पनि अवरुद्ध गर्छ ।

त्यसैले बालेनलाई प्रश्न र जवाफदेहीभन्दा परको 'कल्ट फिगर' बनाउँदा न उनको राजनीतिक अभियानलाई फाइदा छ, न समाजका रूपमा हामीलाई नै । बालेन र उनको वरिपरि बसेर अहिले जयगान गरिरहेकाहरूले जति छिटो यो कुरा बुझ्छन्, नेपाली समाज र राजनीतिमा बालेनको सान्दर्भिकता उति नै लम्बिँदै जान्छ । व्यक्तिगत रूपमा मेरो शुभेच्छा पनि त्यही हो– अझै पनि बालेन गतिलो र अनुसरणयोग्य वैकल्पिक राजनीतिको ब्रान्ड बनून्, केही समय चम्केर सधैंका लागि गुमनाम हुने 'कल्ट' हैन ।



विद्यार्थी भ्यानमाथि भएको गोली प्रहारको विरोधमा पाकिस्तानको स्वात उपत्यकास्थित मिंगोरामा गरिएको प्रदर्शन । सोमबार भएको उक्त आक्रमणमा चालकको मृत्यु भएको थियो भने २ बालबालिका गम्भीर घाइते भएका थिए । घटनापछि हत्यारालाई तत्काल कारबाहीको माग गर्दै सुरु भएको प्रदर्शन ४० घण्टापछि मात्रै थामिएको छ । सरकारसँगको सम्झौतापछि प्रदर्शनकारीहरूले मृतकको बुधबारै अन्त्येष्टि गरेका छन् । यसअघि सन् २०१२ मा विद्यालयबाट घर फर्कंदै गरेकी मलाला युसुफजाईमाथि पनि यही क्षेत्रमा तालिवान समूहले आक्रमण गरेको थियो ।

तस्बिर : एपी

अन्धविश्वासमा २ भारतीय महिलाको बलि

शरीर टुक्रा पारी अभियुक्तहरूले आफ्नै घरमुनि ३ वटा खाडलमा पुरेको अवस्थामा शव फेला

केरल (एजेन्सी)- अधिक धन लाभ हुने अन्धविश्वासमा परेर दक्षिण भारतीय राज्य केरलमा दुई महिलाको बलि दिइएको खुलेको छ । पथानामथिट्टा जिल्लाको इलान्थुरमा मंगलवार दुवै महिलाको शवको अवेशष जमिनमा गाडिएको अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले ३ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पथानामथिट्टाका आयुर्वेदिक चिकित्सक भगवल सिंह, उनकी श्रीमती लैला र गोप्य रूपमा औषधिको कारोबार गर्ने इडुक्की जिल्लाका सफी भनेर चिनिने मोहम्मद रसिद रहेको कोची प्रहरी प्रमुख सीएच नागाराजुले बुधबार पत्रकार सम्मेलन गरी बताएका छन् । बुधबार नै कोची अदालतबाट ३ साताको म्याद लिई उनीहरूलाई अनुसन्धानका लागि न्यायिक हिरासतमा राखिएको नागाराजुले जनाए ।

धर्मापुरम जिल्ला घर भई कोची बस्दै आएकी ५७ वर्षीया पद्मम र थ्रिसुर जिल्ला घर भई कलाडी बस्दै आएकी ४९ वर्षीया रोसिलीको हत्या भएको हो । पद्मको हत्या सेप्टेम्बर अन्तिम साता भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको नागाराजुले बताए ।

नागाराजुका अनुसार पद्मम गत फेब्रुअरीदेखि कोचीमा बस्दै आएकी थिइन् । लामो समयसम्म सम्पर्कविहीन भएपछि उनका छोराले सेप्टेम्बरमै आमा हराएको उजुरी प्रहरीमा दिएका थिए । सोही उजुरीका आधारमा प्रहरीले अनुसन्धान गर्दा घटना बाहिर आएको हो ।

'दिदी एउटा कोठामा बस्थिन् । दिनभर काममा व्यस्त हुने गरे पनि हरेक बेलुका फोन गर्ने गर्थिन्,' बीबीसीसँगको कुराकानीमा पद्ममकी बहिनी पलानिअम्माले भनेकी छन्, 'केही दिनदेखि सम्पर्क नभएपछि म उनको कोठामा पुगेको थिएँ तर ढोकामा ताल्चा लागेको थियो । मोबाइल स्विच अफ थियो ।'

प्रहरीले पद्ममको मोबाइल फोन उनी बस्दै आएको कोचीबाट करिब ११३ किलोमिटर पर पथानामथिट्टामा फेला पारेको छ । 'पद्ममको फोनबाट सफीलाई धेरै पटक कल गरिएको देखिन्छ । सफीको कल रेकड्सबाट उनी सिंहसँग लगातार सम्पर्कमा रहेको पनि पाइएको छ,' नागाराजुले भने, 'त्यसकै आधारमा सिंहलाई पक्राउ गरेर सोधपुछ गर्दा उनले हत्या गरेको स्विकारे ।' सफीको मद्दतमा प्रहरीले सिंह दम्पतीका बारेमा थप अनुसन्धान र



भारत, केरलको पथानामथिट्टामा बलि दिइएका महिलाको शव गाडिएको स्थानमा अनुसन्धान गर्दै प्रहरी । एजेन्सी

सोधपुछ गर्दा गत जुनमा उनीहरूले रोसिलीको पनि बलि दिएको खुलेको छ । दुवै महिलाको बर्बरतापूर्ण ढंगबाट हत्या गरेको तीनै अभियुक्तले स्वीकार गरेका र उनीहरूको छुट्टाछुट्टै बयानबाट पनि पुष्टि भएको नागाराजुले बताए । भारतमा अन्धविश्वासका नाममा विभिन्न संस्कृति र मान्यता अझै प्रचलनमा रहेको पाइन्छ । मानिसहरू 'काला जादू' (तान्त्रिक) अनुष्ठानबाट आर्थिक समृद्धिका अलावा निःसन्तान महिला बच्चा जन्माउन सक्छन्, दीर्घरोग निको हुन सक्छ, खडेरी परेको समयमा वर्षासमेत गराउन सकिन्छ भन्ने विश्वास गर्छन् । यो घटनामा पनि अन्धविश्वासका नाममा मानव बलि दिएर दुवैको शव टुक्रा पारी सिंहको घरभित्र जमिनमा ३ वटा खाडल बनाई गाडेको अवस्थामा भेटिएको अनुसन्धानमा खटिएका इन्स्पेक्टर पी प्रकाशले बताएका छन् ।

उनले अन्य व्यक्तिको पनि बलि दिए-नदिएको बारे अध्ययन भइरहेको जानकारी दिए । 'हामीले यसलाई एक अचम्मको हत्याको घटनाका रूपमा लिएका छौं,' उनले भनेका छन्, 'हामी यो पनि खोजी गरिरहेका छौं कि दुवैको हत्या कहिले भएको थियो, के अरू व्यक्ति पनि पीडित भएका त छैनन् ?' प्रहरीले बलि दिएपछि उनीहरूको मासु अभियुक्तहरूले सेवन गरेको पनि आशंका गरेको छ । 'यसबारे अहिलेसम्म यकिन भइसकेको छैन तर हामी अनुसन्धानरत छौं,' उनले भने, 'पीडित महिलाको पहिचान यकिन गर्न जमिनमुनिबाट निकालिएको शवको नमुना लिई डीएनए जाँच गरिनेछ,' नागाराजुले भने ।

कसरी घटाइयो घटना ?

प्रहरी अनुसन्धानका अनुसार केही समयअघिदेखि सफी र भगवल दुवै जना आर्थिक संकटबाट गुज्रिरहेका थिए । मानव बलि दिए उक्त संकटबाट पार मिल्ने भगवललाई कसैले सुझाएपछि त्यसमा सफीले साथ दिएका थिए । त्यसपछि सफी कमजोर आर्थिक अवस्था भएका महिलालाई प्रलोभनमा फसाउने काममा जुटेका थिए । 'सफीले पीडित महिलाहरूलाई जागिर दिलाइदिने र आर्थिक लाभसमेत हुने लोभ देखाएर फसाएको पाइएको छ,' नागाराजुले भने, 'सुरुमा केही रकम दिएपछि महिलाहरू पनि उनको विश्वासमा पर्थे ।'

सफीले आर्थिक रूपमा विपन्न महिलाको खोजी गर्न सामाजिक सञ्जाल फेसबुकको प्रयोग गर्थे । 'कसैलाई शंका नहुने गरी घटनालाई लक्ष्यमा पुऱ्याउन उनले महिला खोज्ने कार्यमा आफ्नी श्रीमतीको फेसबुक अकाउन्टको प्रयोग गरेका थिए । जसको बारेमा उनकी श्रीमतीलाई केही जानकारी नै थिएन,' नागाराजुले भने, 'सिंह दम्पती पनि मानव बलिमा विश्वास राख्ने गर्थे ।'

सफी मानसिकको अवस्थासमेत ठीक रहेको नपाइएको प्रहरीको भनाइ छ । बलि दिइएका महिलामाथि यौन शोषण भए-नभएको बारेमा पनि अनुसन्धान थालिएको नागाराजुले जानकारी दिए । उनका अनुसार सफी यसअघि पनि विभिन्न ८ वटा आपराधिक घटनामा संलग्न थिए ।

राजा रंक सबै समान उसका वैषम्य गर्दैन त्यो ।
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ॥

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. १९९९/११/२४

स्वर्गारोहण
वि.सं. २०७९/०६/१६

स्व. तीर्थबहादुर विष्ट

यस प्राइम कमर्सियल बैंक लि. का संचालक
डा. गजेन्द्र विष्टज्यूका पूजनीय पिता श्री **तीर्थबहादुर विष्ट** ज्यूको यही मिति २०७९/०६/१६ गते आइतवारका दिन असामयिक निधन भएकोमा हामी समस्त प्राइम कमर्सियल बैंक लि. परिवार अत्यन्तै मर्माहत भएका छौं। यस दुःखद् घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनहरूमा धैर्य धारण गर्ने शक्ति भगवान श्री पशुपतिनाथले प्रदान गर्नु हुनेछ भन्ने विश्वासका साथ हार्दिक समवेदना प्रकट गर्दछौं ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

परिवार

हार्दिक समवेदना



जन्मः
वि.सं. २००६ फाल्गुण ३

स्वर्गारोहणः
वि.सं. २०७९ आश्विन १५

स्व. कलावती रेग्मी

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, सञ्चालक समितिका अध्यक्ष एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव डा. नारायण प्रसाद रेग्मीज्यूकी ममतामयी माता स्व. कलावती रेग्मीको असामयिक निधन भएको खबरले हामी स्तब्ध भएका छौं । यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना सहित भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछौं ।

रामहिरा पाठक
अध्यक्ष तथा
नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघ
परिवार
बालाजु, काठमाण्डौं ।

हार्दिक समवेदना



जन्मः
२००४/१२/२५

स्वर्गारोहणः
२०७९/०६/१६

स्व. कृष्ण बहादुर थापा क्षेत्री

कान्तिपुर पब्लिकेशन्सको वितरण विभागमा कार्यरत सहकर्मी प्रकाश थापाको पूजनीय पिता **कृष्ण बहादुर थापा क्षेत्री**को असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कान्तिपुर पब्लिकेशन्स् लि. परिवार


क्रिमिया जोड्ने पुल विस्फोटमा संलग्न ८ पक्राउ

मस्को (एजेन्सी)- क्रिमिया जोड्ने पक्की पुलमा गराइएको विस्फोटमा संलग्न भएको आरोपमा रुसी प्रहरीले ८ जनालाई पक्राउ गरेको जनाएको छ । सन् २०१४ मा रुसले युक्रेनको क्रिमियालाई आफ्नोमा गाभेको थियो । क्रिमियालाई जोड्नेगरी सन् २०१८ मा निर्माण सम्पन्न भई राष्ट्रपति भ्लादिमिर पुटिनले उद्घाटन गरेको उक्त पुलबाटै रुसले आफ्ना प्रमुख व्यापारिक गतिविधि सञ्चालन गर्दै आएको थियो । तर, गत शनिबार ट्रक पुलमा विस्फोट गराइएपछि रुसको व्यापारिक गतिविधिमा धक्का लागेको छ ।

रुसी प्रमुख सुरक्षा निकाय एफएसबीले घटनाका पछाडि किभको हात रहेको आरोप लगाएको छ । बुधबार एफएसबीले उक्त घटनामा संलग्न भएको दावी गर्दै ५ जना रुसी तथा ३ जना युक्रेनी र अर्मेनियाली नागरिकलाई पक्राउ गरिएको जनाएको हो । 'युक्रेनी रक्षा मन्त्रालयअन्तर्गतको मुख्य गुप्तचर निर्देशनालय प्रमुख किरिलो बुडानोभको योजनामा उनका कर्मचारी र सहयोगीहरूले घटना घटाएका हुन्,' एफएसबीले भनेको छ, 'विस्फोटक पदार्थ प्लास्टिकको रोलमा लुकाएर युक्रेनी बन्दरगाह शहर ओडिसाबाट ल्याइएको पाइएको छ । त्यसका लागि बुल्गेरिया, जर्जियाको भूमि प्रयोग भएको छ । जर्जियाबाट लरीमा अर्मेनिया पुऱ्याई रुस भित्राइएको हो ।'

रुसी राष्ट्रपति पुटिनले घटनालाई आतंकवादी क्रियाकलापको संज्ञा दिएका छन् । 'रुसका लागि महत्त्वपूर्ण रहेको संरचनामा क्षति पुऱ्याउने उद्देश्यअनरुप घटना घटाइएको छ, जुन आतंकवादी क्रियाकलाप नै हो,' पुटिनको प्रतिक्रिया थियो । युक्रेनी अधिकारीहरूले भने रुसी आरोपको खण्डन गरेका छन् । 'एफएसबी र रुसी गुप्तचर निकायका सबै दावी बेतुकका छन्,' युक्रेनी सेना प्रवक्ता एन्ड्री युसुभले किभमा सञ्चारकर्मीसँग बोल्दै भनेका छन्, 'यी सबै पुटिनको शासन धान्न तयार गरिएका नक्कली संरचना हुन् । त्यसैले हामी रुसले पछिल्लो पटक गरेका कुनै पनि वक्तव्यबाजीमाथि टिप्पणी गर्दैनौं ।'

पुलमा विष्फोट गराइएको ४८ घण्टापछि (सोमबारदेखि) रुसी सैन्य फौजले युक्रेनको राजधानी किभलगायत शहरहरूमा लगातार छेप्यास्त्र आक्रमण गरिरहेको छ । किभ, खेर्सन, जापोरिजिया, निकोपोल, अभ्दिभ्कालगायत क्षेत्रमा भएका आक्रमणमा परी दर्जनौं सर्वसाधारणले ज्यान गुमाइसकेका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । सर्वसाधारणलाई निशाना नबनाउने प्रतिबद्धता रुसले पछिल्ला आक्रमणहरूमा बेवास्ता गरेको यसबाट पुष्टि हुने



युक्रेनी अधिकारीहरूको भनाइ छ । रुसले भने फेब्रुअरी २४ देखि थालेको युक्रेनमाथिको सैन्य कारवाहीको यो नै वास्तविक रूप भएको बताएको छ ।

'युक्रेनमाथि सैन्य कारवाही थाल्दा रुसको उद्देश्यसँग पछिल्ला आक्रमणको रूप मेल खान्छ,' क्रेमलिन प्रवक्ता दिमित्री पेस्कोभले भनेका छन्, 'यो लक्ष्य युक्रेनी शासनविरुद्धको संघर्षमा अधिक प्रासंगिक पनि देखिन्छ ।'

युक्रेन युद्धको रुसी कमान्ड सुवोविकिनलाई

राष्ट्रपति पुटिनले शनिबारैदेखि युक्रेन युद्धको कमान्ड नयाँ सैन्य अधिकारीलाई सुम्पेका छन् । 'सर्गेइ सुवोविकिनलाई युक्रेनमाथिको विशेष सैन्य अभियानअन्तर्गत संयुक्त सैन्य टुकुडीको कमान्डर नियुक्त गरिएको छ,' क्रेमलिनले भनेको छ । क्रिमिया जोड्ने पुलमा गराइएको विस्फोटलगत्तै सैनिक नेतृत्व परिवर्तन गर्नुलाई रुसले आफ्नो रणनीतिमा परिवर्तन गरेको रूपमा पनि धेरैले अर्थ्याएका छन् ।

साइबेरियामा जन्मिएका सुवोविकिनसँग अफगानिस्तान, चेचेन्या, ताजकिस्तान र सिरियामा भएका भीषण युद्धमा रुसी सेनाको नेतृत्व लिएको अनुभव छ । रुसी सैनिक वृतमा उनी 'विध्वंश निम्त्याउने जनरल' को रूपमा चिनिन्छन् । उनी सन् २०१७ मा रुसी सेनाको जनरलमा बढुवा भएका थिए । त्यसअघि सिरियामा खटिएका उनले उच्च वीरता प्रस्तुत गरेको र नेतृत्व दिएको भन्दै पुटिनले उनलाई 'रुसी महासंघका हिरो' को अवार्ड प्रदान गरेका थिए ।

विदेशी मुद्रा

अमेरिकी डलर	१३२.०१
युरो	१२८.१३
पाउन्ड स्टर्लिङ	१४५.९३
अस्ट्रेलियन डलर	८२.६५
कतारी रियाल	३६.१३

नेपाल राष्ट्र बैंकका आधारमा


सुन रु ९४,२००

चाँदी रु १,२००

फाइभजी : भारतमा सुरु, नेपालमा कहिले ?

नेपाल टेलिकमले तिहारअघि काठमाडौंमा परीक्षण गर्ने, चार ठाउँलाई पुग्ने उपकरण आयात

सजना बराल (काठमाडौं)



मोबाइल फोनको फाइभजी सफ्टवेयर तत्काल अपडेट गर्न भारतले फोन निर्माता कम्पनीहरूलाई दबाब दिइरहेको छ । कम्पनीहरूले 'हुन्छ' भनिसकेका छन् । छिमेकमा द्रुत गतिमा फाइभजीको व्यावसायिक सुरुवात भइसक्दा नेपालमा भने यसको परीक्षणसमेत हुन सकेको छैन । झन्डै एक वर्षअघि नै परीक्षण अनुमति पाएको नेपाल टेलिकमले यसलाई आवश्यक उपकरण अझै पनि पर्याप्त मात्रामा भित्र्याइसकेको छैन ।

उत्तरी छिमेकी चीनले सन् २०१९ मै फाइभजी सेवा प्रारम्भ गरेको थियो । फाइभजी नेटवर्क विस्तारमा चीन विश्वमै अग्रणी स्थानमा छ । फाइभजी सञ्चालनको तीन वर्षमै त्यहाँ १६ लाख बेस स्टेसन स्थापना भइसकेका छन् भने फाइभजी मोबाइल फोन प्रयोगकर्ताको संख्या ४१ करोड नाघिसकेको ग्लोबल टाइम्सले जनाएको छ । त्यहाँ अब छैटौं पुस्ताको मोबाइल नेटवर्कको सम्भावनाबारे अध्ययन हुन थालेको छ ।

वायरलेस इन्टरनेट सेवामा विश्वको दोस्रो ठूलो बजार भारतमा एप्पल, गुगल र सामसङले आ-आफ्ना मोबाइल सेटहरूमा फाइभजी सफ्टवेयर अपडेट गरिदिने भएका छन् । मुकेश अम्बानीको रिलायन्स जियो र सुनील मित्तलको भारतीय एयरटेलले भारतका विभिन्न सहरमा फाइभजी सेवा सञ्चालनमा ल्याएका छन् । तर, फाइभजी चल्ने भनिएका कतिपय मोबाइल सेटमा नचलेपछि भारत सरकारले मोबाइल निर्माताहरूसँग यसबारे छलफल गरी सफ्टवेयर र फार्मवेयर अपडेट गर्न भनेको थियो । फाइभजी सेवाको व्यापक विस्तारका लागि त्यहाँ सरकार र निजी क्षेत्र एक भएर लागिपरेका छन् ।

नेपालमा पनि फाइभजी सेवा सञ्चालनमा ल्याउन सरकारी स्वामित्वको नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) लाई सरकारले परीक्षण अनुमति दिएको छ । गत आर्थिक वर्ष २०७८/७९ मै फाइभजी सेवाको परीक्षण गर्ने टेलिकमले जनाए पनि अझैसम्म हुन सकेको छैन । निजी क्षेत्रको एनसेल आजिएटाले फाइभजी परीक्षणका लागि अनुमति मागे पनि सरकारले स्वीकृति दिएको छैन ।

टेलिकमले यसपालि तिहारअघि काठमाडौंका दुई ठाउँमा उपकरण जडान गरी परीक्षण सुरु गर्ने जनाएको छ । 'फाइभजीलाई चाहिने उपकरण आइसकेका छन्,' टेलिकमको वायरलेस सेवा निर्देशनालयका प्रबन्धक सुबोध रिमालले भने, 'काठमाडौंका बबरमहल र सुन्धारा, वीरगन्ज र पोखरामा उपकरण जडान गरेर परीक्षण प्रारम्भ गर्नेछौं । तिहारअघि नै काठमाडौंमा उपकरण जडान भइसक्छन् ।' हाल चार ठाउँलाई पुग्ने उपकरण आएको उनले बताए । अर्को चरणमा सातवटै प्रदेशलाई पुग्ने गरी उपकरण ल्याई परीक्षणलाई तीव्रता दिने उनले बताए ।

फाइभजी प्रविधिलाई आवश्यक बेस स्टेसन ब्रिक्स, एन्टेना, माइक्रोवेभ सर्किटजस्ता उपकरण आयातका लागि चिनियाँ कम्पनी जेडटीई र हुवावेले ठेक्का पाएका छन् । कोभिड महामारी रोकथामका लागि चीनले लकडाउन जारी राखेको र विश्ववजारमा चिप अभावका कारण समयमा उपकरण आयात गर्न नसकिएको यसअघि टेलिकमले बताउँदै आएको थियो । प्रबन्धक रिमालले भने उपकरण ल्याउन समय नलागेको बताए । 'बिचमा ढिलाइ भएको वा अड्किएको होइन,' उनले भने, 'फ्रिक्वेन्सी प्राप्त गर्न र त्यसपछि सामान ल्याउन स्वीकृति लिने प्रक्रिया पूरा गर्दा-गर्दै यतिबेला भयो ।'

टेलिकमलाई गत वर्ष कात्तिक २९ मा फाइभजी परीक्षणका लागि नेपाल दूरसञ्चार प्राधिकरणले अनुमति दिएको थियो । साथै, २६ सय मेगाहर्ज ब्यान्डमा ६० मेगाहर्ज फ्रिक्वेन्सी उपलब्ध गराइएको छ । अनुमति र फ्रिक्वेन्सी पाएको झन्डै एक वर्ष हुन लाग्दा पनि टेलिकमले परीक्षण गर्न सकेको छैन । त्यो बेला नै परीक्षण गरेको भए फाइभजी परीक्षणमा नेपाल दक्षिण एसियामा पहिलो हुने थियो ।

निजी क्षेत्रको एनसेलले भने अनुमति पाएको खण्डमा ६ महिनाभित्र परीक्षण सकेर फाइभजी सञ्चालनमा ल्याउन सक्ने दावी गर्दै आएको छ । 'नियामकले हामीलाई अनुमति र फ्रिक्वेन्सी स्पेक्ट्रम प्रदान गरेमा ६ महिनाभित्र परीक्षण गर्न सक्छौं,' एनसेलका प्रबन्ध निर्देशक एवं प्रमुख कार्यकारी अधिकृत एन्डी चड्ले हालैको एक कार्यक्रममा भनेका थिए, 'पहिला फोरजीको बेला पनि हाम्रो फोरजी नेटवर्क पूर्ण रूपमा तयार थियो । तर, अनुमति पाएनौं । अहिले फाइभजीमा पनि पुनः परीक्षण अनुमतिका लागि पर्खिरहेका छौं भन्दा मलाई लाजै लाग्छ ।'

फाइभजी परीक्षणका लागि एनसेललाई फ्रिक्वेन्सी उपलब्ध गराउने निर्णय सञ्चार मन्त्रालयअन्तर्गतको रेडियो फ्रिक्वेन्सी नीति निर्धारण समितिले गर्ने र यो छलफलको क्रममा रहेको प्राधिकरणका सहप्रवक्ता अच्युतानन्द मिश्रले बताए । सञ्चार मन्त्रालयका प्रवक्ता सेवन्तक पोखरेलले चाहिँ यसबारे प्राधिकरणलाई नै सोध्न आग्रह गरे । 'हामीले नेपाल टेलिकमलाई फाइभजी परीक्षण चाँडो गर्न भनिरहेका छौं,' पोखरेलले भने, 'प्रविधि ल्याउने उनीहरूले नै हो । अन्य सहजीकरण जे गर्नुपर्ने हो, हामीले गरिरहेका छौं ।'

प्राधिकरणले फाइभजी परीक्षणका लागि 'फाइभजीलगायत नयाँ प्रविधिको परीक्षणसम्बन्धी कार्यविधि २०७८' तयार गरेको थियो । साउन पहिलो साता कार्यविधि पारित गर्दै प्राधिकरणले फाइभजीलगायत नयाँ प्रविधिको परीक्षणका लागि सेवा प्रदायकलाई सहजीकरण गर्ने जनाएको थियो । कार्यविधिमा नयाँ प्रविधिको परीक्षणलाई स्वीकृति पाएको ३ महिनासम्ममा आवश्यक उपकरणहरू आयात र जडान गरिसक्नुपर्ने उल्लेख छ । त्यसो नगरेमा प्राधिकरणले स्वीकृति फिर्ता लिन सक्ने प्रावधान छ ।

आफूहरूले झकझकाउने काम गरिरहेको प्राधिकरणका सहप्रवक्ता मिश्रले बताए । नयाँ प्रविधि भएकाले केही ढिलाइ भएको प्राधिरणको भनाइ छ । नेपाली ग्राहकलाई उच्च गति र अविलम्ब सेवा प्रदान गर्ने फाइभजी प्रविधिमा अभ्यस्त बनाउन यो परीक्षण सुरु गर्न लागेको टेलिकमको निर्देशनालयका प्रबन्धक रिमालले बताए । 'फोन गर्न वा डेटा चलाउनलाई मात्रै यो प्रविधि जरुरी छैन,' उनले भने, 'यसले इन्टरनेट अफ थिङ्स, होम डिभाइस, ट्राफिक व्यवस्थापनदेखि स्ट्रिमिङ सेवामा द्रुत गतिको अभूतपूर्व सञ्चार अनुभूति प्रदान गर्छ ।

नापतौल बिगार्नेलाई जरिवाना र कैद सजाय बढाइयो

राजु चौधरी (काठमाडौं)

नापतौल बिगार्ने र यन्त्र मोडिफाई गर्ने व्यवसायीलाई सरकारले कसुरअनुसार जरिवाना अनि कैद सजाय बढाएको छ । स्ट्यान्डर्ड नाप र तौल ऐनलाई संशोधन गरी यन्त्रमा गडबडी गर्नेलाई अधिकतम ३ लाख रुपैयाँ जरिवाना र तीन वर्षसम्म कैदको व्यवस्था गरिएको छ । यसअघि समग्रमा हरेक कसुरमा बढीमा एक हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजायको व्यवस्था थियो । भदौ २८ मा राजपत्रमा प्रकाशित स्टचान्डर्ड नाप र तौल (पाँचौं संशोधन) ऐन ०७९ ऐनमा कसुरअनुसार जरिवाना र कैद सजाय बनाइएको हो ।

'विगतमा ४/५ वटा दफाअनुसार कैफियत देखिए पनि एक हजार रुपैयाँ मात्रै जरिवाना तिरे पुग्थ्यो । सामान्य र ठूलो कैफियत हुँदा एउटै प्रकृतिको कारवाही हुन्थ्यो, सानो गल्ती गर्नेलाई ठूलो अन्याय भएको थियो,' ऐन कार्यान्वयन गर्ने निकाय गुणस्तर तथा नापतौल विभागका महानिर्देशक दीनानाथ मिश्रले भने, 'संशोधित ऐनमा छुट्टाछुट्टै कसुर र सजाय छ । यसले सानो गल्ती गर्नेलाई अन्याय हुँदैन ।'

संशोधित ऐनअनुसार स्टचान्डर्ड नाप र तौलबाहेक अरु नाप र तौल प्रचलनमा ल्याउन पाइनेछैन । त्यस्तो गरेमा एक हजार रुपैयाँदेखि ५ हजार रुपैयाँसम्म सजाय हुनेछ । कुनै खास व्यापार, लेनदेन वा करारका सम्बन्धमा खासखास सर्तहरूका अधीनमा रही नापेर वा तौलेर मात्रै कारोबार गर्न पाइनेछ । सरकारले दिएको निर्देशनको पालना नगरे वा त्यस्तो निर्देशनविपरीत काम गरे पाँच हजार रुपैयाँदेखि १० हजार रुपैयाँसम्म जरिवाना गर्न सकिने उल्लेख छ । व्यापारीले नापतौल वा नाप्ने, तौलने यन्त्र प्रयोग गर्न तोकिएको समयभित्र तोकिएको दस्तुर तिरी आफ्नो नाम दर्ता गराई अनुमतिपत्र लिनुपर्छ । त्यसविपरीत नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र प्रयोग गरे एक हजारदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना हुने संशोधित ऐनमा उल्लेख छ ।

मोहोरबन्द प्याकेजमा रहेका वस्तुको नाप वा तौल स्पष्ट उल्लेख गरी उक्त प्याकेजमा लेबल लगाएको हुनुपर्ने व्यवस्था पनि गरिएको छ । यसरी लेबल नलगाई वस्तुको प्याकेज कसैले बेच्ने, बेच्न लगाउन वा बेच्ने गरे पाँच हजारदेखि १० हजार रुपैयाँसम्म, कुनै वस्तुको नाप वा तौलका आधारमा बिक्री वा कारोबार गर्दा जुन नाप वा तौलको परिमाणको खरिद, बिक्री वा कारोबार गरेको हो, उक्त नाप वा तौलले निश्चित गरेको परिमाणभन्दा घटीबढी गरी लिए वा लिन लगाए वा दिए वा दिन लगाए पाँच हजारदेखि २५ हजार रुपैयाँसम्म जरिवाना हुन सक्ने जनाएको छ । तर निर्माण सामग्री सुन, चाँदी वा मूल्यवान धातु, पेट्रोलियम पदार्थ, एलपीजी सिलिन्डर वा उद्योगको हकमा ५० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना गरिने उल्लेख छ ।

- प्रदेश तथा स्थानीय तहलाई पनि अनुगमनको अधिकार
- गलत नियतले कारबाही गरे निरीक्षक अधिकृतलाई समेत एक वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय

कसैले कुनै स्टचान्डर्ड नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र जाली वा घटीबढी बनाए वा बनाउन लगाए वा त्यस्तो जाली वा घटी, बढी नाप्ने वा तौलने यन्त्र जानीजानी सक्कली रूपमा व्यवहार गरे तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँ जरिवाना वा दुवै सजाय हुने उल्लेख छ । विगतमा ऐन अव्यावहारिक रहेको विभागका तत्कालीन महानिर्देशक विश्वबाबु पुडासैनीले बताए । नवीकरण नगर्ने व्यापारीलाई समेत कैद गर्ने व्यवस्था थियो, जसले गर्दा कार्यान्वयनमा समस्या थियो । 'सानो कसुरमै पनि कर्मचारीले मुद्दा चलाउने र कारवाही गर्न सक्ने डरत्रास थियो । यसले बजारमा झन् अप्ठ्यारो बनाएको थियो,' हाल वाग्मती प्रदेशका उद्योग वाणिज्य तथा आपूर्ति सचिव पुडासैनीले भने, 'संशोधित ऐनमा सिलबन्दी, नापतौलको कुरा पनि परिभाषित गरिदिएको छ । **बाँकी पृष्ठ १०**

‘आर्थिक चक्रमै असर परेकाले गाडी आयात खोल्नुपर्छ’

विदेशी विनिमय सञ्चिति कम भएको भन्दै सरकारले गत वैशाख १३ देखि १० विलासी वस्तुको आयातमा प्रतिबन्ध लगाएको थियो । भदौ १३ मा १० मध्ये ६ वटा वस्तुको आयात फुकुवा गरे पनि चारवटामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले प्रतिबन्ध कायमै राखेको छ । तर व्यवसायीले भने जिप, कार, भ्यान र १५० सीसीमाथिका मोटरसाइकलमा प्रतिबन्धले विदेशी विनिमय सञ्चितिमा कुनै प्रभाव नपार्ने भन्दै आयात फुकुवाको माग गरिरहेका छन् । एक लाख व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएको अटोमोबाइल्स क्षेत्रमा आयात प्रतिबन्धले पारेको प्रभाव र समाधानका उपायबारे नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका अध्यक्ष **ध्रुव थापा**सँग कान्तिपुरका **कृष्ण आचार्य र विमल खतिवडा**ले गरेको कुराकानी :

विदेशी विनिमय सञ्चिति घटेपछि सरकारले कार, जिप, भ्यान आयात रोकेको छ । तर, आयात रोकेर विदेशी विनिमय सञ्चितिमा खासै प्रभाव नपारेको र राजस्वमा पनि ठूलो असर गरिरहेको भन्दै तपाईंहरू प्रतिबन्ध खोलिदिन फेरि ‘लबिइङ’ मा हुनुहुन्छ । विदेशी विनिमय सञ्चितिमा सुधार नहुँदै किन आयात खोल्नुपर्छ भन्न थाल्नुभएको ?

त्यस्तो हैन, हामीले तथ्यांकसहित कुरा गरिरहेका छौं । नेपालको कुल आयात १९ खर्ब रुपैयाँको छ । अहिले आयात प्रतिबन्ध लगाइएका कार, जिप, भ्यान र १५० सीसीमाथिका मोटरसाइकलको बन्देज हटाए १७ देखि १९ अर्ब रुपैयाँ मात्रै बाहिरिने हो । ती वस्तुको कुल आयातमा योगदान जम्मा १ प्रतिशत मात्र छ । अहिले विदेशी विनिमय सञ्चितिमा विस्तारै सुधार हुँदै गएकाले पनि लामो समय प्रतिबन्ध लगाउनु हुँदैन भनेका हौं ।

अहिले विदेशी विनिमय सञ्चिति घटेकाले यसमा सचेत हुनुपर्ने सबैले भनिरहेका छन् । मुलुक संकटमा पर्दा आफ्नो व्यापार व्यवसायको स्वार्थ नहेरी तपाईंहरूले पनि योगदान गर्नुपर्ने हैन र ?

प्रतिबन्धको सुरुका चार महिना हामीले सहयोग गरेका हौं । आयात खोल्नैपर्छ भनेर दबाब दिएनौं । तर रोक्नुपर्ने वस्तु कार, जिप र भ्यान मात्रै हुन् त ? नेपालमा धेरै विलासिताका वस्तुहरू आयात भइरहेका छन्, जसलाई वर्षौंसम्म प्रतिबन्ध लगाए पनि हुन्छ । ती वस्तु आयातमा भने प्रतिबन्ध छैन । तर, अत्यावश्यक सवारीसाधनलाई भने रोकिरहनुपर्ने ? हामीले सहयोग गर्ने बेलामा गरेका छौं । तर अटोमोबाइल क्षेत्र मात्र निसानामा परेको छ । राष्ट्र बैंकले पनि अटोमोबाइल्स क्षेत्रलाई नै टार्गेट गरेर कसिलो नीति ल्याउने गरेको छ । सरकारबाट पनि यसैलाई टार्गेट भयो । अटोमोबाइल्स वा निजी क्षेत्र, योबिना सरकार चल्न गाह्रो हुन्छ । सवारीसाधनको आयात प्रतिबन्धका कारण राजस्व पनि घटेको छ । राजस्वमा अटोमोबाइल्सको योगदान २५ प्रतिशत छ । प्रतिबन्ध लगाइरहँदा हामी त अप्ठ्यारोमा परिसक्यौं, सरकार पनि पर्छ । नागरिक पनि समस्यामा पर्छन् । कर्मचारी, डिलर सञ्चालकसमेत अप्ठ्यारोमा परेका छन् ।

सरकारले सार्वजनिक र विद्युतीय सवारीसाधनको आयात बन्देज गरेको छैन । ती गाडी ल्याएर बिक्रीवितरण गर्दा हुँदैन ?

त्यस्ता सवारीसाधन आयात र बिक्री भइरहेका छन्, ठिकै हो । तर अहिले सबै ठाउँमा सार्वजनिक सवारी मात्रैले सम्भव छैन । सार्वजनिक सवारी चढ्दा समयमै गन्तव्यमा पुग्न गाह्रो छ । त्यसैले निजी सवारीसाधन अनिवार्य बनिसक्यो । मध्यम वर्गलाई कार आवश्यक भइसकेको छ, माग पनि छ । यो हाम्रो मात्र हैन, उपभोक्ताको पनि मुद्दा हो । पैसा हुनेले कार किन्न पाइरहेका छैनन् । कार, जिप र भ्यान पनि सबै एक पटक आयात खुला नगरेर चरणबद्ध रूपमा खोलौं भन्ने हाम्रो प्रस्ताव हो । सुरुमा तत्कालै आवश्यक परेका थोरै मूल्यका सवारीको आयात खोल्दै जानुपर्छ । आयात गर्दैमा सबै बिक्री हुन्छ भन्ने पनि छैन । पहिला जति बिक्री हुन्थ्यो, अहिले त्यसको आधा पनि हुँदैन । बैंकहरूले फाइनान्सिङ गर्न सक्ने अवस्था छैन । बजारमा माग भएका र आवश्यकता अनुसारका सवारीको मात्र आयात खुला गरौं भनेका हौं ।

राजस्व र आवश्यकताको विषय सरकार र उपभोक्ताको पनि हो । तर तपाईंहरू अलि ठूलो स्वरमा आयात खुला गरौं भनिरहनुभएको छ ?

व्यवसायीलाई सबैभन्दा ठूलो मर्का परेपछि बोलेका हौं । कुल बिक्रीको ४० प्रतिशत सवारी दसैं-तिहार (असोज, कार्तिक र मंसिर) मा बिक्री हुन्थ्यो । बाँकी ६० प्रतिशत ९ महिनामा बिक्री हुने हो । तर चाडबाडमा कारोबार गर्न पाएनौं । अहिले नै आयात खुला गरे पनि तीन महिनापछि मात्र भित्रने हुन् । अहिले अर्डर गरे पनि कुनै कम्पनीले अर्डर लिँदैनन् । नेपालको विश्वास छैन भन्छन् । पहिला आयात खुलोस्, एलसी खोल अनि मात्र अर्डर लिन्छौं भनेका छन् । मानौं, अहिले नै आयात खुला भयो र हामीले एलसी खोलेर अर्डर गऱ्यौं भने पनि भारतबाट आउन तीन महिना लाग्छ । अन्य देशबाट आउन ६ महिनाभन्दा बढी लाग्छ । यसको असर अझै पर्नेवाला छ ।

आयातकर्तासँगै सबैभन्दा ठूलो असर डिलरहरूलाई परेको छ । गाडी नभए धेरै डिलरहरू बन्द भइरहेका छन् । दसैंमा बोनस खुवाएर चाडबाड मनाऔं भन्नुपर्ने बेलामा उल्टै कर्मचारीलाई बिदा पठाउनुपरेको छ । यसको असर अर्थतन्त्रमा पनि छ । अटोमोबाइल्सको वार्षिक कारोबार एक खर्ब रुपैयाँ बराबर छ । यसको कारोबारको सम्बन्ध सबैतिर हुन्छ । त्यसैले गाडी आयातमा प्रतिबन्धले समग्र आर्थिक चक्रमा असर पारेको छ । अझै प्रतिबन्ध लम्ब्याए व्यवसायीलाई मात्र होइन, राज्यलाई नै असर पर्छ । भन्सार राजस्व लक्ष्य अनुसार उठ्न नसकेर बजेट निर्माणमा समेत यसको प्रभाव पर्ने छ ।

अहिले सरकारको नीति विद्युतीय सवारीसाधनलाई प्रवर्द्धन गर्ने छ । इन्धनवाला गाडी किन्दा र पछि पनि पेट्रोल/डिजेल चाहिने भएर त्यसमा विदेशी विनिमय खर्च हुन्छ । तपाईंहरूले इन्धनवाला छाडेर विद्युतीय सवारीसाधनको कारोबार गर्दा हुँदैन ?

हुन्छ । त्यसैले हामीले दक्षिण एसियामै पहिलो पटक गत असोज ६ देखि ९ सम्म विद्युतीय सवारीको मात्र स्टल राखेर ‘इभी एक्स्पो’ आयोजना गऱ्यौं । जहाँ ३ सयभन्दा बढी सवारीसाधन बुकिङ भए । सेमिनारसमेत गरे विद्युतीय सवारीबारे सर्वसाधारणलाई बुझाउने प्रयास गऱ्यौं । उनीहरूको चासो निकै देखियो । उपभोक्तामा पनि इन्धनवालाको विकल्प विद्युतीय सवारी हो भन्ने भएको छ । तर एकै चोटि विद्युतीय सवारीमा सिफ्ट हुने सम्भावना अहिले छैन । मागअनुसार आपूर्ति हुन सकेको छैन । अहिले बुकिङ गर्दा ५/६ महिना पछि मात्र कम्पनीले उपलब्ध गराउन सक्छन् । अर्कोतर्फ अझै ५/७ वर्ष डिजेल/पेट्रोलका सवारी चल्छन् । विद्युतीय सवारी प्रयोग गर्नेको संख्या चरणबद्ध रूपमा बढ्दै जान्छ । तर त्यतिन्जेल डिजेल/पेट्रोलवाला गाडीहरू नै चाहिन्छ ।

डिजेल/पेट्रोलबाट चल्ने कार, जिप र भ्यानको आयात बन्देज कायमै रहनुको पछाडि विद्युतीय सवारी र पहिले नै बढी गाडी ल्याउनेहरूले सरकारी निकायलाई प्रभावमा पारेका छन् भन्ने चर्चा पनि छ । तपाईंलाई त्यस्तो लाग्छ ?

यसबारे त जानकारी छैन । तर यो कुरा सत्य हो भने, यस्तो हुनु भएन । चाडबाडको समयमा धेरै बिक्री हुने भनेर बढी सवारीको एलसी खोलिएको पनि हुन्छ । विद्युतीय सवारी मात्र बिक्री गर्ने कम्पनी थोरै छन् । तर विद्युतीय र इन्धनवाला दुवै बिक्री गर्ने कम्पनी धेरै छन् । त्यसैले एक/दुई वटा कम्पनीले मात्र आयात प्रतिबन्धमा त्यति ठूलो प्रभाव पारे जस्तो लाग्दैन ।

प्रतिबन्ध खुलाउने विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्र बैंकले के भनिरहेका छन् ?

सम्बन्धित निकाय धेरै भयो आयात रोकिएको, अब खोल्नुपर्छ भन्ने पक्षमै छन् । अहिले धेरै गाडी ल्याएर बिक्री गर्न सक्ने अवस्था छैन । महिनामा कति डलर बराबरको गाडी ल्याउने भनेर आपसी समझदारी गरेर ल्याउन सकिन्छ । छलफल भइरहेको छ ।

यो लबिइङको सट्टा तपाईंहरू यहीं एसेम्बल गर्नेतर्फ लाग्दा हुँदैन ?

यसमा हामी सकारात्मक छौं । तर स्थायी नीति चाहियो नि । नेपालमा हरेक नीति व्यक्तिअनुसार बन्ने गरेका छन् । एउटा अर्थमन्त्री आउँछन्, एउटा नीति ल्याउँछन्, अर्को आउँछन् फेरि अर्कै नीति बनाउँछन् । मन्त्रीपिच्छे फेरिने नीतिले व्यवसाय सञ्चालन दिगो बन्न सकेको छैन । ५ देखि १० वर्षसम्मका लागि स्थिर नीति बनाएर नेपालमै सवारीसाधन उत्पादन गर्ने गरी एसेम्बल गर्न सुविधा र सहुलियत दिनुपर्छ । दुई पाङ्ग्रे सवारीको उत्पादन थालनी भइसकेको छ । विद्युतीय सवारीको उत्पादन पनि सुरु गरिएको छ । एसेम्बल गरेर मात्र हुँदैन । भ्यालूएड (मूल्य अभिवृद्धि) पनि हुनुपर्छ । त्यसैले एसेम्बलमा जान स्थिर नीति हुनुपर्छ । निजी क्षेत्र लगानी गर्न तयार छ ।



> आयात प्रतिबन्धले राजस्व घटेको छ, रोजगारी पाएकाहरू, डिलर सञ्चालकसमेत अप्ठ्यारोमा परेका छन्
>
> कार, जिप र भ्यानको आयात एकैपटक नभई चरणबद्ध रूपमा खुला गर्नुपर्ने हाम्रो प्रस्ताव हो
>
> नेपालमै एसेम्बल गर्न सुविधा र सहुलियत दिनुपर्छ, स्थायी नीति चाहिन्छ

परवानीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा
मधेस प्रदेश, नेपाल

आ.व. २०७९।०८० को लागि कबाडी मालसामान, जडीबुटी बिक्रि वितरण तथा उपयोगमा लाग्ने कर संकलन ठेक्का बन्दोबस्त सम्बन्धी शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७९।०६।२७ गते, बिहिबार

यस परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराको आ.व.२०७९/०८० को लागि मुख्य राजमार्ग समेत पालिकाको क्षेत्र भित्रका उद्योग कलकारखानाबाट निस्कने कबाडी माल, जडीबुटी र प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्याँख, छाला वा यस्तै प्रकृतिको व्यवसायिक उपयोग गरे वापत बिक्री बितरण तथा उपयोगमा लाग्ने कर संकलनको लागि स्थानिय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६१ बमोजिम देहायको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यस पालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्नका लागि यस पालिकाबाट जारी गरिएको तपशिल बमोजिमको बोलपत्र फाराम खरिद गरी तोकिएको म्याद भित्र बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	किसिम	कर तथा मर्मत शुल्क संकलन क्षेत्र	न्यूनतम ठेक्का मुल्य रु. (भ्याट सहित)	शिलबन्दी बोलपत्र खरिद दस्तुर	कैफियत
१	PRM/02/2079/080	कबाडी माल, जडीबुटी तथा बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन	मुख्य राजमार्ग समेत पालिकाको क्षेत्र भित्रका उद्योग तथा कलकारखानाहरु	रु. २०,००,०००।- (अक्षरेपी बीस लाख मात्र)	रु. १,०००।-	

शर्तहरुः-

१) ठेक्का अवधि २०७९/०८/०१ गते देखि २०८० असार मसान्त सम्म हुने छ ।
२) दरभाउ पत्र फारम र शर्तहरुको सूची यस कार्यालयको राजस्व शाखाबाट तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ ।
३) यस पालिका क्षेत्र भित्र स्थायी ठेगाना भएका दरभाउ पत्र दाताहरुले अनिवार्य रुपमा पालिकामा व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
४) दरभाउ पत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र र उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट दरभाउ पत्र खरिद गर्न सकिनेछ ।
५) दरभाउ पत्र १६ औं दिनको १२:०० बजे भित्र तथा उक्त दिन विदा परेमा सोको भोलि पल्ट दिनको १२:०० बजे भित्र यस कार्यालयमा दरभाउ पत्र दर्ता गर्न सकिनेछ । दर्ता भएकै दिनको ०२:०० बजेपछि दरभाउ पत्र दरभाउ दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।
६) नेपाली नागरिक भए ५% र गैर नेपाली नागरिक भए १०% आफूले कबुल गरेको रकमको धरौटीको रुपमा यस गाउपालिकाको नबिल बैंक लिमिटेड शाखा कार्यालय परवानीपुरको धरौटी खाता नम्बर २१९०१०१७५०००२६ मा जम्मा गरेको सक्कल भौचर वा १२० दिन सम्म म्याद भएको मान्यता प्राप्त बैंक जमानत (बैंक ग्यारेन्टी) फारम संग संलग्न हुनु पर्नेछ ।
७) दरभाउ पत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।
८) कार्यालयबाट बिक्री नभएको, दरभाउ पत्रदाताको दस्तखत नभएको र शर्त राखि पेश भएको दरभाउ पत्र मान्य हुने छैन ।
९) रीत नपुगी वा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।
१०) दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
११) व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउदा मूल्य अभिवृद्धि करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्नेछ ।
१२) यसमा नपरेको अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
१३) शिलबन्दी बोलपत्र फारम भर्दा कबुल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेख्नु पर्दछ ।
१४) शिल्बन्दी बोलपत्र खरिद गर्न इच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरुले मु.अ.कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि, आ.व. २०७९।०८० सम्मको फर्म नविकरण, आ.व. २०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।
१५) शिलबन्दी बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गरी धरौटी बाहेक कबुल गरेको रकमको ५०% रकम दाखिला गरी सक्कल भौचर सहित चलनपूर्जी लिन आउनु पर्नेछ । यसरी धरौटी बाहेक कबुल गरेको रकम एकमुष्ठ रकम जम्मा गर्दा १०% छुट दिईनेछ ।
१६) दरभाउ पत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरी दोश्रो बोलपत्र दाताको दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा पूनः दरभाउ पत्र आव्हान गर्ने अधिकार गाउपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।
१७) यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

अर्थ संक्षेप

सिद्धार्थ बैंकद्वारा नारायणी अस्पताललाई ५५ लाख सहयोग



काठमाडौं (कास)- सिद्धार्थ बैंकले वीरगन्जस्थित नारायणी अस्पताललाई भवन मर्मतसम्भारका लागि ५५ लाख रुपैयाँ सहयोग गरेको छ । उक्त कार्यको समन्वय र सहजीकरण गैरनाफामूलक संस्था राउन्ड टेबलले गर्नेछ । सहयोगसम्बन्धी सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुन्दरप्रसाद कँडेल र अस्पतालका तर्फबाट मेडिकल सुपरिन्टेन्डेन्ट डा. वीरेन्द्रबहादुर प्रधान र राउन्ड टेबलका तर्फबाट नेसनल प्रेसिडेन्ट राहुल अग्रवालले हस्ताक्षर गरे ।

हुन्डाईको टेस्ट ड्राइभ क्याम्पेन विजेता घोषित



काठमाडौं (कास)- हुन्डाई गाडीको नेपालका लागि आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले विश्वकप २०२२ लक्षित ‘गोल अफ द सेन्चुरी’ अभियानअन्तर्गतको टेस्ट ड्राइभ क्याम्पेनका विजेता घोषणा गरेको छ । लक्की ड्रमार्फत शेरबहादुर जीसी र हस्तमाया गुरुङ छनोट भएका हुन् । विजेताले आफ्नो एक साथीसहित फिफा विश्वकप २०२२ को प्रत्यक्ष खेल कतार गएर हेर्न पाउने छन्, जसको सबै खर्च हुन्डाई नेपालले बेहोर्नेछ ।

एसबीआई र भन्सार विभागबीच सम्झौता

काठमाडौं (कास)- नेपाल एसबीआई बैंक र भन्सार विभागबीच कञ्चनपुरको भन्सार कार्यालय गड्डाचौकीमा बैंक एक्स्टेन्सन काउन्टर खोल्ने सम्झौता भएको छ । सम्झौतापत्रमा विभागका महानिर्देशक कमलप्रसाद भट्टराई र बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मोहम्मद रिजवान आलमले हस्ताक्षर गरे ।

आईएमईले संस्थापकबाट शतप्रतिशत सेयर पुँजी थप्ने



काठमाडौं (कास)- आईएमई लाइफ इन्स्योरेन्सले संस्थापक सेयरधनीबाट हाल कायम चुक्ता पुँजीको शतप्रतिशत बराबर सेयर पुँजी थप गर्ने भएको छ । कम्पनीले पुँजी थप भएपछि सर्वसाधारणका लागि छुट्याइएको सेयर निष्कासन गर्ने भएको छ । कम्पनीको बुधबार बसेको साधारणसभा बैठकले जीवन बिमा कम्पनीको चुक्ता पुँजी ५ अर्ब रुपैयाँ पुऱ्याउनुपर्ने प्रावधानअनुरूप उक्त निर्णय पारित गरेको हो । कम्पनीले आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको प्रतिवेदनसहित वित्तीय विवरण पनि पारित गरेको छ ।

सानिमा बैंक अब ठिमी र कपनमा



काठमाडौं (कास)- सानिमा बैंकले ठिमी र कपनमा शाखा सञ्चालनमा ल्याएको छ । ती शाखाको उद्घाटन बैंक ब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह जोडी) तथा बैंकका सञ्चालक भरतकुमार पोखरेलले संयुक्त रूपमा गरे । समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत निश्चलराज पाण्डेले बैंकका ग्राहक तथा सरोकारवालालाई निरन्तर सहयोग तथा संरक्षणका लागि कृतज्ञता व्यक्त गर्दै गुणस्तरीय सेवा प्रदान गर्न बैंक प्रतिबद्ध रहेको बताए ।

नापतौल बिगार्नेलाई...

स्थानीय तहलाई पनि अधिकार दिएकाले काम गर्न धेरै सजिलो बनाइदिएको छ ।’

संशोधित ऐनमा गलत मनसायले व्यवसायीलाई सजाय गरे कारवाहीमा संलग्न निरीक्षकलाई समेत जरिवाना र कैदको व्यवस्था छ । ‘ऐनविपरीत हुने गरी निरीक्षककले जानीजानी नापतौल वा नाप्ने वा तौलने यन्त्रमा टाँचा लगाए निजलाई एक वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ,’ ऐनमा भनिएको छ,’ ऐनबमोजिम निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर नियन्त्रकसमक्ष र जिल्ला अदालतले गरेको निर्णय वा सजायको आदेश उपर सम्बन्धित उच्च अदालतमा ३५ दिनभित्र पुनरावेदन गर्न सकिनेछ ।’

संशोधित ऐनमा प्रदेश तथा स्थानीय तहले अनुगमन गर्न सक्ने अधिकार पनि थपिएको छ । मूल ऐनमा दफा ३५ पछि दफा ३५ (क) थपेर उक्त अधिकार दिएको हो । ऐनबमोजिम नापतौल तथा नाप्ने वा तौलने यन्त्रको जाच गराए, नगराएको, इजाजतपत्र तथा अनुमतिपत्र लिए, नलिएको वा त्यस्तो इजाजतपत्र तथा अनुमतिपत्रको नवीकरण गराए, नगराएको सम्बन्धमा प्रदेश तथा स्थानीय तहले आवश्यकताअनुसार अनुगमन गर्न सक्नेछ । प्रदेश वा स्थानीय तहले नेपाल सरकारले निर्धारण गरेको मापदण्डका आधारमा विभागसँग समन्वय गरी अनुगमन गर्न सक्नेछ ।

‘अनुगमन गर्दा कसैले यस ऐनविपरीत कार्य गरेको पाइए अनुगमन गर्ने अधिकारीले कारवाहीका लागि विभाग वा अन्तर्गतको कार्यालयमा लेखी पठाउनुपर्नेछ,’ ऐनमा भनिएको छ, ‘अनुगमनका क्रममा सम्बन्धित प्रदेश वा स्थानीय कानुनबमोजिम कारवाही गर्नुपर्ने कुनै विषय देखिए त्यस्तो कानुनबमोजिम समेत प्रदेश वा स्थानीय तहले कारवाही गर्न सक्नेछ । प्रदेश वा स्थानीय तहबाट कारवाहीका लागि लेखी आए विभाग वा कार्यालयले तत्काल आवश्यक छानबिन गरी यस ऐनबमोजिम आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ ।’ संशोधनमा प्राविधिक त्रुटि मात्रै सच्याइएको उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँको दावी छ । ‘०५५ सालको ऐन समयअनुकूल छैन, संशोधनमा प्राविधिक त्रुटि मात्रै सच्याइएको हो,’ बानियाँले भने, ‘सबैभन्दा बढी समस्या औद्योगिक नापतौलमा छ, त्यो कसले हेर्नेमा अन्योल छ ।’

विज्ञापनबाट पनि चुनाव प्रचारको बाटो खुला


दल र उम्मेदवारले हरेक दिन निजी सञ्चारमाध्यममार्फत आफ्ना प्रतिबद्धता र एजेन्डा प्रचारप्रसार गर्न सक्ने

काठमाडौं (कास)- प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका उम्मेदवार र राजनीतिक दलले आफ्नो घोषणापत्र र प्रतिबद्धता मतदातासम्म पुऱ्याउन सञ्चारमाध्यमबाट विज्ञापन गर्न पाउने भएका छन् । निर्वाचन आयोगले दल र उम्मेदवारले छुट्टाछुट्टै विज्ञापन गर्न पाउने प्रावधान आचारसंहितामा राखेको छ । दल र उम्मेदवारले हरेक दिन निजी सञ्चारमाध्यममार्फत आफ्ना प्रतिबद्धता र एजेन्डा प्रचारप्रसार गर्न सक्नेछन् ।

मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारहरूलाई बुधबार निर्वाचन चिह्न प्रदान गरिसकेको छ । उम्मेदवारहरू अब प्रचारमा जान सक्छन् तर आचारसंहिताअनुसार उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुनेभन्दा १७ दिनअघिदेखि मात्रै निर्वाचन प्रचारका लागि जुलुस, आमसभा, कोणसभा र सञ्चारमाध्यमबाट कुनै प्रकारको सामग्री प्रकाशन, प्रसारण र घरदैलो कार्यक्रम गर्न पाउनेछन् ।

मतदान हुने दिनको ४८ घण्टाअघिदेखि राजनीतिक दलका पदाधिकारी, उम्मेदवार र दलको भ्रातृ संगठनले कुनै पनि माध्यमबाट मत माग्न र प्रचारप्रसार गर्न पाइँदैन । सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष-विपक्षमा सामग्री प्रचारप्रसार गर्न नपाइने आचारसंहितामा व्यवस्था छ । आयोगले जारी गरेको आचारसंहिताअनुसार उम्मेदवारले हरेक दिन ७/७ इन्च (करिब ८० सीसी) बराबरको विज्ञापन छाप्न पाउनेछन् । आचारसंहिताको दफा १५ मा सञ्चारमाध्यमको प्रयोगसम्बन्धी व्यवस्था राखिएको छ । यो दफामा राजनीतिक दल, उम्मेदवार तथा दलका भ्रातृ संगठनले प्रचारप्रसारमा सञ्चारमाध्यमको प्रयोग गर्न सक्ने व्यवस्था राखिएको छ । दफा १५ (ख) मा भनिएको छ, ‘राजनीतिक दलले निजी क्षेत्रका पत्रपत्रिकाबाट प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा ७/७ इन्चसम्मको आधारमा प्रचार सामग्री छपाउन सक्नेछ ।’

उम्मेदवारले पनि पत्रिकामार्फत आफ्नो प्रचार गर्न सक्नेछन् । आचारसंहिताको दफा १५ (च) मा भनिएको छ, ‘पहिलो हुने निर्वाचन प्रणालीबमोजिम प्रतिनिधिसभा सदस्य वा स्थानीय तह सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा ७/७ इन्चसम्मको आधारमा प्रचार सामग्री छपाउन सक्नेछ ।’ एउटा उम्मेदवारले एकै दिन एकभन्दा बढी पत्रिकामा विज्ञापन गर्न भने पाउने छैन ।



दल र उम्मेदवारले पत्रिकाबाहेक रेडियो, टेलिभिजनको माध्यमबाट पनि प्रचारप्रसार गर्न सक्नेछन् । आचारसंहिताअनुसार राजनीतिक दलले निजी क्षेत्रको टेलिभिजन, एफएममार्फत निर्वाचन प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा मिनेटसम्मको विज्ञापन गर्न पाउनेछन् । त्यस्तै प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारले रेडियो, टीभीबाट प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा तीन पटक र एक पटकमा बढीमा एक मिनेटसम्मको विज्ञापन गर्न पाउनेछन् ।

‘दलले आफ्नो घोषणापत्र मिडियामार्फत प्रचारप्रसार गर्न सक्छन्, निश्चित दिनसम्म मात्रै गर्ने भन्ने छैन, मौन अवधि सुरु हुनुअघिसम्म सञ्चारमाध्यममार्फत आचारसंहिता विपरीत नहुने गरी निर्वाचन प्रचारप्रसार गर्न पाउँछन्,’ कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखाका सहसचिव यज्ञप्रसाद भट्टराईले भने, ‘आचारसंहिताअनुसार राजनीतिक दल र उम्मेदवार दुवैले हरेक दिन एउटा मिडियामा प्रचार गर्न सक्छन् ।’ सञ्चारमाध्यममा प्रचारप्रसारका लागि कतिसम्म खर्च गर्न पाउने कुनै सीमा नरहेको तर निर्वाचन खर्चको सीमामा रहेर खर्च गर्न पाउने उनले बताए ।

निर्वाचन आयोगले प्रतिनिधिसभाका उम्मेदवारले न्यूनतम २५ देखि बढीमा ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने सीमा तोकेको छ । ‘प्रचारप्रसारमा जति गर्ने हो, यही खर्चको सीमाभित्र रहनुपर्छ,’ भट्टराईले भने । प्रदेशसभाका उम्मेदवारले १५ देखि २३ लाखसम्म निर्वाचनमा खर्च गर्न पाउने सीमा तोकिएको छ । उम्मेदवारले निर्वाचन प्रयोजनका लागि ७५ ग्रामसम्मको कागजमा ३ सय वर्ग इन्चसम्म क्षेत्रफल भएको आधारमा एउटै रंगको पर्चा मात्रै छाप्न पाउँछन् । त्यस्तै उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाइएको ३/४ फिटको दलको झन्डा र चिह्नबाहेक अन्य सामग्री राख्न नपाउने आचारसंहितामा उल्लेख छ ।

आमसभामा र घरदैलोमा १० वटा झन्डा मात्रै बोक्न पाउनेछ । यस्तो कार्यक्रममा २५ जनामा सीमित हुनुपर्ने व्यवस्था राखिएको छ । बाजा, झाँकी प्रदर्शनमा पनि रोक लगाइएको छ । अनलाइन, टीभी स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैंकका एटीएम काउन्टरमा सन्देश वा सडक नाटकको माध्यमबाट पनि दल र उम्मेदवारले प्रचारप्रसार गर्न नपाउने प्रावधान राखिएको छ । राजनीतिक दल र उम्मेदवारको बढीमा एउटा आधिकारिक निजी वेबपेजमा प्रसारप्रसार राख्न भने पाउने व्यवस्था आचारसंहितामा राखिएको छ । दलले झन्डा र चुनाव चिह्नको तोरण बनाएर सार्वजनिक स्थलमा प्रदर्शन गर्नसमेत रोक लगाएको छ । भित्तेलेखन, सवारीको प्रयोग गरेर ऱ्याली गर्नसमेत नपाइने व्यवस्था आचारसंहितामा राखिएको छ ।

सुदखोरभन्दा चर्को...

‘सञ्चालन लागत धेरै छ भन्ने बहानामा ग्राहकको हित नहेरी आफ्नो नाफा मात्र हेर्न थाले, यसले विकृति बढायो,’ उनले भने, ‘संस्थाहरू आफ्नो उद्देश्यबाट विचलित भएका छन् । त्यसको असर बिस्तारै देखिन थालेको छ ।’ ग्राहकलाई के खाँचो छ सो पहिचान गरी उनीहरूको रोजाइको क्षेत्रमा लगानी गर्नेभन्दा पनि कुन क्षेत्रमा ऋण प्रवाह गर्न सकियो भने संस्थालाई धेरै नाफा हुन्छ भन्नेमा लघुवित्त संस्थाहरू केन्द्रित भएको क्षत्रीले बताए ।

ऋण तिर्न नसकेर गुल्मीमा धेरै मानिस गाउँ छाडी भाग्ने, लुक्ने गरेका छन् भने धेरै महिलाको घरबार बिग्रेको छ । ‘श्रीमान् र परिवारका सदस्यले थाहा पाएपछि ऋण लिएको पैसाको सोधीखोजी र झगडा सुरु हुन्छ, कुरा गर्न डर लाग्छ,’ गुल्मी दरबारकी शिखा रेश्मी भन्छिन्, ‘अनि श्रीमान् र परिवारले साथ दिए सहमतिमा अन्यत्र बसाइँ सरेर लुक्नुपर्छ, श्रीमान्ले बुझेनन् भने घरबारै बिग्रन्छ ।’

ऋण दिएका मानिसहरूलाई घरमा पुगेर गाईबस्तु बेच्ने, जिन्सी सामान बेच्ने, धम्क्याउने गरेर उठीबास लगाउन थालेपछि जिल्लाभर यो समस्या विकराल हुन थालेको रुरुक्षेत्र गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले बताए । ‘दिनहुँजसो लघुवित्तले धम्की दिएको भन्दै उजुरी आउँछन्, कतिपयले पशुचौपाया बिक्री गरिदिएको भन्नुहुन्छ, कतिले धम्की दिएको भन्नुहुन्छ,’ उनले भने, ‘मैले वित्तीय संस्थाहरूसँग यसलाई कसरी रोक्न सकिन्छ भनेर छलफल पनि चलाएँ तर राष्ट्र बैंकमा दर्ता भएर चलेका संस्थालाई केही गर्न सक्ने अवस्था रहेन ।’

राष्ट्र बैंकको नियमविपरीत विभिन्न बहाना बनाएर ३० देखि ३५ प्रतिशतसम्म ब्याज रकम असुलेको पीडित चम्पा विकले बताइन् । ‘कतिपय महिला ऋण तिर्न नसकेर विस्थापित भइसकेका छन्,’ उनले भनिन्, ‘कतिपय आत्महत्या गर्नुपर्ने अवस्थामा पुगेका छन् । यस्ता विषयमा समयमै सरोकारवाला निकायले ध्यान दिनुपर्छ ।’

कोरोना महामारीले महिलाले लिएको ऋणबाट आयआर्जन गर्न नसकेको जानकारी गराए पनि जसरी पनि ऋण तिर्नुपर्छ होइन भने जे पनि गर्छौं भन्दै लघुवित्तका कर्मचारीले धम्की दिने गरेको पीडित महिलाले बताए । ‘जेनतेन साँझबिहान गुजारा गर्ने अवस्था पनि छैन,’ पीडित महिला विकले भनिन्, ‘अहिले छैन, पछि तिर्नेछौं भन्दा पनि जथाभावी गालीगलौज गर्ने गरेका छन् ।’

पाल्पाका प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्तले लघुवित्त पीडितहरूले निवेदन दिएको बताए । ‘राष्ट्र बैंकबाट स्वीकृति गरेर चलेका संस्था हुन्,’ उनले भने, ‘विभिन्न समस्या देखिएका छन् । यस विषयमा बुझिरहेको छु ।’ पाल्पामा मात्रै ३५ बढी लघुवित्त छन् ।

राष्ट्र बैंकका अनुसार गत असारसम्म ७७ वटै जिल्लामा लघुवित्त सेवा पुगेको छ । करिब ५९ लाख घरपरिवारले लघुवित्त सेवा लिएका छन् । तीमध्ये करिब ९७ प्रतिशत महिला छन् । यस्तै, करिब ३३ लाख ३१ हजार ऋणीले लघु कर्जा लिएका छन् । ऋणीमध्ये पनि करिब ९७ प्रतिशत महिला छन् । गत असारसम्म मुलुकभर ६५ वटा लघुवित्त वित्तीय संस्था सञ्चालनमा छन् ।

०७८ चैतसम्ममा देशभरका लघुवित्तले ४ खर्ब ४९ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेका छन् भने उनीहरूसँग १ खर्ब ५० अर्ब रुपैयाँ बचत छ । लघुवित्तहरूले २२ प्रतिशतसम्म ब्याज असुलेको पीडितहरूले गुनासो गरेका छन् । पछिल्लो समय राष्ट्र बैंकले ब्याजको सीमा तोकेपछि भने १५ प्रतिशतसम्म ब्याज लिइरहेको उनीहरूले बताएका छन् । ग्रामीण भेगमा विपन्न र सीमान्तकृत वर्गमा वित्तीय पहुँच विस्तार गर्दै उनीहरूको आयआर्जन वृद्धि गरी मुलुकको गरिबी निवारण गर्ने काममा लघुवित्तको भूमिका महत्त्वपूर्ण भए पनि केही बेथितिहरू अझै सुधार हुन नसकेको राष्ट्र बैंककै अधिकारीहरू स्वीकार गर्छन् । उनीहरूका अनुसार लघुवित्तले लिने सेवा शुल्कमा राष्ट्र बैंकले सीमा तोकिदिएको छ । तर प्रायः लघुवित्तले घुमाउरो बाटोबाट धेरै सेवाशुल्क लिइरहेका छन् । यसका लागि संस्थाहरूले थोरै अवधि (मासिक/त्रैमासिक रूपमा) का लागि कर्जा प्रवाह गर्ने, पुरानो कर्जाको भुक्तानी अवधि सकिनुअघि नै आफैं थप ऋण दिएर भुक्तानी गर्न लगाउने र नयाँ कर्जा प्रवाह भएको देखाउने गरेको छ ।

लघुवित्त वित्तीय संस्थाको खराब कर्जा कम छ । सबै कर्जा समयमा असुली भएकाले खराब कर्जा कम भएको भने होइन । कर्जा नियमित गर्न ऋणीलाई समस्या हुन थालेपछि आफैं कर्जा दिने र भुक्तानी गरिदिने प्रवृत्ति केही लघुवित्तमा अझै पनि कायम रहेको राष्ट्र बैंकका अधिकारीहरू स्वीकार गर्छन् । यसो गर्दा संस्थामा सबै कर्जा असल देखिन्छ तर ऋणीलाई ऋणको भारले थिचिरहेको हुन्छ । ऋणीका बारेमा संस्थाले नसोच्दा समस्या बल्झिँदै गएको जानकारहरू बताउँछन् । ‘बहुबैंकिङ (मल्टिपल फाइनान्सिङ) अझै पनि कायमै छ,’ राष्ट्र बैंक स्रोतले भन्यो, ‘यद्यपि संस्थालाई वार्षिक साधारणसभाको अनुमति दिँदा यी सबै विषय राष्ट्र बैंकले सूक्ष्म रूपमा हेर्न थालेको छ ।’ राष्ट्र बैंकको निर्देशनअनुसार हाल लघुवित्त वित्तीय संस्थाले एउटा ऋणीलाई बिनाधितो ७ लाख र धितोमा १५ लाख रुपैयाँभन्दा बढी ऋण दिन पाइँदैन । यो हरेक लघुवित्तले एउटा ऋणीलाई प्रदान गर्ने लघुकर्जाको सीमा होइन । सो क्षेत्रमा भएका सबै लघुवित्त वित्तीय संस्थाले गरेर एउटा ऋणीलाई तोकिएको भन्दा बढी कर्जा दिन नपाउने भन्ने हो । उदाहरणका लागि कुनै एक संस्थाले एउटा ऋणीलाई बिनाधितो ५ लाख रुपैयाँ लघुकर्जा प्रवाह गरेको छ । अब बाँकी सबै संस्थाले गरेर उक्त ऋणीलाई थप २ लाख रुपैयाँसम्म मात्र कर्जा प्रवाह गर्न सक्छन् । ‘संस्थाले गरेका गल्तीमा नियामक निकायले आँखा चिम्लिएकै कारण अहिले यो अवस्था आएको हो,’ एक लघुवित्तका प्रमुख कार्यकारी अधिकृतले भने, ‘नियामक निकायले दायाँबायाँ नहेरी नियमनलाई प्रभावकारी बनाउने हो भने केही महिनामै सबै समस्या समाधान हुन्छ ।’ धेरै संस्थाले घरमा आएर कर्जा लिन आग्रह गरेकाले (कर्जाको आपूर्ति धेरै भएर) एउटै ऋणी धेरै ठाउँबाट कर्जा लिन बाध्य भएको गुनासो पनि राष्ट्र बैंकमा पुगेको छ । संस्थाले ऋणीको कर्जा भुक्तानी क्षमता, आम्दानीको स्रोत, कर्जा उपयोगितालगायत पक्ष बेवास्ता गरी जसरी भए पनि ऋण लगानी गर्ने सोचले यो अवस्था आएको जानकारहरू बताउँछन् ।

राष्ट्र बैंकले २०७५ मा गरेको अध्ययन (सर्वेक्षण) ले लघुवित्त संस्थाबाट ऋण लिएका घरपरिवारमध्ये ७० प्रतिशतले एकभन्दा बढी संस्थाबाट ऋण लिएको देखाएको छ । ‘लघुवित्त संस्थाबाट कर्जा लिने कुल घरपरिवारमध्ये एक संस्थाबाट मात्र कर्जा लिनेको संख्या ३१ प्रतिशत छ,’ उक्त सर्वेक्षणमा उल्लेख छ, ‘बाँकीले बहुबैंकिङ कर्जा लिएका छन् ।’

यस्तै, लघुवित्त वित्तीय संस्थाले नियामक निकायको निर्देशनविपरीत आवास निर्माण, घरजग्गा, टेलिभिजन, मोबाइल खरिद गर्नलगायत अनुत्पादक क्षेत्रमा कर्जा प्रवाह गरेको पाइएको राष्ट्र बैंकके अधिकारीहरू स्वीकार गर्छ । ‘यस्ता धेरै गुनासा आउने गरेका छन्, अनुगमनका क्रममा पनि कही त्यस्तो भेटिएको छ,’ स्रोतले भन्यो, ‘ती संस्थाहरूलाई कारबाही गरेका छौं ।’ लघुवित्त वित्तीय संस्थाको अर्को बदमासी ऋणीलाई स्वीकृत कर्जा रकमको सबै रकम नदिएर कम्तीमा एक किस्ता आफ्नै संस्थामा बचत गर्न लगाउनु पनि हो । यसो गर्दा ऋणीले सबै रकम एकै पटक उपयोग गर्न पाउँदैन भने संस्थालाई स्वतः बचत प्राप्त हुन्छ ।

विगतमा आफूहरूमा केही समस्या भए पनि पछिल्ला वर्षमा तीनमा धेरै हदसम्म सुधार भएको र सेवाको गुणस्तर पनि अभिवृद्धि भएको लघुवित्त बैंकर्स संघका महासचिव रामबहादुर यादवले बताए । ‘वित्तीय पहुँच नपुगेका ग्रामीण भेगमा विपन्न र सीमान्त वर्गको आर्थिक अवस्थामा सुधार ल्याउन लघुवित्तको भूमिका अतुलनीय छ,’ उनले भने, ‘विगतमा केही कमकमजोरी भए होलान् अहिले त्यो अवस्था छैन ।’ विगतमा ऋणीको क्षमता नहेरी, उनीहरूलाई वित्तीय साक्षर नबनाई कर्जा प्रवाह गरे पनि अहिलेको अवस्था त्यस्तो नभएको उनको दाबी छ । ‘हाल सबै लघुवित्त वित्तीय संस्था कर्जा सूचना केन्द्रमा आबद्ध भएकाले बहुबैंकिङ र नियामक निकायले तोकिदिएको सीमाभन्दा बढी कर्जा दिने अवस्था छैन,’ उनले भने, ‘विगतका धेरै बेथितिमा सुधार भएको छ ।’

यस्तै, मौद्रिक नीतिमार्फत कृषिलगायत उत्पादनशील क्षेत्र, लघु उद्यम, निर्यात र कोभिड महामारीबाट पुनरुत्थान हुन बाँकी अतिप्रभावित क्षेत्रमा प्रवाहित कर्जालाई पुनर्कर्जा सुविधा उपलब्ध गराउने गरी निरन्तरता दिइएको छ । बैंक तथा वित्तीय संस्थाले लघुवित्त वित्तीय संस्थालाई विपन्न वर्ग कर्जाअन्तर्गत थोक कर्जा प्रवाह गर्दा आधार दरमा २ प्रतिशत बिन्दुसम्म मात्र प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्नुपर्ने व्यवस्था पनि मौद्रिक नीतिमा छ । यस्तै, लघुवित्त वित्तीय संस्थाहरूले आफ्नो पुँजीकोष बराबरको ऋणपत्र जारी गरी स्रोत परिचालन गर्न सक्ने नीतिगत व्यवस्था राष्ट्र बैंकले गरेको छ ।

ऋण तिर्न नसकेकै कारण सल्यानका झन्डै दर्जन व्यक्ति घरबार छाडेर भागिसकेका छन् । तीन वर्षअघि आफन्तले विभिन्न लालच देखाएपछि शारदा-१ श्रीनगरस्थित स्वावलम्बन, किसान र मिर्मिरे लघुवित्तबाट ३ लाख ऋण निकालेकी कमला खत्रीले ऋणभन्दा धेरै ब्याज तिरिसकेको बताइन् । रकम दिएको कागज नभएकाले सम्बन्धित निकायमा गएर उजुरी गर्न नसकेको उनको गुनासो छ । ‘व्यवसाय केही छैन, छिमेकीले नै आयमूलक काम गर्ने भनी ऋण निकाल्न लगाए,’ उनले भनिन्, ‘अहिले ऋण र ब्याज तिर्न नसक्दा मर्नु न बाँच्नु भएको छ ।’

श्रीनगरकी कोकिला श्रेष्ठले विभिन्न लघुवित्तबाट ५ लाख कर्जा लिइन् । दुई/चार दिनमै फिर्ता गरिदिने र ब्याज पनि तिर्ने सर्तमा छिमेकीका लागि ऋण लिएकी उनी अहिले चर्को ब्याजको फन्दामा परेकी छन् । ‘लघुवित्तले समय समयमा कालोसूचीमा नाम निकाल्ने र घर बिक्री गरेर भए पनि रकम असुल्ने दबाब दिन थालेको छ,’ उनले भनिन्, ‘यता घरकाले जाँ जान्छेस् जा, मरे मर्, बाँचे बाँच् भन्न थालेका छन् । के गरौं, कसो गरौं भन्नेमा परेकी छु ।’

त्रिवेणीका धर्मबहादुर थापाले सजिलोका लागि समूहमा बसेका महिलाले ब्याजको दरसमेत नबुझी लघुवित्तबाट ऋण निकालेको बताए । यसरी लिएको ऋण धेरैजसोले घर खर्च जस्ता काममा खर्च गरेकाले उनीहरू मर्कामा परेको देखिन्छ । उनले भने, ‘वित्तीय संस्थाले ध्यान नदिँदा र लिएको ऋण महिलाहरूले सही ठाउँमा सदुपयोग नगर्दा यसले जटिल समस्या निम्त्याएको छ ।’

सल्यानका प्रमुख जिल्ला अधिकारी विपिन आचार्यले जिल्लाका अधिकांश सोझासाझा महिला लघुवित्तबाट प्रभावित भएको बताए । लघुवित्तबाट ठगिएका दुई जनाले (महिला, पुरुष) आफूहरू ठगिएको भन्दै मौखिक उजुरी दिएको तर कति रकम ठगिएको भन्ने नखुलाए पनि सम्बन्धित लघुवित्तसँगै बसेर छलफल गरी समस्या समाधान गरिएको उनले जानकारी गराए । उनका अनुसार जिल्लामा दुई दर्जन लघुवित्त सञ्चालित छन् ।

लघुवित्तका प्रमुखहरूले आव ०७२/७३ मा प्रतिस्पर्धा भएकाले व्यवसाय विस्तारका लागि सेवा तथा शुल्कका बारेमा जानकारी नगराई धमाधम फाराम भरेको आधारमा ऋण परिचालन गर्नु कार्यालयको कमजोरी भए पनि अहिले त्यस्तो नभएको बताएका छन् । रकम फसेपछि उनीहरूले सबै कुरा बुझेर, निरीक्षण गरेर मात्र ऋण प्रवाह गर्दै आएको जनाएका छन् । लिएका महिलालाई ऋण तथा ब्याज तिर्नका लागि सहजता गरेको उनीहरूको भनाइ छ ।

श्रीनगरस्थित रहेको विजय लघुवित्तका प्रमुख किरन घिमिरेले जुन प्रयोजनका लागि महिलाले ऋण लिएका थिए, उनीहरूले त्यसमा प्रयोग नगरी फजुल खर्च गरेको र आर्थिक प्रलोभनमा परेर छिमेकीलाई ऋण लिएकाले अप्ठेरोमा परेको बताए । कोरोनाका बेला ५० प्रतिशत ब्याज मिनाहा गर्दासमेत उनीहरूले नतिरेको उनको भनाइ छ । उनका अनुसार शारदा नगरपालिकाको श्रीनगर बजार आसपासमात्र झन्डै ६० जनाले लिएको ऋण तथा ब्याज फिर्ता नगर्दा अहिले संस्थाको पाँच वर्षदेखि झन्डै ३५ लाख फसेको छ । श्रीनगर आसपासमा दुई दर्जन जति लघुवित्त छन् । एक लघुवित्तको १५ देखि ४० लाखसम्म फसेको उनको भनाइ छ ।

चौतारी लघुवित्तका प्रमुख शोभा सेनले संस्थामा आबद्ध ५ सय ७१ सदस्यमध्ये २ सय जनामा ऋण परिचालन गरेको र त्यसमध्ये ६५ जनालाई दिएको करिब ६० लाख बराबर ऋण असुल गर्न बाँकी रहेको बताइन् । महिलाले ऋण तथा ब्याज फिर्ता गर्न नमानी पूरै मिनाहा गर्नका लागि उल्टै संघर्ष समिति गठन गरेका उनले जानकारी गराइन् ।

श्रीनगरस्थित स्वावलम्बन लघुवित्तका प्रमुख हरिकुमार बोहराले विनाधितो लिएकाहरू बढी समस्यामा परेको बताए । ‘कार्यालयको १० लाखभन्दा बढी रकम फसेको छ,’ उनले भने, ‘ऋण लिएका महिलाले नतिरे कानुनअनुसार कारबाही गर्न सक्छ तर अहिलेसम्म कसैलाई कारबाही प्रक्रिया अगाडि बढाएको छैन ।’

ऋण तिर्न नसक्दा आत्महत्या

गुल्मीको गुल्मीदरबार-५ अमरअर्बाथोकस्थित जनआधारभूत विद्यालयमा प्रावि तहका शिक्षक थिए- रवि सुनार । निजी स्रोतको १० हजार रुपैयाँ तलबले ३ सन्तानसहित पाँच जनाको परिवार पाल्न समस्या भएपछि घर-व्यवहार चलाउन गाउँकै लघुवित्तबाट ऋण लिए । ऋण थपिँदै जाँदा किस्ता तिर्ने चाप पर्दै गयो । लघुवित्तले ताकेतासँगै धम्की दिन थाले ।

गत मंसिर १ मा सूर्योदय लघुवित्त, गैंडाकोटका कर्मचारीले सुनारको घरमा पुगेर किस्ता बुझाउन दबाब दिए । सुनार विद्यालय गएका बेला श्रीमती नेत्रकलालाई भैंसी बेचिदिने धम्की दिएका उनले रविलाई पनि धेरै पटक फोन गरे । कक्षाकोठामा पढाइरहेका रविको फोन नउठेपछि विद्यालयमै पुगेर सबैको सामुन्ने धम्क्याए । सूर्योदयसहितका लघुवित्तको दिनहुँ फोन र धम्कीले तनावमा परेका सुनारले मंसिर ५ मा एउटा गोठमा झुन्डिएर आत्महत्या गरे ।

‘सूर्योदयका कर्मचारीले त्यस्तो गरेपछि उहाँले (रविले) सानो भा’नि ठूलो भा’नि इज्जतको सवाल हुन्छ, अघिपछि स्टाफ हुन्छन्, तपाईंले यही हो गर्ने ? तपाईंजस्तो मान्छे त मैले देखेको थिइनँ भन्नुभएको थियो, त्यसपछि मसँग समेत खुलेर बोलचाल भएन,’ श्रीमती नेत्रकलाले भनिन्, ‘मंसिर ५ मा स्कुल नपुगीकन बाटैमा त्यस्तो घटना भयो, हामीलाई साँझ मात्र थाहा भयो ।’ सुनार स्कुलबाट नफर्केपछि खोजी गर्दा बेलुकी गलबन्दीको पासो लगाएर आत्महत्या गरेको अवस्थामा फेला परेका थिए ।

रविको आत्महत्या लघुवित्तकै ऋणका कारण भएको गुल्मीदरबार गाउँपालिका-५ का वडाध्यक्ष गुणानिधि पौडेलले बताए । ‘ऋणको कारण (लघुवित्तबाट) अलिकति घेराबन्दी, टर्चर भयो,’ उनले भने, ‘आत्महत्याको कारण त त्यही नै हो तर कानुनी प्रमाण हामीले देखाउन सकिन्न ।’

उक्त विद्यालयका तत्कालीन प्रधानाध्यापक तथा हाल छत्रकोट गाउँपालिका-५ का वडाध्यक्ष रामप्रसाद कँडेल आर्थिक कारण नै रवि आत्महत्याको अवस्थामा पुगेको बताउँछन् । ‘आर्थिक रूपमा उहाँलाई लघुवित्तको ऋणले क्राइसिस नै थियो, केही दिनअघि मसँग ५० हजार माग्नुभएको थियो । मैले त्यति धेरै पैसा त छैन भनेपछि खल्तीमा ५ हजार थियो, त्यही लिएर जानुभएको हो,’ उनले भने, ‘मैले मंसिर १ गते राजीनामा दिएको हो, त्यसको ४/५ दिनपछि उहाँले त्यस्तो निर्णय गर्नुभएछ ।’

गत १८ भदौमा धुर्कोट गाउँपालिका-३ हाडहाडेकी ५८ वर्षीया कुमारी विकले पनि लघुवित्तको ऋण तिर्न नसकेर आत्महत्या गरिन् । तीन वटा लघुवित्तमा मासिक १०/१२ हजार किस्ता तिर्नुपर्ने तनावका कारण आत्महत्या गरेको उनकी बुहारी सरिताले बताइन् । ‘छिमेकी, मैत्री र हाम्रो माइक्रोफाइनान्स समूहको ऋण थियो, महिना महिनामा एउटामा १२ हजार र अर्कोमा १५ हजार किस्ता थियो,’ उनले भनिन्, ‘त्यही तनावले त्यस्तो घटना भयो ।’

गुल्मीदरबार-५ का वडाध्यक्ष पौडेलका अनुसार ऋणीले आत्महत्या गरेपछि समेत लघुवित्तहरूले परिवार धम्क्याउन छाडेका छैनन् । आत्महत्या गरेका शिक्षक रविको मृत्युपछि पनि लघुवित्तहरूले परिवारलाई धम्की दिएका कारण नेत्रकला सानो काखेबालकसहित अहिले विस्थापित भएर भारत पुगेकी छन् । ‘ऋण मागेर धम्क्याउने काम भयो भनेर उनीहरूले २/३ पटक फोन गरेका थिए । तर, हामीले ऋण नै नतिर्नु भन्न सक्ने अवस्था रहेन,’ उनले भने, ‘अहिले सानो बच्चा लिएर उहाँ इन्डिया जानुभएको छ ।’

३ सय ७६...

कांग्रेस सभापति वलीको उम्मेदवारी भने बैंकिङ कसुरसम्बन्धी मुद्दाका कारण खारेज भएको थियो । ‘पहिल्यै टिकट नदिएको भए उम्मेदवारी दर्ता गर्ने थिएनौं, अहिले बलजफ्ती उम्मेदवारी झिक्न लगाइयो,’ केन्द्रीय सदस्य नेपालीले भने ।

रुकुमपश्चिममा झैं प्रभावशाली नेताहरू चुनाव लडेका क्षेत्रमा सत्ता गठबन्धन दलका आधिकारिक र बागी उम्मेदवारले उम्मेदवारी फिर्ता लिएका छन् । एमालेले भने गठबन्धनको प्रभाव भएको क्षेत्रमा आफ्नै उम्मेदवारलाई फिर्ता गरेर स्वतन्त्र र अन्य दलका उम्मेदवारलाई समर्थन गरेको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल उम्मेदवार रहेको गोरखा-२ मा माधवी भट्टले उम्मेदवारी फिर्ता लिएकी छन् । सत्यनिरूपण तथा मेलमिलाप आयोगकी पूर्वसदस्य उनलाई कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले फोन गरेर उम्मेदवारी फिर्ता लिन आग्रह गरेका थिए । ‘प्रधानमन्त्रीले देशको समग्र अवस्थालाई मध्यनजर गर्दै उम्मेदवारी फिर्ता लिन आग्रह गर्नुभयो, सत्ता गठबन्धन लोकतन्त्र बचाउनका लागि हो भन्नेमा म सहमत भएरै उम्मेदवारी फिर्ता लिएकी हुँ,’ भट्टले भनिन् । गोरखा-२ मा कांग्रेसका गणेश देवकोटा अझै बागी उम्मेदवार छन् । उनी गत वर्ष पार्टीको महाधिवेशन प्रतिनिधिमा पराजित भएका थिए ।

देउवा उम्मेदवार रहेको डडेलधुरामा एमालेको टिकटबाट लडेका चक्र स्नेहीलाई फिर्ता गरेको छ । राष्ट्रिय सभाको पूर्वसदस्य स्नेहीलाई पार्टीका तर्फबाट टिकट दिइएको थियो । उक्त क्षेत्रमा कांग्रेस बीपीका तर्फबाट उम्मेदवार बनेका कर्ण मल्ललाई समर्थन गर्न उम्मेदवारी फिर्ता लिइएको हो । मल्ल कांग्रेसका पूर्वजिल्ला सभापति तथा प्रधानमन्त्री देउवाका पूर्वस्वकीय सचिव हुन् ।

एमालेले डडेलधुराको रणनीति चितवन-३ मा पनि अख्तियार गरेको छ । त्यहाँ उसले रामप्रसाद न्यौपानेलाई उम्मेदवार बनाएको थियो । तर बुधबार उनलाई उम्मेदवारी फिर्ता लिन लगाएर गठबन्धनका बागी उम्मेदवार दिनेश कोइरालालाई समर्थन गरेको छ । कोइराला कांग्रेस केन्द्रीय सदस्य हुन् । चितवन-३ मा सत्ता गठबन्धनले माओवादीका भोजराज अधिकारीलाई उम्मेदवार बनाएको छ । माओवादी अध्यक्ष दाहाल आफू गोरखा-२ मा गएर चिकित्सकसमेत रहेका अधिकारीलाई उठाएका हुन् । कांग्रेसले आफ्नो बलियो जनाधार रहेको चितवन-३ मा दाहालले छाडेपछि पाउने आशा गरेको थियो । तर दाहालले छाड्दासमेत माओवादीकै उम्मेदवार भएपछि कोइराला बागी उठेका हुन् । उनी कांग्रेसभित्र संस्थापनइतर नेता शेखर कोइराला पक्षीय हुन् । ‘एमालेले कांग्रेसको असन्तुष्ट पक्षसँग केन्द्रीय स्तरमै कुरा गरेर कोइरालालाई समर्थन गरेको हो,’ स्वतन्त्र उम्मेदवार कोइरालानिकट एक नेताले भने, ‘कांग्रेसको केन्द्रीय नेतृत्वले चितवनलाई पटक-पटक अन्याय गरेपछि एमालेको समर्थन लिनुपरेको हो ।’

उक्त क्षेत्रमा एमालेले राप्रपाका उपाध्यक्ष विक्रम पाण्डेलाई समर्थन गर्ने अनुमान गरिएको थियो । तर कांग्रेसका बागीलाई समर्थन गरेपछि चितवन-३ मा गठबन्धनका अधिकारी, राप्रपाका पाण्डे र एमालेको समर्थन पाएका कोइरालाबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने भएको छ ।

एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ उम्मेदवार रहेको इलाम-१ मा कांग्रेसका पुराना नेता विक्रम पाण्डे बागी उठेका छन् । उनको उम्मेदवारी फिर्ता लिन लगाउने कांग्रेसको प्रयास सफल भएन । इलाममा कांग्रेस र एकीकृत समाजवादीबीच गत स्थानीय तह निर्वाचनदेखि सम्बन्ध राम्रो छैन । स्थानीय तहमा कांग्रेससँग गठबन्धन गरे पनि कार्यपालिका निर्वाचन र जिल्ला समन्वय समितिको निर्वाचनमा एकीकृत समाजवादीले एमालेसँग तालमेल गरेको थियो । त्यसैले पाण्डेको उम्मेदवारीले एकीकृत समाजवादीसँग असन्तुष्ट जनमत प्रभावित गर्ने कांग्रेसका एक स्थानीय नेताले बताए ।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको गृहजिल्ला रौतहटमा पनि गठबन्धनमा गडबड देखिएको छ । नेपाल उम्मेदवार रहेको रौतहट-१ मा गठबन्धनका बागी उम्मेदवार छैनन् । तर माओवादी केन्द्रको भाग परेको रौतहट २ (२) र ४ (१) मा एकीकृत समाजवादीले आफ्ना उम्मेदवार उठाएको छ । २ (२) मा माओवादी केन्द्रबाट अशोक जैसवाल र एकीकृत समाजवादीबाट कनिस कट्टेल तथा ४ (१) मा माओवादीबाट युवराज भट्टराई र एकीकृत समाजवादीबाट बालकृष्ण श्रेष्ठ उम्मेदवार छन् । माओवादीका जिल्ला इन्चार्जसमेत रहेका भट्टराईले अध्यक्ष नेपालकै जिल्लामा गठबन्धनलाई धोका भएको बताए । ‘केन्द्रमा एउटा सहमति गर्ने र जिल्लामा आएर त्यसलाई उल्लंघन गर्ने काम भयो, यो सरासर धोका हो,’ उनले भने । कांग्रेस नेता रामचन्द्र पौडेलले भने यसपटक पार्टीका पूर्वनेता गोविन्दराज जोशीको चुनौती खेप्नुपर्ने भएको छ । जोशीले यसपटक स्वतन्त्रबाट उम्मेदवारी दिएका छन् । कांग्रेसकै पूर्वजिल्ला सचिव विश्वनाथ बाँस्तोलाले स्वतन्त्र उम्मेदवारी दिएका भए पनि उनले जोशीलाई समर्थन गर्दै फिर्ता लिएका छन् । एमालेले एकबहादुर रानालाई उम्मेदवार बनाएको छ । जोशीले लिने भोट कांग्रेसको हुने भएकोले पौडेलको लागि चुनौती थपिएको छ ।

जुम्लामा भने माओवादी केन्द्रबाटै बागी उम्मेदवारी परेको छ । सत्ता गठबन्धनका तर्फबाट गोमा कुँवर उम्मेदवार छिन् । माओवादी केन्द्रका केन्द्रीय सल्लाहकार समिति सदस्य कलबहादुर रोकायाले बागी उम्मेदवारी दिएका छन् । उनलाई निवर्तमान सांसद गजेन्द्र हमालको भित्री सहयोग रहेको माओवादीकै एक नेताले बताए । जुम्लाको प्रदेशसभामा पनि सत्ता गठबन्धनका उम्मेदवारविरुद्ध बागी परेको छ । प्रदेशसभा १ मा कांग्रेसका प्रदेश सभापति ललितजंग शाहीविरुद्ध महाधिवेशन प्रतिनिधि देवेन्द्र शाहीले उम्मेदवारी दिएका छन् । प्रदेशसभा २ मा प्रदेश मन्त्रीसमेत रहेका एकीकृत समाजवादीका पदम रोकायाविरुद्ध कांग्रेस महासमिति सदस्य धनबहादुर बस्नेतले उम्मेदवारी दिएका छन् । पूर्वजिल्ला सभापति दीपबहादुर शाहीले बागी उम्मेदवारी झिके पनि उनले बस्नेतलाई समर्थन गर्ने सम्भावना रहेको कांग्रेसकै कार्यकर्ता बताउँछन् ।

सत्ता गठबन्धनले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै गठबन्धन उम्मेदवार रहेका ठाउँमा स्वतन्त्र उम्मेदवारी दिएका नेताहरूलाई उम्मेदवारी फिर्ता गर्न अपिल गरेको थियो । कांग्रेसले प्रेस विज्ञप्तिमार्फत बागी उम्मेदवार र उनका प्रस्तावकलाई साधारण सदस्यबाटै निस्कासन गर्ने जनाएको छ । एकीकृत समाजवादीले प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो पार्टीबाट उम्मेदवारी दिएका १८ जनाले फिर्ता लिएको जनाएको छ । प्रतिनिधिसभातर्फ ४ र प्रदेशसभातर्फ १४ जनाले फिर्ता लिएको विज्ञप्तिमा उल्लेख छ ।

WALK-IN-INTERVIEW
URGENT VACANCY
JAKSON
INDIA'S MULTINATIONAL GENERATOR & SOLAR COMPANY

S.N.	Position	Location	Qualification	Experience	Nos.
1	Technician/ Sr. Technician	KTM/BHW/ BIR/BRT	Sub-Overseer/ ITI Electrical	Fresher 1-2 Yrs Exp.	50
2	Engineer/ Sr. Engineer	KTM/BHW/ BIR/BRT	Overseer/ Diploma Electrical	Fresher 1-2 Yrs Exp.	50
3	Front Desk Executive (Tele-Caller)	Kathmandu	10+2 / Diploma	1 -2 yrs. Exp.	20
4	Sr. Marketing/Sales Executive (Field Job)	Kathmandu	BBA/MBA	1 -2 yrs. Exp.	20

CONTACT: JAKSON LIMITED
House No-188, Jaldhunga Marg Bansbari, Ward No-3 Kathmandu, Nepal.
Email: naveen.khanna@jakson.com, Mobile: 9802025127

दुई बालबालिकासहित परिवारका ३ को हत्या

बारा (कास)- प्रसौनी गाउँपालिका ५ प्रस्टोका गाउँका एकै परिवारका ३ जनाको हत्या गरिएको अवस्थामा बुधबार खोला किनारमा फेला परेको छ । २५ वर्षीया सुजाता चौधरी, उनकी चार वर्षीया छोरी ताहिरा र १६ महिने छोरा राजबीरको घाँटी रेटी हत्या गरिएको अवस्थामा शव फेला परेको हो । गाउँभन्दा उत्तर तर्फ रहेको डोरा खोला किनारमा तिनै जनाको शव फेला परेको हो । दुबै बालबालिकाको शव एक ठाउँमा र बालबालिकाको आमा सुजाताको शव ३ सय मिटर दक्षिण तर्फ फेला परेको हो । हत्याबारे अनुसन्धान गर्न सुजाताकी ३५ वर्षीय पति दिपेन्द्र चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरीले उनलाई आफ्नो निगरानीमा राखेर न्यूरो अस्पताल वीरगन्जमा आईस्यूमा उपचार गराइरहेको छ । उनी मंगलवार राती वीरगन्जमा साइकलमा हिडिरहँदा दुर्घटनामा परी घाइते भएको अवस्थामा नारायणी संघीय अस्पताल वीरगन्जमा उपचार गराइरहेको अवस्थामा प्रहरीले विशेष सुचनाको आधारमा फेला पारेको हो । प्रहरीले उनीसित बयान लिन पाएको छैन् । नारायणी अस्पतालमा उपचार हुन नसकी उनलाई न्यूरो अस्पतालमा थप उपचारको लागि पठाइएको हो । ‘तिनै जनाको घाँटी रेटेर हत्या गरिएको छ,’ प्रहरी निरिक्षक नरेन्द्र बोगटीले भने ।

"शैक्षिक शत्रः २०७९/०८० मा अध्ययन गर्नका लागि"
भर्ना हुने सुवर्ण अवसर
कार्यक्रम
☞PCL Medical Lab Technology
☞PCL Radiography
सीट सिमित छ
(PCL तहको कुनै पनि स्वास्थ्य क्षेत्रको प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीहरुले यथासिघ्र सम्पर्क गर्नुहोला)
Yeti Health Science Academy
(CTEVT बाट मान्यता प्राप्त)
कान्तिमार्ग, महाराजगञ्ज, काठमाडौं ।
(कान्ति बाल अस्पताल नजिक) www.yhsa.edu.np
फोनः ४५२८३४९, ४५१८१३४, ४५२०१०२, मो. ९८५१११८९१०

JOB ANNOUNCEMENT
First date of publication: 13 October 2022

United Nations Development Programme (UNDP) Nepal works with the people and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundations for a society based on rule of law with an inclusive and participatory democracy.

UNDP Nepal is seeking applications from qualified and result oriented Nepalese citizens for the following assignment:

S.No.	Position Title	Level	Number of Positions	Duty Station	Application Deadline
1.	Project Operations Associate (Short Term NPSA)	NPSA 6	1 (One)	Kathmandu	20 October 2022

Weblink for application: http://www.np.undp.org/nepal/jobs.html

Only short-listed candidates will be contacted. UNDP retains the right to contact referees directly.

UNDP is committed to achieving workforce diversity and has the policy to have gender balance among staff at all levels. Work experience and/or academic knowledge in relation to gender and social inclusion will be an added advantage. Qualified Women, Dalits, Janjatis, Madhesis, Persons with Disabilities, gender and sexual minorities, and other minorities are especially encouraged to apply.

United Nations has a zero-tolerance against Sexual exploitation and Abuse (SEA) and sexual harassment (SH). Everyone is responsible for preventing sexual exploitation and abuse and sexual harassment (PSEA and SH), and all UN personnel must adhere to the standards of conduct that preserves PSEA principles (both during work hours and outside work hours). All selected candidates will, therefore, go through a safe hiring process.

All applications will be treated with highest confidentiality.

प्रदेशमा खेल, केन्द्रको खटन

नवौं राष्ट्रिय खेलकुद हुँदै गर्दा गण्डकीमा कुनै खेल पूर्वाधार नथपिएकामा गुनासो

दीपक परियार (पोखरा)

गण्डकी प्रदेशमा भइरहेको नवौं राष्ट्रिय खेलकुदअन्तर्गत खेल सामग्री तथा पोसाक व्यवस्थापन उपसमितिको सदस्यमा मनोनीत गरिएको पत्र बुधबार खेलकर्मी खगेन्द्र क्षत्रीले पाए। प्रतियोगिताको औपचारिक उद्घाटन हुनुभन्दा दुई दिनअघि आएको पत्रको उनले राष्ट्रिय खेलकुद परिषद् (राखेप) लाई जवाफी पत्र लेखे। उपसमितिको सदस्य चुनेकोमा धन्यवाद व्यक्त गर्दै उनले आफू समितिमा बस्न इच्छुक नरहेको पत्र पठाए।

गण्डकी प्रदेश खेलकुद परिषद्का सदस्यसमेत रहेका क्षत्रीले राखेपको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै पत्र बुझेकै दिन समितिको सदस्यबाट राजीनामा दिएका हुन्। 'खेल नै सुरु भइसकेको अवस्थामा राख्नका लागि मात्रै किन राखियो भन्ने मेरो प्रश्न हो,' उनले भने, 'काम के हो, भूमिका के हुने हो केही थाहा छैन। उपसमिति बनाउने बेलामै गण्डकीका अगुवा खेलकर्मीलाई समितिमा राखेको भए अपनत्व महसुस हुन सक्थ्यो।' खेल सामग्री तथा पोसाक खरिद भइसकेको र अहिले नामका लागि मात्रै समितिमा बस्दा अनियमितताको पनि साक्षी बस्नुपर्ने भय उनलाई छ।

राष्ट्रिय खेलकुद गण्डकीमा हुँदै गर्दा एउटा पनि खेल पूर्वाधार नथपिएकामा पनि गण्डकीका खेलकर्मी असन्तुष्ट छन्। पोखरा रंगशालामा पौडी पोखरी नहुँदा एक निजी विद्यालयमा प्रतियोगिता गर्नुपरेको छ। सुटिङ रेन्जको अभावमा काठमाडौंमा खेल हुँदै छ। हक्कीको मैदान पनि रंगशालाभित्र छैन। पर्याप्त भौतिक व्यवस्थापन नहुँदा प्रतियोगिताहरू जति नजिकिँदै छन्, त्यति नै आयोजकलाई भौतिक व्यवस्थापन गर्न हम्मेहम्मे परेको छ।

पुरुष तथा महिला हक्की प्रतियोगिता बिहीबारदेखि लामाचौरको गण्डकी बोर्डिङ र हेम्जाको गौरीशंकर खेल मैदानमा हुँदै छ। गौरीशंकरमा हक्कीका लागि मैदान तयार गर्न बुधबार बल्ल घाँस काट्न सुरु गरिएको छ। नेपाल हक्की संघका केन्द्रीय उपाध्यक्ष हिमाल खड्का अघिल्लो रातिसम्म गौरीशंकर खेल मैदानको मर्मतसम्भारमै खटिएका थिए। बिहीबारको खेलका लागि रातभर काम गरेर मैदान तयार गरेको उनले बताए। 'समयमा खेल मैदान व्यवस्थापनतर्फ सम्बन्धित निकायले ध्यान दिएन,' उनले भने, 'मैदानमा अहिले भर्खर काटिएका घाँसका ठुटाहरू र स-साना ढुंगाका टुक्राहरू जतातै छन्। खेलाडीलाई कसरी खेलाउने ?' स्थानीय तह, खेल व्यवस्थापकलगायत सम्बन्धित निकायबीच समन्वय नभएकाले यसपल्टको राष्ट्रिय खेलकुदमा दयनीय अवस्थाका भौतिक पूर्वाधारबाट प्रतियोगिता गराउनुपरेको भन्दै उनले दुःख व्यक्त गरे।



नवौं राष्ट्रिय खेलकुदको रिहर्सलका क्रममा विद्यार्थी तथा सुरक्षाकर्मी। *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

प्रदेश खेलकुद परिषद् सदस्य क्षत्री पूर्वाधारका नाममा एउटा छानो पनि नबन्नु गण्डकी प्रदेशकै लागि दुःखदायी भएको बताउँछन्। म्यादीमा स्थानीय तहले लगानी गरेर भलिबल कोर्ट बनाए पनि राखेपले टिकट काटेर रकम उठाउन खोजेको उनले बताए। 'जुन स्तरका खेल पूर्वाधार बनाएर प्रतियोगिता गर्नुपर्ने हो, त्यो भएको छैन। अहिले गण्डकीमा कम्तीमा ४०-५० वर्ष धान्ने संरचना बन्नुपर्ने हो,' उनी भन्छन्, 'केही हजार खेलाडी भेला पारेर, सिटी फुकेर मात्रै राष्ट्रिय खेलकुद हुँदैन। कम्तीमा मैदानमा उभिएर राष्ट्रिय गान गाउँदा खेलाडीको छाती गर्वले फुल्ने किसिमको संरचना हुनुपर्छ।' राष्ट्रिय खेलकुदको उपसमितिमा रहेका गण्डकीकै अगुवा खेलकर्मीको फितलो प्रस्तुतिले प्रदेश र राखेपबीच समन्वय हुन नसकेको उनको तर्क छ।

नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य ऋषिराम गौतमले पनि बुधबार राष्ट्रिय खेलकुदको सुरक्षा उपसमिति सदस्यमा चयन गरिएको पत्र पाए। गण्डकीमा राखेप र प्रदेशबीच समन्वय नभएकामा असन्तुष्टिका स्वर सुनिन थालेपछि बाध्य भएर विभिन्न समितिमा उपसमिति थपिएको उनी बताउँछन्। 'उपसमितिका ३ जना संयोजकबाहेक गण्डकी प्रदेशलाई नसमेटिएपछि रंगशालाको गेटमा कालो झन्डा टाँस्ने तयारी थियो,' उनले भने, 'सायद त्यसैलाई सम्बोधन गर्न अन्तिम समयमा उपसमितिमा धमाधम सदस्य थप्ने काम भएको छ। यो नाटक मञ्चन नै हो।' राष्ट्रिय खेलकुद व्यवस्थित गर्ने सन्दर्भमा पनि भद्रगोल भएको उनले महसुस गरेका छन्। 'खेलाडीले दुई सेट जर्सी नपाएर प्रतिस्पर्धीसँग रङ जुधे पनि कलमले केरेर, टेप टाँसेर, बिब्स लगाएर खेल्नुपरेको छ,' उनले भने, 'खेलाडी बस्ने होटल व्यवस्थित छैन। समस्या राख्दा एउटाले अर्कोलाई, अर्कोले अर्कोलाई देखाउने प्रवृत्ति छ।' नवौं राष्ट्रिय खेलकुदलाई उत्सवका रूपमा मनाउनुपर्ने भए पनि गण्डकीले अपनत्व महसुस गर्न नसकेको उनी नकार्दैनन्।



गण्डकी प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङ राखेपले केन्द्रका खेल संघलाई बढी जिम्मेवार दिँदा समस्या निम्तिएको बताउँछन्। कतिपय व्यवस्थापकीय विषय पनि सोझै काठमाडौंबाट हुँदा चुस्त व्यवस्थापनमा कठिनाइ भएको उनको अनुभव छ। 'केन्द्रका खेल संघले प्रदेश र जिल्लाका संघसँग सहकार्य गरेर काम गर्नुपर्ने हो,' उनले भने, 'प्रदेशमा खेल तर खटनपटन केन्द्रको हुँदा समस्या निम्तियो।' राखेपले पोखरा रंगशालामा नवौं राष्ट्रिय खेलकुदको सचिवालय स्थापना गरेपछि भने समन्वय केही मात्रामा बढेको उनले बताए।

राष्ट्रिय खेलकुदको अनुसन्धान उपसमितिमै छन्, गण्डकीका अगुवा खेलकर्मी हरि पराजुली। तर प्रतियोगिताको व्यवस्थापन उनैलाई चित्त बुझेको छैन। अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा खेलाडी तयार गर्ने उद्देश्यले गरिने राष्ट्रिय खेलकुदको तयारी नै फितलो भएको उनी बताउँछन्। 'व्यवस्थित रूपमा खेलाडी छनोट नै भएन,' पोखरामा भएको दोस्रो राष्ट्रिय खेलकुदमा गण्डकीबाट भलिबलमा स्वर्ण पदक विजेता उनले भने, 'एकदमै हतारहतारमा छानिएर आएका खेलाडीमा उत्साह पनि कम हुन्छ।'

राखेपले राष्ट्रिय खेलकुद हुने स्थलका लागि पर्याप्त बजेट विनियोजन नगरेको र तयारी खर्चसमेत थोरै मात्रै दिएकोमा गण्डकीका युवा तथा खेलकुदमन्त्री राजीव गुरुङ असन्तुष्ट छन्। राष्ट्रिय खेलकुदअन्तर्गत संघ सरकारको बजेटबाट विशेष गरी पूर्वाधार निर्माणको क्षेत्रमा राखेपले लगानी नगरेकामा उनले असन्तुष्टि व्यक्त गरे। 'संघले ६० करोड रुपैयाँ छुट्याएको छ भन्छ तर यहाँ एक पैसा खर्च गरेको छैन,' उनले भने, 'जहाँ खेल हुन्छ, त्यो प्रदेशमा कम्तीमा १०-१५ करोडको संरचना बनाउनुपर्ने हो। संसारभर त्यही हुन्छ। नवौं राष्ट्रिय खेलकुदलाई छुट्याएको रकम यहाँ आउनुपर्छ। प्रत्येक प्रदेशलाई तयारीका लागि ५-६ करोड रुपैयाँ दिनुपर्थ्यो।'

सम्झनाको सम्झनलायक ब्याटिङ

ध्रुव तुलाधर (पोखरा)

पोखराको मौसम बुधबार निकै खुलेको छ। अघिल्ला दिनहरूमा हल्का वर्षा भइरहेको थियो। त्यसले गर्दा नवौं राष्ट्रिय खेलकुदको महिला क्रिकेटका सुरुआती खेल प्रभावित भए। बुधबार जसरी आकाश खुलेको थियो, त्यसरी पोखरा क्रिकेट मैदानमा सम्झना खड्काको ब्याट खुलेको थियो।

उनको ब्याटबाट लगातार चौका र रन निस्किरहयो। ४३ बल सामना गर्दा उनले १० चौका प्रहार गरिन् भने कुल ६० रन बटुलिन्। प्रतियोगिताकै पहिलो अर्धशतक सम्झनाकै नाममा रह्यो। उनकै गतिलो अर्धशतकमा नेपाल पुलिस क्लबले प्रदेश १ विरुद्ध १ सय १८ रनको जित निकालेको थियो। यो पुलिसको लगातार दोस्रो जित हो। दुवै खेलमा सम्झनाले उच्च प्रदर्शन दिइन्। पहिलो खेलमा उनले कर्णाली प्रदेशविरुद्ध २१ बलमा २५ रन जोड्दा दुई चौका प्रहार गरेकी थिइन्।

यिनी बझाङकी खेलाडी हुन्। २०७१ सालदेखि क्रिकेट खेल्दै आएकी यसअघि सुदूरपश्चिम टिममा थियो। उनले विभागीय टिमबाट पहिलोपल्ट राष्ट्रिय खेल्दै छिन्। त्यसो त उनको टिम नेपाल पुलिस क्लब पनि पहिलोपल्ट राष्ट्रिय प्रतियोगिता खेलिरहेको छ। जसको कप्तानी रुबिना क्षत्रीले गरिरहेकी छन्। आधा दर्जनभन्दा धेरै राष्ट्रिय समेटेर पुलिस क्लबले महिला क्रिकेट टिम खडा गरेको हो। काजल श्रेष्ठ, कविता कुँवर, सवनम राई, अप्सरी बेगम, हिरणमयी रोयजस्ता खेलाडी टिममा छन्।

कप्तान रुबिना र सम्झना दुवैको लक्ष्य पहिलो सहभागितामै पुलिस क्लबलाई राष्ट्रिय खेलकुदको स्वर्ण दिलाउनेछ। दुई खेल जितेपछि टोलीको मनोबल उकासिएको र आफूले सक्दो प्रदर्शन गरेको सम्झना बताउँछिन्। आफ्नो मुख्य लक्ष्य टिमलाई उपाधि दिलाउनु रहेको सुनाइन्।

'पहिलो अर्धशतक बनाउन पाएँ, त्यसमा निकै खुसी छु,' ब्याटर सम्झनाले भनिन्, 'क्रिजमा पूरै समय बिताउँछु, राम्रो खेल्छु, टिमलाई जित दिलाउँछु भनेर गएको थिएँ, त्यस्तै प्रदर्शन दिने सकें।' दुवै खेलमा राम्रो प्रदर्शन दिन सक्नुमा आफ्नै कडा मिहिनेत रहेको उनले सुनाइन्। दुवैमा सम्झना प्लेयर अफ द म्याच भएकी थिइन्। टिममा प्रशिक्षक र अनुभवी खेलाडीहरूको साथ पाएकाले पनि खेल्न सजिलो महसुस भइरहेको उनले सुनाइन्। उनको लक्ष्य टिमलाई च्याम्पियन बनाउनु र आफू उत्कृष्ट ब्याटर बन्नु रहेको छ।



प्लेयर अफ द म्याचको ट्रफी लिएपछि सम्झना खड्का (माथि)। लुम्बिनी प्रदेशकी लक्ष्मी चौधरी ब्याटिङ गर्दै। *तस्बिर : कान्तिपुर*

सम्झनाको प्रदर्शनबाट कप्तान रुबिना पनि दंग थिइन्। उनले भनिन्, 'घरेलु क्रिकेटमा ऊ (सम्झना) जत्तिको ब्याटर पाउनु देशकै लागि पनि खुसीको कुरा हो।'

उसले गर्दा आफ्नो टिमको ब्याटिङ लाइनअप राम्रो भएको रुबिनाले स्विकारिन्। कप्तान रुबिनाले भनिन्, 'यो भनेको गोल्डेन अवसर हो। ऊ मिहिनेती खेलाडी पनि हो। प्लेयर जब लगनशील भएर प्रदर्शन गर्छ उसले नतिजा पनि दिन्छ। उसले काठमाडौंमा आएर १-२ महिनादेखि आफ्नै प्रयासमा आएर प्रशिक्षण गरिरहेकी छे। मिहिनेत गऱ्यो भने एउटा लेभलमा आएर त्यसमा प्रभाव देखिन्छ भन्ने सन्देश सम्झनाले दिएकी छन्।'

दुई खेल जितेको पुलिसको सेमिफाइनल सुरक्षित भएको छ। समूह 'बी' मा पुलिस २ खेलमा ४ अंकसहित शीर्षस्थानमा छ। पहिलो खेलमा कर्णाली पुलिससँग पराजित भएको थियो। लुम्बिनी र प्रदेश १ को खेल वर्षाका कारण सम्भव नभएपछि दुवैले अंक बाँडेका थिए। वर्षाकै कारण आर्टिफिसियल म्याट बिछ्याएर पहिलो दिनको खेल खेलाउनुपरेको थियो।

बुधबार पुलिसले प्रदेश १ लाई १ सय ५९ रनको लक्ष्य दिएको थियो। प्रदेशले २० ओभर खेले पनि ८ विकेट गुमाएर ४० रनमात्र बनाउन सक्यो। प्रदेशबाट कप्तान सानु राजवंशी र ओपनर ललिता राजवंशीले समान ११ रन जोडे पनि अरू ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्।

पुलिसका लागि हिरनमयीले ३, कविता जोशी, सवनम र कविताले समान एक विकेट लिए। त्यसअघि टस हारेर ब्याटिङ गरेको पुलिसले २० ओभरमा ३ विकेट गुमाएर १ सय ५८ रन खडा गरेको थियो। यो जारी प्रतियोगिताको ठूलो स्कोर पनि हो। पुलिसबाट सम्झनाबाहेक ओपनर कविता कुँवरले ३७ र कप्तान रुबिनाले अविजित १६ रन जोडे। प्रदेश १ की निशा शाहले एक विकेट लिइन्।

समूह 'बी' को अर्को खेलमा लुम्बिनीले कर्णाली प्रदेशमाथि १ सय ४ रनको जित पाएको छ। लुम्बिनीले प्रस्तुत गरेको १ सय २८ रनको लक्ष्य पछ्याएको कर्णाली ८.३ ओभरमात्र टिक्न सक्यो। टोलीले २३ रनमात्र बनायो। कर्णालीका कुनै खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्। उनीहरूलाई सस्तैमा रोक्न लुम्बिनीका मधु डीसीले ४, कृतिका मरासिनीले २ र सुस्मिता भुसालले एक विकेट लिए।

त्यसअघि टस जितेको लुम्बिनीले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय २७ रन खडा गऱ्यो। ओपनर लक्ष्मी चौधरीले ३१, कप्तान सरस्वती जीएमले ३०, सुस्मिता बजगाईं र मधुले समान १२ रन बनाए। कर्णालीकी अञ्जु गुरुङले २ र एन्जिला क्षत्रीले एक विकेट लिए।

लुम्बिनी ३ अंक लिएर पुलिसभन्दा पछाडि दोस्रो स्थानमा छ। प्रदेश १ भने १ अंकसहित तेस्रो स्थानमा छ। कर्णाली भने अंकविहीन छ।

वाग्मतीलाई फेन्सिङमा थप दुई स्वर्ण

पोखरा (कास)- नवौं राष्ट्रिय खेलकुदमा फेन्सिङमा वाग्मती प्रदेशले बुधबार दुई स्वर्ण पदक थपेको छ। पोखरा रंगशालास्थित कभर्डहलमा पुरुष फोयल टिम इभेन्टमा वाग्मतीले आर्मीलाई ४५-३५ अंकले पराजित गर्दै स्वर्ण जितेको हो। वाग्मतीले महिला सावर टिम इभेन्टमा पनि स्वर्ण जितेको थियो। सावरमा पनि वाग्मतीले आर्मीलाई नै हराएको हो। नवौंमा फेन्सिङमा जितेको यो चौथो स्वर्ण हो।

पुरुष फोयल इभेन्टमा सुदूरपश्चिम र प्रदेश १ ले कांस्य पदक हात जितेका छन्। फेन्सिङमा प्रदेश १ को पहिलो सहभागिता हो। महिला इपीमा भने आर्मीले स्वर्ण जितेको थियो। आर्मीले एपीएफलाई ४५-४० अंकले हरायो। प्रदेश १ र सुदूरपश्चिम कांस्यमा सीमित भए। फेन्सिङको पदक तालिकामा वाग्मती प्रदेश शीर्षस्थानमा उक्लेको छ। वाग्मतीले ४ स्वर्ण, १ रजतसहित ५ पदक जितेको छ। आर्मीले ३ स्वर्ण, ५ रजत र ६ कांस्यसहित १४ पदक जितेको छ।



स्वर्ण विजेता वाग्मती टोली। *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

गण्डकीको तेस्रो जित

नवौं राष्ट्रिय खेलकुदमा पुरुष ह्यान्डबल खेलमा गण्डकीले तेस्रो जित निकालेको छ। पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा बुधबार भएको खेलमा गण्डकीले वाग्मती प्रदेशलाई ३२-१४ गोलले हराएर ३ अंक बटुलेको छ।

लगातार ३ खेल जितेको गण्डकीले कुल ९ अंक बटुलेको छ। गण्डकीका विशाल बस्नेतले सर्वाधिक ६ गोल गरे। महिला ह्यान्डबलमा वाग्मतीले जित निकालेको छ। जितसँगै वाग्मतीले महत्त्वपूर्ण ३ अंक बटुलेको छ। मधेसकी सुजाता सिंहले सर्वाधिक ४ गोल गरिन्।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेड

KMG KANTIPUR MEDIA GROUP

आवश्यकता

यस पब्लिकेशन्स्को बजार प्रवर्द्धनका लागि निम्नानुसार कर्मचारी आवश्यक परेकाले सेल्समा रुचि भएका इच्छुक उम्मेदवारहरूले निम्न स्थानमा आवेदन दिनुहुन अनुरोध गरिन्छ।

- **काठमाडौं - ३० जना (पुरुष/महिला)**

आवेदन दिने अन्तिम मिति:- २०७९ कार्तिक ३ गते

कान्तिपुर पब्लिकेशन्स् लिमिटेड
सेन्ट्रल बिजनेसपार्क, थापाथली, काठमाडौं
फोन नं.: ०१-५१३५०००
E-mail: sales@kmg.com.np

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रवन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, सम्पादक : उमेश चौहान, प्रधान सम्पादक : सुधीर शर्मा

वामपन्थी किल्ला भत्काउने र जोगाउने होड

चन्द्र कार्की (तेह्रथुम)

वामपन्थीको उर्वर भूमिका रूपमा चिनिने तेह्रथुममा एमाले किल्ला जोगाइराख्ने अनि सत्ता गठबन्धन त्यसलाई भत्काएर नयाँ इतिहास रच्ने दाउमा छन् ।

एमालेले केन्द्रीय राजनीतिमा पहुँच बनाएका एमाले निर्वाचन आयोगका अध्यक्षसमेत रहेका डा. विजय सुब्बालाई उम्मेदवार बनाएको छ । उनी यसअघि दुई पटकसम्म जिल्लाबाट निर्वाचित भइसकेका नेता हुन् । गीतसंगीतमा राम्रो दखल भएका सुब्बा जनताका सुखदुःखका गीत गाउने नेताका रूपमा पनि चिनिन्छन् । जिल्लामा पढेलेखेका नेताका रूपमा चिनिएका उनको आकर्षक व्यक्तित्वका कारण पनि धेरै कार्यकर्ता पछि लाग्छन् । तर सुब्बाले बीचमा केही वर्ष पार्टी छाडेका कारण पुराना एमाले कार्यकर्ताले उनलाई अवसरवादी नेताका रूपमा पनि चित्रण गर्छन् ।

कांग्रेसले भने यस पटक पनि अघिल्लो निर्वाचनकै प्रतिस्पर्धी सीता गुरुङलाई उठाएको छ । सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा निकट गुरुङ केन्द्रीय राजनीतिमा समेत पकड राख्ने नेतृ हुन् । भौतिक पूर्वाधार तथा यातायात पूर्वराज्यमन्त्री समेत भइसकेकी गुरुङ जिल्लामा विकासप्रेमी नेतृको रूपमा चिनिन्छिन् । २०७४ को चुनावमा गुरुङ नेकपा एमालेका भवानीप्रसाद खापुङसँग २ हजार २१ मतले पराजित भएकी थिइन् ।

स्थानीय तह निर्वाचनमा ६ मध्ये ३ वटा जितेको कांग्रेस प्रतिनिधिसभा सदस्य निर्वानमा पनि वर्चस्व कायम गर्न चाहन्छ । जिल्लाको राजनीतिमा सशक्त मानिएका हालका स्वास्थ्यमन्त्री खापुङ यस पटक एमालेमा नभएकाले गुरुङका लागि आगामी निर्वाचन केही सहज हुन सक्ने कांग्रेसको बुझाइ छ । 'एमालेका उम्मेदवारसँग जुध्न ठूलै तयारी साथ कांग्रेस चुनावी मैदानमा होमीएको छ,' कांग्रेस सभापति अर्जुन तुम्बाहाङफेले भने । बहुदलीय व्यवस्था आउनुभन्दा केही समय अघिदेखि हालसम्म जिल्लाको अधिकांश मत वामपन्थीकै पक्षमा देखिएको छ । २०४३ को निर्वाचनमा पनि वामपन्थीले जनपक्षीय नेताका नाममा कुनै समय राप्रपाका महामन्त्री भइसकेका पर्शुराम खापुङलाई जितेका थिए । खापुङ अहिले प्रदेश १ प्रमुख छन् । त्यसयता २०४८, २०५१ र २०५६ को निर्वाचनमा वामपन्थीले तेह्रथुममा कब्जा नै जमाएको थियो ।

त्यसपछि २०६४ मा भएको पहिलो संविधानसभा निर्वाचनमा भने राप्रपा त्यागेर स्वतन्त्र हुदै कांग्रेस छिरेका तुलसी सुब्बाले वामपन्थीको किल्ला भत्काएका थिए । पञ्चायतदेखि नै मुख्य राजनीतिक प्रतिस्पर्धी ठानेको वाम शक्तिलाई हराए पछि जिल्लाको राजनीतिमा उनी निकै हावी भए । २०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनमा तिनै सुब्बालाई पछार्दै एमाले पुनः आफ्नो किल्ला सुरक्षित गर्न सफल भयो । पञ्चायतदेखि नै जिल्लामा सुब्बालाई मुख्य राजनीतिक प्रतिस्पर्धी ठानेको एमालेले यस पटक उनको उम्मेदवारी नपरेकाले जित पक्का देखिरहेको छ ।

स्थानीय तह निर्वाचनमा पनि एक नगरपालिकासहित दुई गाउँपालिकामा सत्ता गठबन्धन दलको सहयोगमा कांग्रेस विजयी भएको थियो । स्थानीय तह निर्वाचनमा सत्ता सहयात्री दलसँग तालमेल गरी चुनाव लडेको कांग्रेसले सोचेजस्तो नतिजा निकाल्न सकेन । एमालेले एक्लै एक नगरपालिकासहित दुई गाउँपालिका जितेको थियो । स्थानीय तहका प्रमुखले प्राप्त गरेको मत जोड्दा कांग्रेस एमालेभन्दा १ हजार ३ सय ५९ मतले अगाडि छ । सत्ता गठबन्धन दलको सहयोगमा कांग्रेसले २३ हजार ६ सय ७७ मत प्राप्त गरेको थियो भने एमालेले २२ हजार ३ सय १८ मत प्राप्त गरेको छ ।

कांग्रेसले भने जिल्लामा एमालेले एकछत्र राज गरे पनि केन्द्रीय राजनीतिमा नेतृत्व स्थापित गर्न नसकेको आरोप लगाएको छ । केन्द्रीय राजनीतिमा स्थापित नेतृत्व गुरुङलाई जिल्लामा जिताउने अभियान साथ कांग्रेस लागेको सभापति तुम्बाहाङफले बताए । जिल्लामा वामपन्थीले चुनाव जित्ने र केन्द्रमा सरकार कांग्रेसले बनाउने गरेकाले जिल्लाको राजनीतिक तालमेल पटक्कै नमिलेको कांग्रेसको बुझाइ छ । त्यसैले कांग्रेस उम्मेदवारसहित मतदाताको घरदैलो चहार्न थालेको छ ।

पछिल्लो समय जिल्लाका मतदाता स्थिर नभएकाले पनि यसपालि मत आफ्नो पक्षमा आउने कांग्रेस उम्मेदवार गुरुङको विश्वास छ । 'मैले पदमा रहँदा होस् या नरहँदा, जहिल्यै पनि जिल्लावासीका लागि काम गरेको छु,' गुरुङले भनिन्, 'कामको आधारमा मतदाताले माया गर्नेमा ढुक्क छु ।' जिल्लामा ७१ हजार ९ सय ३३ मतदाता छन् ।

मोरङमा १० जनाले लिए उम्मेदवारी फिर्ता

मोरङ (कास)- प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता गराएका २ सय २६ मध्ये प्रतिनिधिसभातर्फका ३ र प्रदेशसभातर्फका ७ उम्मेदवारी फिर्ता भएका छन् । मोरङ (१) मा स्वतन्त्र उम्मेदवार सुजाता थापा, (४) का स्वतन्त्र उम्मेदवार गोकुलप्रसाद पोखरेल र (६) का लोकतान्त्रिक समाजवादी पार्टीका उम्मेदवार राजु मण्डल र जबंशीले उम्मेदवारी फिर्ता लिएका छन् ।

यसैगरी धनकुटाबाट ९ उम्मेदवारले मनोनयन दर्ता गराएकामा राप्रपा नेपालका अमुल राई, स्वतन्त्र उम्मेदवार गंगाराम गोइदेन र प्रदेशसभा क्षेत्र १ मा पाँचमध्ये राप्रपा नेपालका योगेन्द्र आलेले नाम फिर्ता लिएका छन् । प्रतिनिधिसभामा अब एमालेका राजेन्द्रकुमार राई, गठबन्धनबाट कांग्रेसका सुनिलबहादुर थापा, स्वतन्त्रबाट हेमराज भण्डारी, राप्रपाका कुमारबहादुर थापा, एकिकृत शक्ति नेपालका रमेश राई, संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्चका आर ामकुमार राई र मंगोल नेसनल अर्गनाइजेशनका विश्वमित्र लावती उम्मेदवार रहने छन् ।

त्यस्तै पाँचथरमा कांग्रेसका बागी खड्ग सुन्दर लावतीले उम्मेदवारी फिर्ता लिएका छन् । उनी पाँचथर प्रदेश (२) बाट सत्तारूढ गठबन्धनविरुद्ध उठ्न चाहेका थिए । अब पाँचथर प्रदेश (२) मा ८ जना चुनावी मैदानमा छन् । प्रदेश (१) मा २ स्वतन्त्रसहित १० र प्रतिनिधिसभा सदस्यमा ४ स्वतन्त्रसहित १५ गरी जम्मा ३३ जनाको उम्मेदवारी छ ।

त्यसैगरी खोटाङमा सत्ता गठबन्धनविरुद्धको उम्मेदवारी कांग्रेस नेता सर्वधन राई र सुवासकुमार पोखरेलले फिर्ता लिएका छन् । केन्द्रले जिल्लाको अपमान हुने गरी टिकट दिएको भन्दै उनीहरू बागी उठेका थिए । गठबन्धनबाट प्रतिनिधिसभामा उम्मेदवार माओवादीका रामकुमार राईविरुद्ध पूर्वपर्यटन राज्यमन्त्री राईले उम्मेदवारी दिएका थिए ।

संखुवासभामा एक स्वतन्त्र उम्मेदवार प्रदेशसभा प्रदेशसभा (१) का प्रेमबहादुर लिम्बूले नाम फिर्ता लिएका हुन् । दलका र स्वतन्त्र गरी प्रतिनिधि र प्रदेशसभामा २९ को उम्मेदवारी कायम छ ।

यस कम्पनीका पूर्व कर्मचारी श्री पुष्पा कार्कीसँग कम्पनीसँग सम्बन्धित कुनै पनि कारोबार नगर्ने/नगराउने सम्बन्धि सूचना

प्रकाशित मिति : २०७९/०६/२७

यस **सूर्या लाईफ इन्स्योरेन्स क. लि.** को साबिक धरान शाखामा कार्यरत श्री **पुष्पा कार्की** मिति २०७९/०१/११ गते देखि लागु हुने गरी यस कम्पनीको कर्मचारीको हैसियतमा नरहनु भएको र निजको यस कम्पनीमा कुनै पनि तवरमा आवद्धता नरहेकोले कम्पनीका सम्पूर्ण अभिकर्ता, बीमित तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निज श्री **पुष्पा कार्की**सँग कम्पनीसँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्न नगराउन सम्बन्धित सबैलाई सूचित गरिएको छ ।

साथै यस कम्पनीका सम्पूर्ण बीमित तथा अभिकर्ताहरुलाई कम्पनीसँग सम्बन्धित कुनै आर्थिक कारोबार गर्दा तत्कालै कम्पनीबाट जारी हुने आधिकारीक रसिद लिनु हुन समेत यसै सूचना मार्फत सूचित गरिएको छ । यस सूचनाको बर्खिलाप हुने गरी कोही कसैले आर्थिक तथा अन्य कारोबार गरेमा कम्पनी जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

Surya Life INSURANCE

सूर्या लाईफ इन्स्योरेन्स क. लि.

प्रधान कार्यालय: सानो गौचरन, काठमाडौं

फोन नं. : ०१४५२३७४३

यस कम्पनीका पूर्व कर्मचारी श्री प्रफुल श्रेष्ठसँग कम्पनीसँग सम्बन्धित कुनै पनि कारोबार नगर्ने/नगराउने सम्बन्धि सूचना

प्रकाशित मिति २०७९/०६/२७

यस **सूर्या लाईफ इन्स्योरेन्स क. लि.** को साबिक कुश्मा शाखामा कार्यरत श्री **प्रफुल श्रेष्ठ** मिति २०७९/०१/०२ गते देखि लागु हुने गरी यस कम्पनीको कर्मचारीको हैसियतमा नरहनु भएको र निजको यस कम्पनीमा कुनै पनि तवरमा आवद्धता नरहेकोले कम्पनीका सम्पूर्ण अभिकर्ता, बीमित तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निज श्री **प्रफुल श्रेष्ठ**सँग कम्पनीसँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्न/नगराउन सम्बन्धित सबैलाई सूचित गरिएको छ ।

साथै यस कम्पनीका सम्पूर्ण बीमित तथा अभिकर्ताहरुलाई कम्पनीसँग सम्बन्धित कुनै आर्थिक कारोबार गर्दा तत्कालै कम्पनीबाट जारी हुने आधिकारीक रसिद लिनु हुन समेत यसै सूचना मार्फत सूचित गरिएको छ । यस सूचनाको बर्खिलाप हुने गरी कोही कसैले आर्थिक तथा अन्य कारोबार गरेमा कम्पनी जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

Surya Life INSURANCE

सूर्या लाईफ इन्स्योरेन्स क. लि.

प्रधान कार्यालय: सानो गौचरन, काठमाडौं

फोन नं. : ०१४५२३७४३

Pokhara University
Faculty of Science and Technology

CENTRAL ENTRANCE EXAMINATION-2022
CALL FOR APPLICATION (Revised)

(First Date of Publication: 2079/5/19)

The Faculty of Science and Technology has been receiving online applications [both fee-paying and scholarship category] for **Master Level Admissions** in different programs for the year 2022. The last date of application submission has been extended to the date **2079/07/19.**

* For more information regarding eligibility criteria, quota distribution, entrance curriculum. Entrance guideline, application fees and Pokhara University scholarship rules please visit the website: **https://pu.edu.np/academics/faculties/fst/admission-notice.**
* Candidates are requested to deposit application fee in accounts of Faculty of Science & Technology PU of Kamana Sewa Bikas Bank Ltd **A/c No. 01713400026667000007.** Online Payments is available
* **For further information: Dean's Office Tel: +977-61504075, 9856035237, 9846260227**

Raleigh International Nepal

NOTICE FOR SALE OF VEHICLE

Raleigh International Nepal having a country office in Khumaltar-15, Lalitpur Nepal invites sealed bids for sale of vehicles mentioned below on "as is where is" basis.

SN	Vehicle Brand	Registration Number	Model
1	Toyota Fortuner Jeep - KUN51R-NKMSYX	BA 14 CHA 6429	2015
2	Tata Storme - Safari Storme VX LET 4×4	BA 15 CHA 2477	2016
3	Tata Storme - Safari Storme VX LET 4×4	BA 15 CHA 5450	2016
4	Hyundai Creta - 1.6 DSL SX + AT	BA 14 CHA7046	2015

Bid form will be available to the interested bidders upon submission of a request letter along with copy of citizenship and contact details at the address below as per following schedules including Saturday and Sunday. Raleigh International Nepal reserves the right to accept or reject any or all offers without assigning any reasons whatsoever.

Schedules:

Date of Bid Form Collection : 14 October 2022 to 18 October 2022 between 11:00 AM to 3:00 PM
Date of Vehicle Inspection : 17 October 2022 to 18 October 2022 between 11:00 AM to 3:00 PM
Date of Bid Form Submission : 19 October 2022 by 5:00 PM
Date of Bid Opening : 20 October 2022 at 11:00 AM

Bid form, vehicle inspection and additional information will be available at the following address.

Raleigh International Nepal
Country Office, Lalitpur-15, Khumaltar
Contact number: +977-01-5541254, +977-9808963025

वर्गीकृत विज्ञापन

घर जग्गा

ललितपुरमा घरजग्गा खरिदबिक्रीको लागि, 9851071590

भैसेपाटी सानो खोकनामा ३.५ आना जग्गा बिक्रीमा ९८१४८८४७५३

लपु भैसेपाटीमा नयांघर करिब ६-आना रु.४-करोड ५०-लाख, 9808180116

बौद्ध भोलडांडा न्युबंगला बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८

हाउसिङ्ग प्रोजेक्टमा ठुलोलगानीकर्ता तुरुन्तैचाहियो 9802315101

दक्षिणकाली बाँसबारी ८-आना घडेरी, धुलिखेल काभ्रे १५-रोपनी प्रतिरोपनी ५-लाख, 9851088899

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364 midaspropertydealer5@gmail.com

दहचोकमा प्रतिआना १०-लाखको दरले १७-आना जग्गा बिक्रीमा, 9851183369, 9861175400

बिशालनगर प्राइमलोकेसनको 0-14-2-0 कपन मिलनचोकनेर 0-6-0-0 9851027364

कोहलपुरमा २.२५-करोडको घर तथा १-करोड ४०-लाखमा २९-धुरजग्गा बिक्रीमा, 9851183369, 9861175400

जावलाखेलमा ०-९-३-२ जग्गा 9849449673, 9841287677

कलंकी दुर्गाकोलोनी नजिकै दुईआकर्षक बंगला-बिक्रीमा 9849003626

नुवाकोट हाइवेमा ६-०-८-०रोपनीको ५,००,०००।- ९८४३४४२३६१

घरजग्गा, बंगलो खरीद बिक्रीगर्न, 9813339738

नयांबानेश्वरमा ०-४-२-० आधुनीक बंगलो, 9843670264

गौरीघाटचोकको १रोपनीकर्मसियल जग्गाबिक्रीमा प्रतिआना ७५लाख 9851087273

भक्तपुर भाटभटेनी नजिक ०-६-०-० व्यावसायिक जग्गा 9849449673, 9841287677

बढ़ानिलकण्ठमा 0-10-2-0 जग्गा बिक्रिमा 9841011316

टोखा चण्डेश्वरीमा 0-4-2-0 जग्गा बिक्रिमा 9841011316

बाँसबारी काठमाडौंमा 0-6-2-0 मावनेको बंगला बिक्रिमा 9841011316

गोलढुंगामा 0-4-0-0 मावनेको साढेदुई तल्लाको नयाँघर बिक्रिमा 9841011316

गोकर्ण नयाँपाटीमा 0-4-0-0 जग्गा बिक्रिमा 9841011316

सवारी साधन

2013 फोर्सको कार्गो भ्यान बिक्रीमा, Rs.8,00,000/-, 9810202077

Fresh Ashok-leyland Dost 18-lot cargo van on sale 9841208255

सम्पर्क

बैक Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

विदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

Bank Deposite धितोफुकुवा गर्नपरेमा 9851161202

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

ठुलो कन्सल्टेन्सीलाई पार्टनर चाहियो ९७६२३४०५५१

विदेशमा लामो समय काम गरेर फर्केपछि नेपालमा नै नाफामुलक व्यवसाय शुरुगर्न चाहेमा हामी तपाइलाई परामर्श र सहयोग गर्छौं,सम्पर्क: MPC, 9841124415, 014419781

विविध बिक्रीमा

काठमाडौं सामाखुसीमा चलिरहेको Education Consultancy, Teachers Bank विषेशछुटमा तु.बिक्रीमा ९८५१०५३९९७

चलेको ममपसल तुबिक्रीमा सोह्रखुट्टेचोक 9841323465

बागबजार एरियामा चलिरहेको न्यूजपोर्टल बिक्रिमा 9802356922

अफिसमा प्रयोग भएका फर्निचर सरल मूल्यमा ९८११८५५९६६

निर्माण सफाई

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलमंगाल, टवाईलेट जामखोल्ने सेफ्टीट्याङ्की 9840540700

सेफ्टीट्यांकी सफाई गाडीमा १५,००/- ९८४३७६८७३७

सेफ्टीट्यांकी सफाई ठुलोगाडीमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई 9841212244, 9841488132, 015182401

भाडामा

बत्तीसपुतली मेनरोडमा अफिसलाई फ्ल्याट 9841601845

नक्साल थिरबमसडकमा रहेको १०६६वर्गफिटको फ्ल्याट अफिसकोलागी लिन इच्छुक व्यक्ति तथा संस्थाले दररेट सहितको शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले सातदिनभित्र पेशगर्न आव्हान गरिन्छ भाडा दिने/नदिने सर्वाधिकार संस्थामा निहित हुनेछ 01-4514235, 9841379412

काठमाडौंमा घर, फ्ल्याट लिनुदिनु 9846578599

मध्यबानेश्वरमा अफिसियल फ्ल्याट खाली 9841659007

चाहियो

Captain, Witress, Accountant, Dishwasher, Guard, Momo Cook, Cleaner 9851154259

बिदेशकोलागी इण्डियन बेकरी, कन्टीनेन्टलकुक चाहियो ९७४९४११३४५

भू.प. सिभिल गार्डहरू चाहियो, 9803090961

Allrounder Cook -30K, Cook Helper 12-18K, Canten Cook 20K Location Lahan Siraha Contact: 9861393111, 9816331539

बानेश्वर क्यान्टिनमा कामगर्ने कुक, हेल्पर चाहियो, 9851144882

अलराउन्डर कुक, तन्दुरी कुक, जोरपाटी, 9841822568

कुक, लेडिज हेल्पर मसाल्ची, ९८१२९०६०२१

महिला कामदार चाहियो, खानेबस्ने सुविधा, ८०००, 9841566839

मित्रपार्कचोकैमा अफिसस्टाफ २२,५०० खाजाभाडापर्ति 01-4587878, 9810116530

English टाइपिङ्ग गर्नेमान्छे 20,500/– 9880592883, 014583414

क्यान्टिनलाई कुक, हेल्पर चाहियो पार्ट टाइम फुल टाईम, 9869091264

क्याफेको लागी कामदार तु.आवश्यक्ता कुक- १, वेटर- १, हेल्पर (अलराउण्डर)- १, कलंकी, 9818443779

सेक्युरीटी गार्ड तुअर्जेन्ट 18000-22000 9823005384

अनुभवी कुक हेल्पर वेटर मसाल्ची 9808166650 9841669436

क्याफेमा कुक हेलपर चाहियो खाना छ बस्ने छैन तलब, १०,०००/-, 9801055667

म:म मिस्त्री, हेल्पर चाहियो ९७४५२ ९६५६८, ९८०३२०९५०४

बानेश्वर स्कूलमा Helper चाहियो, 9851337258

लगनखेल म:म सेन्टरमा कामदारको आवश्यकता तलब १२,०००/- खानेबस्ने ९८०१८४१९२७, ९८०३३२०७५५

म्यानेजर १, कुक २, हेल्पर २, वेटर ३, 9823007548

बानेश्वर, कालीमाटीस्थित रेष्टुरेण्टलाई सम्पुर्ण कर्मचारीहरूको सेटचाहियो ९८५९१०८७७४४

राजधानी मिठाई पसलको लागी मिठाई मिस्त्री, कुक, वेटर चाहियो ९८५१०६५६०५, ९८४१८४५७७७

मममिस्त्री- १५,०००।- वेटर-१०,०००।- माछापोखरी 9841323465

अनुभवी कुक र वेटर पुतलीसडक ४५१७९५८

वेटर मसाल्ची १५,००० कुक ९८४१८५८५८५

घरायसी कामगर्ने महिला कामदार चाहियो ९८४१७१७१९६

क्यान्टिनको लागि कुक -५, वेटर -५ हाउसकिपिङ्ग -५ ९८०३२४२४२९

तु. आवश्यकता कुक, हेल्पर ९८५११३४७७८

कोटेश्वर अफिसलाई २१-कर्मचारी 9745306990, 9818056350

चक्रपथ कस्मेटिकमा १४-कर्मचारी 18,500/- खानेबस्ने व्यवस्था SEE/+2 9851228468, 9823865516

कस्मेटिकमा खानबस्नसहित कर्मचारी 16,500/- 9818061645

लेडिज स्पाथेरापिष्ट चाहियो ०१४५६८९४१, ९८०३२०४५०१८ बौद्ध

जडिबुटीमा रेष्टुरेन्टलाई कुक-२, वेटर/वेट्रस-४, डिसवासर-१ ९८४९२७६०४२

रेष्टुरेन्टमा कुक, वेटर, मसाल्ची 9861509877, 9851203987

सामाखुशी स्पामा लेडिज स्टाफ चाहियो ९८१८७६७४०४

रेस्टुरेन्टकोलागि वेटर, मसल्ची आवश्यकता 9851132506, 9841507525

स्टुडियोको लागी रेकर्डिष्ट चाहियो, 9851046922

भारतको गुजरात, अहम्दाबाद, भरुज, दैहेजको प्रतिष्ठित, औद्योगिक क्षेत्रभित्र सिभिल सेक्युरिटीगार्डहरूको अर्जेन्ट आश्यकता तलब -27,000-32000/- सम्पर्क:- 014916689, 9811108255

अफिसमा कामगर्ने लेडिज, मासुपसलमा कामगर्ने, कर्मचारी चाहियो मुलपानीवासीलाई प्रथमिकता 9861690959

टिचिङ अगाडी कुक चाहीयो 9803670327

डिस्को,क्लबमा बोन्सुर, महिला डान्सर, महिला होस्टेज, महिला रिसेप्सनीष्ट, सेक्युरिटिगार्ड, 9808238246

अलराउण्डर कुक-२ जना, वेटर-२ जना, बौद्धगेट अगाडि रुडवाड किचेन, 9843755937

पोल्ट्रीफर्ममा दुईजोडी कामदार बस्नेसुविधा तलबजोडिको-२३,०००।-, 9851057404

Trainer instructor Receptionist Marketing, 9749411345

म:म: मिस्त्री १७,०००।- कुक-२०,०००।- वेटर-१७,०००।- ०१५३२०४१२

घरायसी कामगर्ने महिलाहरू चाहियो १५,०००।- 9818852178

तन्दुरीकोलागि किचन कुक, वेटर, हेल्पर, डिसवासर ९८४३७६९२०५

न्युरोडस्थित सहकारीलाई काठमान्डौ मनपा सहित १०ओटै नगरपालिकाको लागी स्मार्टलेडिज अपरेसन मेनेजरहरू चाहियो तलब २५,००० स्थानियलाई प्राथमिक्ता ९८४१३२३३९७

कुक, हेल्पर, हाउसकिपिङ्ग चाँहियो खानाबस्नको सुविधाछ ९८४३२४२३११

फास्टफुड कुक, तन्दुरी-कुक मैतिदेवी 9849145602

चलिरहेको डेरी उद्योगकोलागि पार्टनरको आवश्यकता ९८१०३३२८२९

अलराउण्डर कुक, वेटर, मसाल्ची, बस्ने सुविधा, 9869028713

मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

मेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

भर्ना

प्राईभेट SEE,+2 ग्यारेन्टी किताब-भर्ना नि:शुल्क, 9860579477

BA/ MBA/ BBA/ B.Com/M.Com/BSW & MSW City Foundation Koteshwor, 9841206019

उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५९१४७८१०

बिहावारी

देशविदेशमा बस्ने उत्कृष्ट भविष्य भएका नेपालीहरूका लागि उपयुक्त बरबधु चाहिएमा सम्पर्क 9842981178 www.nrnmatch.com

प्रतिष्ठित ब्राह्मण परिवारको सम्बन्धविच्छेद समस्याबिहिन बालविशेषज्ञ डाक्टरकोलागि ४५वर्षमुनिको बधुचाहियो बच्चापनि स्वीकार्यहुनेछ Whatsapp +919924793749

शाक्य/बज्राचार्यमा २५देखि ३८वर्ष डाक्टर/इन्जिनियर, बैंकर्स स्वदेश-विदेश बरबधुमा सम्पर्क, 9865552528

वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

रिजन एड मिडिया एण्ड मार्केटिङ्ग	पेप्सीकोला/कोटेश्वर	०१-४५५३५३१, ५८५११७८८३०
जिरो मिडिया	अनामनगर	५७०५६५५
सुस्मिता क्लासिफाइड	नयाँबानेश्वर	०१-४१०४२३७, ५८५१०२११७२
सिद्धि गणेश एडभरटाइजिङ्ग	फुलबारी टोल, कपन	५८४१२८५४४७, ५८४३७८७५५६
युनिटेक आई.टी. सोलुसन	चुच्चेपाटी	५८४१३१५४४१
जयबागेश्वरी कम्युनिकेशन	जयबागेश्वरी	०१-५२४१०११, ५८६३३३७२१७
हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन	जमल	४२२४१८१, ४०१२५७७
पब्लिक कन्ट्याक्ट प्वाइन्ट	कालिमाटी	४६७४८०१, ५८४१६५५३५३
न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस	लगनखेल	५५४३५८२, ५८४१८३४५३४
भ्याली कम्युनिकेशन सर्भिस	महाराजगञ्ज	०१४३७२३३०, ५८४५५६५२५३
बि. एण्ड बि. कम्युनिकेशन	कलंकी	५२३४५३०, ५८४१०२१५२३
लोटस कम्युनिकेशन	गोंगबु, नयांवसपार्क	४३६४७५१
विडलिंक मिडिया	पु. बानेश्वरचोक	४४५२३०५, ५८४५५६०६१४
अनलाइन विज्ञापन सेवा	सिनामंगल	४४५१४१२, ५८५११२०१८०
पशुपति विज्ञापन सेवा	सोह्रखुट्टे चोक	५८६६४३०१५५, ५८१३६३५६०५
मरमिड	कलंकी	५२३४३४२, ५८४५४७५६७५
निशा बुक्स एण्ड स्टेशनरी	लगनखेल	५५३१५५७, ५८४१६२७४८५
सेढाई स्टेशनरी	बसुन्धरा	५८४६१७८२२८
नेपाल मिडिया कन्सर्ल्ट	सिफल	०१-४५७८१०३
सूर्य विनायक साइबर	भक्तपुर	५०५२६७४, ५८४१५७०८४१
डि. एण्ड डि एडभरटाइजिङ्ग	लुभु	५५८०४०६, ५५५४३३२
स्मार्ट इन्भेष्टमेन्ट	जोरपाटी	५८५१०८५२५३, ५७४१०१७२५३
प्रयास इन्टरप्राइजेज	बागबजार	४२४५१०८
किपु बुक प्वाइन्ट	कीर्तिपुर	४३३१७७५
कान्तिपुर सञ्चार सेवा	कमलपोखरी	४५१४५२२, ५८४१४७८६००
मिडिया वे प्रा.लि.	नयाँबजार	४३८७८५५, ५८४१५१७०४५
न्यु टिन्स स्टेशनरी	सातदोबाटो	५६१७७४५१०५, ५८४१३२३८२८
दीप सेवा कम्पनी	कोटेश्वर	४६०००७०
क्वीक कम्युनिकेशन सर्भिस	बालाजु	४५८३४५२, ४५८५४२६
गेटवे सञ्चार सेवा	सिनामंगल	५८०३७३५५८८, ५८५१०५३०७८
आर्क मिडिया	सुन्धारा	०१-५७१३५७१, ५८५१२२८२२८
भिजन एडभरटाइजिङ्ग	कलंकी	४०३२०४२, ५८५१०५६०४४
अदीति विज्ञापन सेवा	कौशलटार	५८५११२२३८१
माउण्टेन एर एड	एकान्तकुना, नख्खु	५५३३७६६, ५८४५६६५४६५
लुमिनेन्ट एड एजेन्सी	कुमारीपाटी	०१-५१७१२१६, ५८५११५५५२५
सुविधा डटकम	बनस्थली	४३५२७७२, ५८४१७११५१२
अंकुर मिडिया हाउस प्रा.लि.	गठ्ठाघर	६६३३५५८, ५८५११५२०५६
सेभेन24 प्रा.लि.	जावलाखेल, लपु	५५३५५२८, ५५४७७५७
मिडिया एडब	लाजिम्पाट	४००१०२५
सगरमाथा श्री मिडिया	बालकुमारी	५८४१५५४००७, ०१-५१००४७०
गणेश पुस्तक	कांकडभित्ता	५८४२६३३४०६, ०२३-५६३१०५
मुनाल पुस्तक पसल	गाईघाट	५८४२८७५५५५, ०३५-४२०१२५
श्रेष्ठ बुक्स एण्ड स्टेशनरी	दमक	०२३-५८४१२५, ५८४२६२०७५७
के.डि.ए. सप्लायर्स एण्ड एड	भरतपुर	०५६-५७२१०५, ५८४५१५५३६१
चितवन एडभरटाइजिङ्ग	भरतपुर	०५६-५३१००८, ५८५५०६३४०७

वर्गीकृत डिस्प्ले
श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

वर्गीकृत विज्ञापन
साधारण प्रति शब्द रू. ४५/-
बोल्ड प्रति शब्द रू. १००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktclassified@kmg.com.np

* मू.अ.क. बाहेक

वृद्ध मुसहर दम्पतीको बिजोग

शंकर आचार्य (पर्सा)


बुढेसकालको सहारा कुनै सन्तान सँगै नभएपछि यहाँका एक विपन्न वृद्ध दम्पतीको बिजोग छ। पर्सागढी नगरपालिका-५ जिङ्नाका ६५ वर्षीय पाहुन माझी र उनकी पत्नी ६० वर्षीया नथुनियाको बिजोग भएको हो। पाँच धुर ऐलानी जग्गामा रहेको जीर्ण छाप्रोमा यो दम्पती जसोतसो बसेका छन्। एक वर्षअघि पक्षाघात भएपछि पाहुनको शरीरको देब्रे भाग चल्दैन। उनी कान सुन्ने र राम्रोसँग बोल्न सक्दैनन्। उनलाई छिमेकीले बोकेर घरभित्र र बाहिर ल्याइदिन्छ। दम्पतीकै आँखा कमजोर रहेकाले उनीहरू राम्रोसँग देख्दैनन्।

शरीर चलुन्जेल पाहुनले मजदुरी गरेर घर चलाएका थिए। त्यसो त यो दम्पतीको दुई छोरा र दुई छोरी गरी चार सन्तान छन्। एउटा छोरा हिरालाल छिमेकी गाउँ देउरवानामा ससुरालीमा घर ज्वाइँ बस्न गएका छन्। कान्छा सुखाडी काठमाडौंमा रोजगारी बसेका छन्। शरीर कमजोर भइसकेकाले नथुनिया मजदुरी गर्न सक्दिनन्। 'शरीर गलिसक्यो बाबु, अब यो जीर्ण शरीरमा ताकत छैन, मिहिनेत मजदुरी गर्न सक्ने अवस्था छैन,' नथुनिया भन्छिन्, 'छिमेकीले अन्न दिए पकाएर खाइन्छ, नत्र भोकै बस्नुपरेको छ।'

आफूहरूको पीडा बुझ्दिने सहारा कोही नभएकाले अभाव र गरिबीको जीवन बाँच्नुपरेको उनले बताइन्। 'छोरीहरू विवाह गरेर गए, छोराहरू घरजम गरेर हिँडे,' उनले भनिन्, 'अब हामी एक-अर्कालाई भर भएका छौं, ढुंगालाई माटोको भर, माटोलाई ढुंगाको भरजस्तै।' उमेर नपुगी सकेकाले यो दम्पतीले सरकारबाट वृद्धभत्ता र पाहुनले अपांग भत्ता पाएका छैनन्। पाहुनको नागरिकता छ। नथुनियाले नागरिकता बनाएकै छैनन्। यो दम्पती बस्ने छाप्रोमा प्लास्टिकको छानो र प्लास्टिकका बोराको घेराबेरा छ। गर्मीमा दिउँसो घरमा बस्न सकिदैन। 'श्रीसम्पतीको नाममा रहेको यही एउटा प्लास्टिकको छाप्रोमा पनि कुनै रात सजिलै निदाउन पाइँदैन,' उनले भनिन्, 'वर्षको ३ सय ६५ दिनै हाम्रा लागि हरर्रात कष्टकर हुन्छन्।'

धनुषामा पुरानैबीच प्रतिस्पर्धा

सन्तोष सिंह (धनुषा)



धनुषामा उम्मेदवारी दर्तासँगै चुनावी माहोल तात्न थालेको छ। ४ प्रतिनिधिसभा र ८ प्रदेशसभा सदस्यका लागि हुने निर्वाचनका लागि विभिन्न दल तथा स्वतन्त्र उम्मेदवार प्रचारप्रसारमा जुटेका छन्।

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्लामा हेभिवेट नेताले उम्मेदवारी दिएकाले चुनावी माहोल बढेको छ। निर्वाचनको तयारीका लागि सत्तारूढ गठबन्धन र प्रमुख प्रतिपक्षी दलले बैठक, भेला र घरदैलो थालेका छन्। पाँच दलीय गठबन्धन र एमाले-जसपा गठबन्धनले धनुषाको सबै क्षेत्रमा चुनावी रणनीति बनाउन बैठक गरिरहेका छन्।

धनुषा क्षेत्र नं. १ को प्रतिनिधिसभा सदस्यका लागि माओवादी केन्द्रका सहमहासचिव मातृकाप्रसाद यादव चुनावी मैदानमा छन्। २०७४ को निर्वाचनमा तत्कालीन वाम गठबन्धनका उम्मेदवार बनेर विजयी भएका यादव यसपटक फेरि चुनावी मैदानमा छन्। गत निर्वाचनमा उनले २६ हजार ४ सय १८ मत ल्याएर निर्वाचित भए भने उनका निकटतम प्रतिद्वन्द्वी तत्कालीन संघीय समाजवादी फोरमका दीपक कार्कीले १७ हजार २ सय ९६ मत पाएका थिए। क्षेत्र नं. १ मा यादव र कार्कीसँगै जनमत पार्टीबाट किशोरी साह पनि उम्मेदवार छन्। गत निर्वाचनमा एमालेबाट प्रदेशसभामा निर्वाचित साह जनमत पार्टीबाट उम्मेदवार बनेका हुन्। क्षेत्र नं. १ मा यादव, कार्की र साहबीच त्रिपक्षीय प्रतिस्पर्धा देखिन्छ।

धनुषाको पूर्वीदक्षिण क्षेत्र नं. २ को प्रतिनिधिसभा सदस्यका लागि तीन पूर्वमन्त्रीसहित चार जना प्रतिस्पर्धामा छन्। नेपाली कांग्रेसबाट पूर्वकृषिमन्त्री रामकृष्ण यादव, एमालेबाट पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री उमाशंकर अरगरिया, नेकपा (एकीकृत समाजवादी) बाट पूर्वस्थानीय विकासमन्त्री रामचन्द्र झा र जनता समाजवादी पार्टी (जसपा) बाट गंगाराम यादव चुनावी प्रतिस्पर्धामा छन्।

गत निर्वाचनमा प्रतिनिधिसभामा संघीय समाजवादी फोरमबाट निर्वाचित अरगरियाले ३२ हजार ४४ मत ल्याएरका थिए। उनि अहिले एमालेबाट उम्मेदवार छन्। नेकपा (एस) का उम्मेदवार झा अघिल्लो निर्वाचनमा माओवादीबाट उम्मेदवार थिए। झाले १८ हजार ७ सय १५ मत प्राप्त गरेका थिए। कांग्रेसका उम्मेदवार यादवले गत निर्वाचनमा १५ हजार ४ सय ४२ मत ल्याएर तेस्रो स्थानमा थिए। क्षेत्र नं. २ मा नेकपा एमालेबाट राजनीति गर्दै आएका गंगाराम यादव जनता समाजवादी पार्टी (जसपा) बाट उम्मेदवारी दिएका छन्।

धनुषा क्षेत्र नं. ३ मा एमालेकी जुलीकुमारी महतो र लोसपाका अनिल झाबीच प्रतिस्पर्धा छ। धनुषामा ३ सय २२ मतदान स्थल र ६ सय ५ मतदान केन्द्र तोकिएका छन्। जिल्लामा २ लाख ५२ हजार ९ सय १५ पुरुष, २ लाख २१ हजार ६ सय ६५ महिला र अन्य ७ गरी कुल ४ लाख ७४ हजार ५ सय ८७ जना मतदाता छन्।

यस कम्पनीका पूर्व कर्मचारी श्री पुष्पा कार्कीसँग कम्पनीसँग सम्बन्धित कुनै पनि कारोबार नगर्ने/नगराउने सम्बन्धि सूचना

प्रकाशित मिति : २०७९/०६/२७

यस **सूर्या लाईफ इन्स्योरेन्स क. लि.** को साबिक धरान शाखामा कार्यरत श्री **पुष्पा कार्की** मिति २०७९/०१/११ गते देखि लागु हुने गरी यस कम्पनीको कर्मचारीको हैसियतमा नरहनु भएको र निजको यस कम्पनीमा कुनै पनि तवरमा आवद्धता नरहेकोले कम्पनीका सम्पूर्ण अभिकर्ता, बीमित तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निज श्री **पुष्पा कार्की**सँग कम्पनीसँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्न नगराउन सम्बन्धित सबैलाई सूचित गरिएको छ।

साथै यस कम्पनीका सम्पूर्ण बीमित तथा अभिकर्ताहरुलाई कम्पनीसँग सम्बन्धित कुनै आर्थिक कारोबार गर्दा तत्कालै कम्पनीबाट जारी हुने आधिकारीक रसिद लिनु हुन समेत यसै सूचना मार्फत सूचित गरिएको छ। यस सूचनाको बर्खिलाप हुने गरी कोही कसैले आर्थिक तथा अन्य कारोबार गरेमा कम्पनी जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

Surya Life INSURANCE

सूर्या लाईफ इन्स्योरेन्स क. लि.

प्रधान कार्यालय: सानो गौचरन, काठमाडौं

फोन नं. : ०१४५२३७४३

यस कम्पनीका पूर्व कर्मचारी श्री प्रफुल श्रेष्ठसँग कम्पनीसँग सम्बन्धित कुनै पनि कारोबार नगर्ने/नगराउने सम्बन्धि सूचना

प्रकाशित मिति २०७९/०६/२७

यस **सूर्या लाईफ इन्स्योरेन्स क. लि.** को साबिक कुश्मा शाखामा कार्यरत श्री **प्रफुल श्रेष्ठ** मिति २०७९/०१/०२ गते देखि लागु हुने गरी यस कम्पनीको कर्मचारीको हैसियतमा नरहनु भएको र निजको यस कम्पनीमा कुनै पनि तवरमा आवद्धता नरहेकोले कम्पनीका सम्पूर्ण अभिकर्ता, बीमित तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निज श्री **प्रफुल श्रेष्ठ**सँग कम्पनीसँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्न/नगराउन सम्बन्धित सबैलाई सूचित गरिएको छ।

साथै यस कम्पनीका सम्पूर्ण बीमित तथा अभिकर्ताहरुलाई कम्पनीसँग सम्बन्धित कुनै आर्थिक कारोबार गर्दा तत्कालै कम्पनीबाट जारी हुने आधिकारीक रसिद लिनु हुन समेत यसै सूचना मार्फत सूचित गरिएको छ। यस सूचनाको बर्खिलाप हुने गरी कोही कसैले आर्थिक तथा अन्य कारोबार गरेमा कम्पनी जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

Surya Life INSURANCE

सूर्या लाईफ इन्स्योरेन्स क. लि.

प्रधान कार्यालय: सानो गौचरन, काठमाडौं

फोन नं. : ०१४५२३७४३

Pokhara University
Faculty of Science and Technology

CENTRAL ENTRANCE EXAMINATION-2022
CALL FOR APPLICATION (Revised)

(First Date of Publication: 2079/5/19)

The Faculty of Science and Technology has been receiving online applications [both fee-paying and scholarship category] for **Master Level Admissions** in different programs for the year 2022. The last date of application submission has been extended to the date **2079/07/19.**

* For more information regarding eligibility criteria, quota distribution, entrance curriculum. Entrance guideline, application fees and Pokhara University scholarship rules please visit the website: **https://pu.edu.np/academics/faculties/fst/admission-notice.**
